२०५८ सहमति
(समुदाय र मानवता विकासका लागि प्रतिवद्ध संस्था)

ग्रामीण युवा विकास कार्यक्रम

AWO International e.V.

# युवा आवाज

वर्ष ६, अङ्क १, पूर्णाङ्क ११ (Year 6, Vol. 1, Issue 11) पौष २०७३ / 2016 YOUTH VOICE

**विशेष प्रकाशन**

## संस्थागत भनाइ

नवलपरासी जिल्ला बाहिरबाट हेर्दा तराई र भित्री मधेश भनेर चिनीएता पनि जिल्लाका १७ वटा गा.वि.स.हरू पहाडी क्षेत्रमा रहेका छन् । त्यस मध्ये एक नगरपालिकाको वार्ड नं. ३ र ५ वटा पहाडी गा.वि.स.हरू क्रमशः डाँडाझेरी, कोटथर, रतनपुर, अर्खला तथा बुलिङ्टार गा.वि.स.मा सहमति र AWO International Germany साझेदारीमा सञ्चालित ग्रामीण युवा विकास कार्यक्रमले समुदायमा आर्थिक विकास र जीविकोपार्जन, सुरक्षित आप्रवासन, स्थानीयस्तरमा रहेका सहकारी संस्थाहरूको र गैससहरूको संस्थागत विकास र सुदृढिकरण तथा २३८१ रोपनी क्षेत्रफललाई प्रांगारिक प्रमाणीकरण गर्न कार्यक्रम सफल भएको छ ।

यस अंकमा उल्लेखित सम्पूर्ण लेख रचना र सफलताका कथाहरूबाट साँच्ची नै आय आर्जनको क्षेत्रमा व्यवसायिकताको विकास, सामाजिक परिवर्तन, सुरक्षित आप्रवासन र श-सक्तीकरणको क्षेत्रमा कार्यक्रमले प्रत्यक्षरूपमा सकारात्मक परिवर्तन पारेको देखिन्छ । यस कार्यक्रमबाट प्राप्त उपलब्धि सिकाई र सफलताहरूलाई संस्थाद्वारा सञ्चालित अन्य कार्यक्रमहरूमा र सामाजिक विकासको क्षेत्रमा काम गर्ने सम्पूर्ण साझेदार संस्थाहरूमा आदानप्रदान गर्दै कार्यान्वयनमा लैजानका लागि आगामी दिनहरूमा यसले महत्त्वपूर्ण भूमिका निर्वाह गर्दै जाने छ ।



कार्यक्रमको हिसाबले यो अंक युवा आवाज अन्तिम प्रकाशन भएको हुँदा यस कार्यक्रमको सफलताका लागि विगतदेखि हालसम्ममा विभिन्न जिम्मेवारीमा रहेर आफ्नो भूमिका निर्वाह गर्नु हुने कर्मचारी, समुदायका सदस्यहरू, सहकारीहरू, युवा आप्रवासन सूचना केन्द्रहरू, गैससहरू, संस्थाका सम्पूर्ण सदस्य तथा पदाधिकारीहरू, सरकारी निकाय, साझेदार संस्था आवो इन्टरनेशनल र कार्यक्रमको अन्तिम अवस्थासम्म कार्यरत कार्यक्रमका सल्लाहकार श्री भीमप्रसाद शर्मा, कार्यक्रम प्रबन्धक श्री विनय ज्ञवाली, फिल्ड तथा कृषि संयोजक श्री अम्बिकाप्रसाद पौडेल, लेखापाल श्री प्रभा ढकाल, संस्थागत विकास सहजकर्ताहरू चन्द्रकान्त काफ्ले र विमला बस्याल, चालक सन्त बहादुर आलेलाई संस्थाको तर्फबाट हार्दिक धन्यवाद दिन चाहन्छु ।

होमनाथ सुवेदी
अध्यक्ष तथा
सहमति परिवार

## यसभित्र .....

- कविता, लेख तथा रचनाहरू
- वैदेशिक रोजगार सम्बन्धी लेखहरू
- सफलताका कथाहरू
- सहकारी तथा स्थानीय गैससहरु
- ग्रामीण क्षेत्रमा व्यवसाय गरेर स्वरोजगार भई बसेका युवाहरूका व्यक्तिगत अनुभवहरू

सम्पादक/प्रकाशक :
सहमति, ग्रामीण युवा विकास कार्यक्रम

प्रकाशन सहयोगी
AWO International e.V.

## युवा आवाज

वर्ष–६, अङ्क–१, पूर्णाङ्क–११

(पौष २०७३)

### संरक्षक

होमनाथ सुवेदी

अध्यक्ष, सहमति

### सम्पादन

विनय ज्ञवाली

अम्बिकाप्रसाद पौडेल

### विशेष सहयोगी

भीमप्रसाद शर्मा

प्रभा ढकाल

चन्द्रकान्त काफ्ले

विमला बस्याल

### प्रकाशन सहयोगी

AWO International e.V.

आवो इन्टरनेशनल

### पत्राचार तथा सुझावका लागि

सहमति

गैंडाकोट–५, नवलपरासी

फोन नं. : ०७८–५०२०९०, ५०२३७३

फ्याक्स : ०७८–५०२२७७

इमेल : sahamati@wlink.com.np

वेभसाइट : www.sahamati.org

### मुद्रण :

शुभकामना अफसेट प्रेस Shubhakamana Offset Press

शहीदचोक, नारायणगढ, फोनः ०५६–५७१७८५

इमेल : shubhakamanaoffsetpress@gmail.com


# सम्पादकीय..........

सहमति र AWO International Germany को साझेदारीमा सञ्चालित ग्रामीण युवा विकास कार्यक्रम सन् २००८ को जनवरीदेखि नवलपरासी जिल्लाको एक नगरपालिकाको वार्ड नं. ३ र ३ वटा पहाडी गा.वि.स.हरू क्रमश डाँडाझेरी, कोटथर, रतनपुरमा संचालन भईरहेको थियो भने सन् २०१४ देखि थप दुई अर्खला तथा बुलिङ्टार गा.वि.स.मा पनि सञ्चालन भइरहेको छ । कार्यक्रमले मूलभूतरूपमा तीनवटा कार्यगत क्षेत्रहरू सहकारी प्रबर्द्धन तथा आयआर्जन, युवा सूचना केन्द्रको क्षमता विकास तथा सुरक्षित आप्रवासन र गैसस प्रबर्द्धन तथा युवा विकास मार्फत विभिन्न किसिमका क्रियाकलापहरू संचालन गरिरहेको छ ।

सहकारी संस्थाहरूले आफ्ना शेयर सदस्यहरूलाई व्यवस्थित तथा समय अनुकूल आफ्नो सेवा तथा सुविधाहरू प्रदान गर्दै आइरहेका छन् । यस कार्यले सहकारी संस्थाको अपनत्व बढेको छ र शेयर सदस्यहरूमा सहकारी मार्फत प्रदान गरिएको सेवा तथा सुविधाहरूबाट जीविकोपार्जनमा सुधार भएको छ । स्थानीयस्तरको ऋणको मागलाई पुरा गर्न ग्रामीण स्वावलम्बन विकास कोषबाट होलसेल लोन ल्याएर समुदायमा ऋण प्रवाह गरेको अवस्था छ । यसका साथै युवाहरूले भोगिरहेको बाध्यात्मक, असुचित तथा मौसमी बसाईँसराईलाई कम गर्नका युवा आप्रवासन सूचना केन्द्रमार्फत विभिन्न किसिमका सुरक्षित वैदेशिक रोजगार सम्बन्धी कार्यक्रमहरू सञ्चालन भएका छन् । स्थापनाकालदेखि हालसम्म विभिन्न तालिम, साप्ताहिक परामर्श र सडक नाटक मार्फत २६७८ जना युवाहरूले सुरक्षित वैदेशिक रोजगार सम्वन्धी सूचना प्रवाह गरिएको छ । यसरी वैदेशिक रोजगारसँग सम्बन्धित सन्देशमूलक कार्यक्रम, सूचनामूलक सामग्रीहरू प्रकाशन गरी सुरक्षित आप्रवासनलाई प्रबर्द्धन गर्ने गरिएको छ । वैदेशिक रोजगारबाट आर्जन गरिएको विप्रेषणलाई सही सदुपयोग गर्न साक्षरता तालिम प्रदान गर्ने गरिएको छ ।

कार्यक्षेत्रका पाँचवटा गैससहरूको संस्थागत क्षमता अभिवृद्धिका लागि कार्यक्रमले काम गर्दै आइरहेको छ । गैससहरूले विभिन्न संघसंस्थाहरूबाट साझेदारी गरेर वनजंगल तथा वातावरण संरक्षण तथा सरसफाई, बङ्गुर तथा बाख्राको खोर सुधार, शौचालय निर्माण, अनौपचारिक शिक्षा, सिचाई लगायतका कार्यक्रमहरू सञ्चालन गर्दै आइरहेका छन् । खुल्ला दिशामुक्त गाविस घोषणा तथा शत प्रतिशत घरधुरी सहकारीमा आवद्धता गराउन नेतृत्व लिई सफल भएका यी संस्थाहरू भूकम्प पछिको राहत तथा पुनर्स्थापनाको क्षेत्रमा पनि उल्लेखनीय कार्यहरू गरेका छन् । सो कार्यले स्थानीय विकासमा युवाहरूको सहभागिता, निर्णय र नेतृत्व तहमा पहुँच पुर्‍याएको छ ।

प्राङ्गारिक खेतीलाई विस्तार गर्न कोटथर तथा डाँडाझेरी गा.वि.स.का सतिकोट, काफलडाँडा, धावादी, रामकोट, छरछरेका १५१ घरधुरीले २३८१ रोपनी क्षेत्रफलमा जैविक प्रमाणीकरण कार्य भएको छ । किसानहरूले आफुले उत्पादन गरेका कृषि उपजहरूको बजार प्रबर्द्धनका लागि झेरीखण्डे जैविक कृषि उत्पादन समूह मार्फत गैंडाकोट नगरपालिकाको वार्ड नं. ५ मा झेरीखण्डे प्राङ्गारिक कृषि उत्पादन बिक्री केन्द्रको स्थापना गरी पसल सञ्चालन गरेको अवस्था छ । प्रमाणीकरण भएको कृषि उपजलाइ कार्यक्रमले एफ.एम. लगायत सञ्चार क्षेत्रसँग सहकार्य गरी प्रबर्द्धनात्मक कार्यक्रमहरू प्रसारण गरेको छ । रतनपुर १, दमारमा दमार केरा खेती समूहका २७ घरधुरीले करीब १००० रोपनी क्षेत्रफलमा केरा खेती गरी सदस्यहरूले केराबाट बनाउन सकिने म.म., चिप्स, अचार लगायतका परिकारहरू बनाएर उद्यमी भइ वार्षिक डेढ लाखदेखि चार लाखसम्म आम्दानी गर्न सफल भएका छन् ।

कार्यक्रमबाट स्थानीय युवाहरूलाई कृषि र गैर कृषि तालिमहरू मार्फत व्यावसायिकतामा जोड दिदैं सहयोग गर्दै आएको छ । स्थानीय युवाहरूले विभिन्न खालका व्यवसाय मार्फत राम्रो आम्दानी गर्न सफल भएका छन् । स्थानीय युवाहरूले कृषिमा आधारित सृजनात्मक कार्यहरू गरी व्यावसायिकतामा जोड दिएमा आत्मनिर्भर हुन सक्ने देखिन्छ । आगामी दिनमा स्थानीय युवाहरूले यस तर्फ ध्यान दिनेछन् भन्ने कुरामा कार्यक्रमले विश्वास लिएको छ ।

अन्तमा युवाहरूले वैदेशिक रोजगारको सिलसिलामा देखेका, सुनेका तथा आफैले जीवनमा प्रत्यक्षरूपमा भोगेका अनुभवहरू, व्यवसाय गरेर भएको प्रगतिको बारेमा लेखिएका लेखरचनाहरू तथा अनुभूतिहरू ग्रामीण क्षेत्रमा बसोबास गर्ने युवाहरूबाट व्यक्त गरिएका सृजनाहरू हुन् । यी सृजनात्मक रचनाहरूले कार्यक्षेत्रका युवाहरूलाई मात्र नभई सम्पूर्ण युवाहरूलाई नै प्रेरणा प्रदान गर्नेछ भन्ने कुरामा हामी आशावादी रहेका छौं ।

ग्रामीण युवा विकास कार्यक्रमले विगत वर्षाहरूदेखि प्रकाशन गर्दै आइरहेको छ । यो युवा आवाज अन्तिम प्रकाशन भएको हुँदा यस कार्यक्रमको सफलताका लागि विगतदेखि हालसम्म विभिन्न जिम्मेवारीमा रहेर आफ्नो भूमिका निर्वाह गर्नु हुने सम्पूर्ण कर्मचारीहरू, समुदायका समूह सदस्यहरू, सहकारीहरू, युवा आप्रवासन सूचना केन्द्रहरू, गैससहरू, संस्थाका सम्पूर्ण सदस्य तथा पदाधिकारीहरू, सरकारी निकाय, साझेदार संस्था आवो इन्टरनेशनल जर्मनीलाई हार्दिक धन्यवाद दिन चाहन्छौं ।

# कार्यक्रमको तर्फबाट .......

भीमप्रसाद शर्मा
कार्यक्रम सल्लाहकार, ग्रामीण युवा विकास कार्यक्रम



विश्वव्यापीरूपमा जनसंख्याको चाप बढ्नु सँगै आप्रवासन र वैदैशिक रोजगारीका नयाँ नयाँ अवसर र सम्भावनाहरू हेर्ने युवाहरूको संख्या पनि विश्वभरमै व्यापक भइरहेको छ । खासगरी विकासोन्मुख र अल्पविकसित देशका युवाहरूले नयाँ र आफ्ना रूचीका रोजगारी, अध्ययन तथा थप सम्भावनाका बजारहरू खोजीरहने क्रम द्रुतगतिमा बढिरहेको छ । यस्तो क्रमसँगै त्यस्ता नयाँ नयाँ ठाउँहरूका परिवेश, रितिस्थिति नीति नियमहरू तथा नयाँ प्रविधिहरू बीचमा आफूलाई अनुकुलन बनाउँदै स्थापित हुन ती युवाहरूको लागि ठूलो चुनौतीको विषय बनेको छ । सहमति के चाहन्छ भने भरसक ती युवाहरूलाई आफ्नै देशमा नयाँ नयाँ सम्भावनाको खोजी गरेर स्थानीयस्तरमा नै जीविकोपार्जनका उपायहरू अपनाउन् । विश्वव्यापी लहरहरूलाई रोक्न कहिलेकाहीं हामी जस्ताको सानो प्रयास प्रयाप्त नहुन पनि सक्छ, त्यस्तो बेलामा यदि कोही युवाहरू रोजगार तथा अन्य सम्भावनाका लागि विदेशिने अवस्था आयो भने उनीहरू जहाँ भएपनि सुरक्षित र सुनिश्चित तवरले रहुन्, बसुन् । यहि नै यस "ग्रामीण युवा विकास कार्यक्रमको" मूल लक्ष हो ।

ग्रामीण युवा विकास कार्यक्रमको कार्यक्षेत्र गैंडाकोट नगरपालिकाको वार्ड नं. ३ र रतनपुर, कोटथर, डाँडाझेरी गा.वि.स.मा यो कार्यक्रम सन् २००८ देखि र पछि विस्तार गर्ने क्रममा सन् २०१४ देखि बुलिङ्टार र अर्खला गा.वि.स.हरू थपिए पछि यो क्षेत्रका भारत बाहेक खाडी मुलुकहरू र मलेशियामा कामदारकारूपमा विदेशिएका युवाहरूको संख्या १५५९ रहेको छ । कार्यक्रमको अवधिभरमा सयौं युवाहरू विदेशबाट फर्किएर स्थानीयस्तरमा नै स्वरोजगारका विभिन्न उपायहरू अपनाउन शुरू गरेका छन् भने सयौं युवाहरूले रोजगारीका लागि विदेशिने विचार त्यागेर स्वदेशमा नै केही न केही व्यवसाय गर्न शुरू गरेका छन् । त्यस्तै केही युवाहरू सुरक्षित र स्वाभिमान हैसियतमा कार्यरत रहन सिकेका र अभ्यास गरिहेका छन् । यही नै कार्यक्रमको मूख्य उपलब्धी हो । फर्केका र हुर्के बढेका युवाहरू स्वदेशमा रहन र केही न केही व्यवसाय शुरूवात गर्नका लागि यस कार्यक्रमको प्रयास स्वरूप थुप्रै सहकारी संस्थाहरू, युवा क्लवहरू, समूहहरू तथा सामाजिक सञ्जालहरू यो कार्यक्रमअन्तर्गत स्थापित भएका छन् । पहिला विदेश जान तम्तयार भएका युवाहरू हाल आफ्ना सहपाठीहरू र भाइबहिनीहरूलाई "यहीं नै रोजगारीका सम्भावनाहरू खोजौं, जाने नै हो भने सु-सूचित भएर मात्र जाऔं" भन्दै पैरवी गरिरहेका छन् । एउटा कार्यक्रमबाट यो भन्दा ठूलो परिवर्तन के अपेक्षा गर्न सकिन्छ ?

यस कार्यक्रम क्षेत्रका युवाहरू स्वास्थ्य, शिक्षा, संस्कृति, सामुदायिक सम्बन्ध जस्ता गहन विषयवस्तुहरूमा आफ्नो समय बिताउनुलाई गौरव ठान्न थालेका छन् भने प्राङ्गारिक कृषि, सिलाईकटाई, कुखुरापालन, फलफुल खेती, बङ्गुरपालन, व्युटिपार्लर, मोवाइल मर्मत र बिक्री, बाख्रापालन, कस्मेटिक पसल, तरकारी खेती जस्ता जीविकोपार्जनका उपायहरू अपनाउन शुरू गरेका छन् । एउटा गैर सरकारी संस्थाले एउटा उदाहरण पेश गर्न सक्छ । त्यो नमूना प्रमाणित भएपछि त्यसलाई अपनाउने समुदायले नै हो । ग्रामीण युवा विकास कार्यक्रम अन्तर्गतको अवधारणा एउटा प्रमाणित र अपनाउन योग्य नमूनाकोरूपमा स्थापित भइसकेको छ । अब यसलाई नजिकबाट देखेका सरोकारवालाहरू, सरकारी निकाय र स्थानीय समुदायले यसको व्यापकीकरण गर्दै जान्छन् भन्नेकुरामा विश्वास गरिएको छ ।

झन्डै चार वर्ष भन्दा बढीको नियमित प्रयासपछि मात्र सहमतिको AWO International सँग यस कार्यक्रमका लागि सम्झौता हुन सकेको हो । हामीले तयार गरेको यस अवधारणालाई स्वीकार गरेर हामीसँगैं साझेदारकोरूपमा निरन्तर सहकार्य गरेको AWO International प्रति हार्दिक आभार व्यक्त गर्न चाहन्छु । यो कार्यक्रम सफल पार्नका लागि निरन्तर लागिरहने व्यक्तिहरू मध्ये सर्व श्री रामराज पोखरेल, बुद्धि पौडेल, रवीन्द्र अधिकारी, विनय ज्ञवाली, अम्बिकाप्रसाद पौडेल, प्रभा ढकाल र सबै कर्मचारीहरूमा हार्दिक धन्यवाद र आभार व्यक्त गर्न चाहन्छु । संस्थाको तर्फबाट पूर्व अध्यक्षहरू करूणा सागर सुवेदी र रत्नप्रसाद सापकोटाको भूमिका यस कार्यक्रमको सफलतामा प्रमुख रह्यो । बीचको समयमा आफ्नो महत्त्वपूर्ण समय उपलब्ध गराउने अशोकराज पोखरेलजीलाई पनि हार्दिक धन्यवाद ज्ञापन गर्न चाहन्छु ।

यो ग्रामीण युवा विकास कार्यक्रमको कार्यक्षेत्रका समुदायको सकारात्मक र निरन्तर प्रयास नै सफलताको प्रमुख कडी हो । स्थानीय संघसंस्थाहरू र त्यसमा कार्यरत समिति, उपसमिति, कर्मचारी, स्वयम्सेवीहरूप्रति पनि कार्यक्रमको तर्फबाट धन्यवाद व्यक्त गर्न चाहन्छु । गा.वि.स. कार्यालयहरू, जिल्लामा रहेका जिल्ला विकास समिति, जिल्ला पशु विकास कार्यालय, जिल्ला कृषि विकास कार्यालय, डिभिजन सहकारी कार्यालय, जिल्ला शिक्षा कार्यालय, महिला तथा बालबालिकाको कार्यालय, खेलकूद विकास समिति, गैसस महाँसंघका प्रतिनिधिहरू र ती कार्यालयहरूबाट भएका प्रयासहरू यस कार्यक्रमको सफलतामा अहम् भूमिका रहेको छ । सहमति परिवार र यसका सबै सरोकारवाला निकायहरू प्रति कार्यक्रमको तर्फबाट हार्दिक आभार प्रकट गर्न चाहन्छु ।

# आप्रवासी कामदार : चुनौती र अवसर

✍ विनय ज्ञवाली
कार्यक्रम प्रबन्धक
ग्रामीण युवा विकास कार्यक्रम

*कतिपय युवाका लागि वैदेशिक रोजगारी बाध्यता हो भने कतिपयका लागि फेसन । धेरैले विदेशमा गएर उन्नति पनि गरेका छन् भने कतिपयका लागि सिसिफसको कथा जस्तो कहिले नटुङिने यात्रा । वैदेशिक रोजगारीले आम्दानी स्रोत बढेकाले परिवारमा खुसियाली छाएका छन भने परिवारिक सम्बन्ध बिग्रिँदै पनि गएका छन् ।*

**पृष्ठभूमिः**

आप्रवासन भन्ने वित्तिकै एक ठाउँबाट अर्को ठाउँमा बसोबास गर्नुलाई जनाउँदछ । रोजगारीका लागि होस वा कुनै अन्य प्रयोजनका लागि होस आप्रवासनलाई व्यक्तिगत स्वतन्त्रतासँग पनि जोडने गरिन्छ । आफ्नो व्यक्तिगत उन्नति प्रगतिका लागि आप्रवासी बन्नुलाई सामान्यरूपमा पनि लिन सकिन्छ । हाल विश्वमा करिब २३ करोड २० लाख आप्रवासी रहेको अनुमान छ । तर यस लेखमा आप्रवासन त्यसमा पनि वैदेशिक रोजगारीका लागि विदेशिने युवासँग बढी सम्बन्धित छ । हालका बर्षहरूमा तेस्रो मुलुकका युवाहरू तिब्रतररूपमा खाडी तथा पूर्वएसिया मुलुकमा गइरहेका छन् ।

नेपालको इतिहासमा हेर्ने हो आप्रवासन अथवा बसाईंसराई नेपाल एकीकरण हुनुभन्दा पहिलादेखि नै हुने गरेको देखिन्छ । त्यसबेला खासगरी विभिन्न साना साना राज्यहरू बीचमा लडाईं हुने जसका कारण सुरक्षित बसोबासका लागि मानिस एक ठाउँ छोडी अर्को ठाउँ जान्थे । केही विद्वानहरू अरनिकोलाई पनि औपचारिकरूपमा कामका लागि विदेश पठाएको रूपमा मान्ने गर्दछन् । जसले कलाकृतिका लागि उत्कृष्ट कलाकारकारूपमा काम गरे । तर पनि धेरैले सन् १८१५ भएका सन्धिमार्फत नेपालले ब्रिटिस इन्डिया पठाउने कार्यलाई नै वैदेशिक रोजगारको औपचारिक शुरूवात मान्ने गरिएको छ । तत्पश्चात नेपाली युवाहरूको ईमान्दारिता, लगनशीलता र निडरपना विश्व सामु उजागर भयो । जसले गर्दा आर्मी पुलिस बाहेक सुरक्षा गार्ड लगायत विभिन्न ठाउँमा नेपाली युवाको माग हुन थाल्यो । सन् १९८५ मा आएको ऐन र १९९० को राजनैतिक परिवर्तनले वैदेशिक रोजगारीमा नाटकीयरूपमा वृद्धि ल्याइदियो ।

सन् १९९४/९५ सम्म आई नपुग्दै वैदेशिक रोजगारीका लागि नेपालीहरूको प्रमुख गन्तव्यको रूपमा यु.ए.ई, कतार, मलेशिया, साउदी अरेबिया स्थापित भइसकेका थिए । नेपालमा राजनैतिक अस्थिरता र रोजगारीको अवसरहरूको कमीका कारण विदेशिने क्रम बढ्दै गयो भने ति गन्तव्यमुलुकमा नेपालीको लर्को लाग्न थाल्यो । त्यसैगरी ५६ प्रतिशत भन्दा बढी नेपालीका घरपरिवारका व्यक्ति आप्रवासनमा रहेको तथ्याङ्कले देखाउँदछ । नवलपरासी जिल्ला वैदेशिक रोजगारीका लागि युवा निर्यात गर्ने जिल्लामा धनुषा, महोत्तरी, झापा, मोरङ र सिराहा पछि छैठौं नम्बरमा पर्दछ । प्रस्तुत लेख नवलपरासी जिल्लाका पहाडी गा.वि.स रतनपुर, कोटथर, डाँडाझेरी, बुलिङ्टार, अर्खला र गैडाकोट न.पा.को वार्ड न ३ को ग्रामीण युवा विकास कार्यक्रमको कार्यक्षेत्रका वस्तुस्थिति र तथ्याङ्कमा आधारित हुने छन् । जहाँ ८२ प्रतिशत भन्दा बढी जनजाति र ६८ प्रतिशत भन्दा बढी मगर समुदायको बसोबास रहेको छ ।



**परिचय :**

अधिकांश नेपाली युवा रोजगारीका लागि खाडी मुलुक तथा मलेशिया जाने गर्दछन । युवा मुख्यतः रोजगारीको अवसरका लागि यी मुलुकहरूमा जाने गरेका छन् । नेपालको सम्पूर्ण जनसंख्याको करिब एक तिहाई अर्थात ४० लाख युवा विभिन्न कामका लागि विदेशमा रहेको अनुमान गरिन्छ । त्यस मध्येको तिन चौथाई अर्थात करिब ३० लाख युवा रोजगारीका लागि विभिन्न मुलुकमा रहेका छन् भने त्यसको अधिकांश भाग अर्थात २० लाख भन्दा बढी युवा आधिकारिक वा अनधिकृतरूपमा खाडी मुलुक र मलेशिया लगायत देशमा गएका अध्ययनहरूले देखाउने गरेका छन् । एक अध्ययन अनुसार सन् २००८ देखि २०१४ सम्म औपचारिकरूपमा वैदेशिक रोजगारीमा जानेको संख्या २२ लाख २६ हजार १५२ रहको थियो ।

विगतका समयमा राजनैतिक अस्थिरता र जनयुद्धका कारण सुरक्षाका कारणले पनि वैदेशिक रोजगारीलाई बृद्धि गर्न सहयोग पुर्‍यायो । पछिल्ला समयमा राजनैतिक परिवर्तन पश्चात आर्थिक मुद्दामा देश प्रवेश गर्न नसक्नुले पनि वैदेशिक रोजगारी बाध्यता भएर आएको देखिन्छ । तर पनि यि गन्तव्य मुलुकहरूमा आप्रवासी कामदारहरूको सुरक्षा र अधिकारको स्थिति भने अत्यन्तै कमजोर देखिएका छन् । ति देशहरूमा कामदारकोरूपमा जाने युवा ग्रामीण भेगका अशिक्षित हुने भएकाले ठगिने सम्भावना बढी मात्रामा रहन्छ । त्यसमा पनि नेपाली कामदारहरू अदक्ष वा अर्धदक्ष हुनुले उनीहरूको सुरक्षा चुनौती अझ थपिएका छन् । यस्ता चुनौतीहरूका बीचमा पनि नेपाली कामदारले देशको वैदेशिक मुद्राको आर्जनलाई धानेका छन् ।

**आप्रवासी (भारत बाहेक) युवाको जनसख्या गा.वि.स.का आधारमा**

| गाविस/न.पा. | खाडी मुलुक | मलेशिया | अन्य मुलुक | जम्मा |
|---|---|---|---|---|
| गैडाकोट-३ | १११ | ३३ | २४ | १६८ |
| रतनपुर | २९६ | २२ | ३ | ३२१ |
| कोटथर | १८७ | २० | ६ | २१३ |
| डाडाँझेरी | ८५ | ६६ | १ | १५२ |
| बुलिङ्टार | २०२ | ७१ | ११ | २८४ |
| अर्खला | ३०९ | ११२ | – | ४२१ |
| जम्मा | ११९० | ३२४ | ४५ | १५५९ |
| प्रतिशत | ७६% | २१% | ३% | १००% |

स्रोतः युवा आप्रवासन सुचना केन्द्रहरु

परम्परागतरूपमा मगर समुदाय कृषि र सैनिक पेशा अगाल्दै आएका जनजाति मध्येका एक हुन् । देशको आर्थिक अवस्था सँगसँगै मगर युवाहरू पनि वैदेशिक रोजगारीमा जान थाले । नवलपरासीका यी छ वटा गा.वि.सका युवाहरू पनि यसबाट अछुतो रहन सकेनन् । यस क्षेत्रका युवाहरूमा वैदेशिक रोजगारीको मोह यसरी बढ्दै जाँदा प्रतिष्ठा सँग जोडिन पुग्यो । हाल आएर वैदेशिक रोजगारी संस्कृति नै हुन पुगेको छ । तत्कालिन रूपमा यसले फाइदा पुगेको भएता पनि दीर्घकालीन रूपमा फाइदा नपुर्‍याउने विद्वानहरूको मत छ । ग्रामीण युवा विकास कार्यक्रमले हालै गरेको अध्ययन अनुसार यस क्षेत्रको घरपरिवारको मुख्य पेशा कृषि (९८%), वैदेशिक रोजगारी (३८%), व्यवसाय (३२%), पेन्सन (२८%), दैनिक ज्याला (२६%) मौसमी काम (१६%) प्रतिशत रहेका छन् । वैदेशिक रोजगारीका कारण मुलुकका साथ साथै आश्रीत परिवारले सहज महशुस गरेता पनि यसमा केही मूल्य भने पक्कै चुकाउनु परेको छ ।

कार्यक्षेत्रका जम्मा युवा ८७९० मध्ये १५५९ अर्थात १८% युवा खाडी तथा मलेशियामा कामका लागि गएका छन् । सम्पूर्ण आप्रवासी कामदार मध्ये ९७% आप्रवासी कामदार उल्लेखित जोखिम युक्त मुलुक गएका छन । जसमा ७६% खाडी मुलुक र २१% मलेशिया पर्दछन् । यी परिवार तथा युवाहरूको आप्रवासन सुरक्षित बनाउन तथा विप्रेषणको सदुपयोग गर्न छ वटै स्थानमा सुरक्षित आप्रवासन सूचना केन्द्र स्थापना गरी सूचनाको सम्प्रेषण, तथ्याङ्क संकलन गर्ने काम कार्यक्रमबाट हुदै आएका छन् । मुख्यगरी युवा आप्रवासन सूचना केन्द्रले वैदेशिक रोजगार सम्बन्धी विभिन्न तालिमहरू, साप्ताहिक परामर्श, वीत्तिय साक्षरता, सडक नाटक जस्ता महत्वपूर्ण कार्यक्रमहरू हुन् । वैदेशिक रोजगारीका कारणले अर्थतन्त्र, रोजगार, शिक्षा, स्वास्थ्य, सामाजिक सम्बन्ध र संस्कृतिलाई प्रत्यक्षरूपमा प्रभाव पारेको छ । नवलपरासी जिल्लाका यी ठाउँहरूमा पारेको प्रभावका बारेमा विश्लेषण गरौं ।

**अर्थतन्त्र :**

वैदेशिक रोजगारीले देशको अर्थतन्त्र धान्नुका साथै ग्रामीण अर्थतन्त्रलाई चलायमान बनाएको छ । यी क्षेत्रमा पनि विप्रेषणका कारणले नगदको प्रवाह भएको छ । स-सानो खर्चका लागि ऋण लिनु पर्ने बाध्यता रहेको छैन । दैनिक आवश्यकताका साथसाथै शिक्षा तथा स्वास्थ्यमा लगानी गर्न सक्ने भएका कारण सामाजिक सूचकाङ्कहरू सकारात्मक रहेका छन् । अर्कोतर्फ विप्रेषणको अधिकांश हिस्सा पारिवारिक खर्च तथा मोवाइल टि.भि तथा मोजमस्तीमा खर्च गर्नाले सही सदुपयोग हुन सकेको छैन । विदेश गई ऋण तिर्ने र दैनिक आवश्यकताको सामान लिने तर बचत गर्न नसक्नुले विदेश जानु सिसिफसको कथा जस्तो भएको छ । परिवारका सदस्य काम गर्नु भन्दा विप्रेषण उपयोग गरी खर्च गर्ने र सुविधा भोगी हुदै गएका छन् । त्यसले पनि अर्थतन्त्रमा नराम्रो असर पारेको छ ।

**रोजगार :**

देशको अर्थतन्त्रमा सुधार आउन नसकेपछि नेपालले वैदेशिक रोजगारीलाई नै युवालाई व्यवस्थापन गर्ने संयन्त्रको रूपमा विकास गर्न खोजेको देख्न सकिन्छ । त्यसैले सन १९९० को दशकमा नयाँ नयाँ गन्तव्य मूलुक खोली अदक्ष कामदार पठाउन थाल्यो । यसरी ग्रामीण भेगमा पनि यसले रोजगारको अवसरहरू सृजना गर्न सहयोग पुग्यो । तर वैदेशिक रोजगारीका कारण कृषि लगायतका क्षेत्रमा जनशक्तिको अभाव हुने गरेको छ । नविन सृजना र व्यवसाय गर्ने युवाको गाउँमा अभावका कारण ग्रामीण अर्थतन्त्रमा नकारात्मक असर परेका छन् । कार्यक्रमले कृषि र गैर-कृषि व्यवसायिकता विकास गर्ने प्रयास गरिरहेको छ, केही व्यक्तिहरूले विप्रेषण प्रयोग गरी व्यवसाय गरेता पनि युवाको उत्साहमा कमी देखिन्छ ।

**स्वास्थ्य र शिक्षा :**

वैदेशिक रोजगारीका कारण सबैभन्दा राम्रो प्रभाव परेका क्षेत्र मध्ये स्वास्थ्य र शिक्षा पनि हुन् । ग्रामीण भेगमा पनि पैसाकै कारण आधारभूत शिक्षा र स्वास्थ्यमा पहुँच पुगेको छ । कापी, कलम, किताब र सामान्य रोग निवारण गर्न सजिलै सक्ने स्थिति बन्न पुगेको छ । गुणस्तरीय शिक्षा र स्वास्थ्यका लागि विप्रेषणको अधिकांश रकम खर्च हुने गरेको छ, जसलाई सकारात्मकरूपमा लिने गरिन्छ । गुणस्तरीय स्वास्थ्य र शिक्षाका नाममा परिवारसदस्यहरू शहरी क्षेत्रमा बसोबासको मात्रा बढ्दै गएका छन् । यस क्षेत्रका बासिन्दा छोराछोरी पढाउन दलदले, भेंडावारी र गैंडाकोट जस्तो ठाउँमा आउने गर्दछन् जुन कतिपय अवस्थामा त्यति आवश्यक देखिदैन । कार्यक्षेत्रका सरकारी विद्यालयमा विद्यार्थी र अभिभावकको चासो कमीका कारण गुणस्तर खस्किँदै गएको भान हुन्छ ।

**सामाजिक सम्वन्ध :**

वैदेशिक रोजगारका कारण एकातर्फ गन्तव्य मुलुकमा आम नेपाली बीच सम्बन्धहरू विस्तारित हुनुका साथै सबै जातजाति र भुगोलका युवा एकता प्रर्दशन गरेका छन भने नेपालमा पारिवारिक विखण्डन र पारपाचुके बढ्दो रहेका छन् । वैदेशिक रोजगारीमा गएका युवाहरूले चाहे ती काला, गोरा, बाहुन, जनजाति किन नहुन् मिलेर काम गरेका छन् भने नयाँ नयाँ संरचना बनाउदै राजनैतिकरूपले पनि सवल बन्दै गएको देखिन्छ । जसले राष्ट्रिय राजनीतिको आवश्यकतालाई प्रतिबिम्बित गरेको छ । कार्यक्षेत्र महिलाहरूमा कामको बोझको कमी भएका कारण सामाजिक कार्यहरूमा संलग्नता बढ्दै गएका छन् भने राजनैतिक तथा लैगिंक अधिकारका चेतनामा बृद्धि भएका छन् । हालका दिनहरूमा वैदेशिक रोजगारीका कारणले पारिवारिक मतभेद बढ्दै गएका छन् । छोरा विदेश बुहारी गैंडाकोट, दलदले बस्नाले बुढाबुढी घरमा एक्लै बस्नुपर्ने भएको छ भने नाति पढाउन तल झरेकी बुहारी गुमाउनुका साथै नाति फेरी गाउँमै गएर पढनु पर्ने जस्ता समस्या पैदा हुदै गएका छन । यस्ता घटनाहरूले बालबालिकाको हेरचाह र मानसिकरूपमा नकारात्मक असर परेका छन् । गाउँमा पारपाचुके र पुनः विवाह गर्ने जस्ता नयाँ नयाँ समस्या उब्जिन थालेका छन् । कतिपय घटनामा वैदेशिक रोजगारीमा कमाएको पैसा हराउने स्थिति आउने गरेको छ ।

**संस्कृति :**

वैदेशिक रोजगारका कारण पूर्वदेखि पश्चिम नेपालसम्मका विभिन्न जातजातिको भाषा संस्कृति जान्न बुझ्न सहयोग मिलेको छ । जसले

*(बाँकी १० पेजमा)*

# प्राङ्गारिक कृषि : विषादीको प्रयोगमा कमी

✍ अम्बिकाप्रसाद पौडेल
फिल्ड तथा कृषि संयोजक, ग्रामीण युवा विकास कार्यक्रम

अनियन्त्रितरूपमा देशमा बढ्दै गइरहेको रसायनिक मल तथा विषादीको प्रयोगले मानव समुदाय तथा वातावरणलाई प्रत्यक्षरूपमा असर पुऱ्याएको विकृती ग्रामीण तथा शहरहरूमा छर्लङ्ग देख्न पाइन्छ । शहरी तथा ग्रामीण क्षेत्रमा भएका विभिन्न मेडिकलहरू तथा स्वास्थ्य चौकीहरूमा उपचार गर्न आउने रोगीहरूको तथ्याङकमा बृद्धि, माटोको उर्वराशक्तिको क्षींण हुदै उत्पादनमा देखिएको ह्रास, मित्र जीवको विनास, जैविक स्रोतको क्षय, नदीनाला प्रदूषण, शत्रु जीवहरूमा प्रतिरोधात्मक शक्तिको विकासलाई उदाहरणकोरुपमा लिन सकिन्छ । अर्कोतर्फ कतिपय मानिसहरू रसायनिक मल तथा विषादीको प्रयोगबाट हुने असर तथा प्रभावको अज्ञानताका कारण क्यान्सर, अल्सर जस्ता दीर्घकालीन रोगहरूबाट अकालमा ज्यान गुमाइरहेको अवस्था छ । यसरी भयानक र डरलाग्दा रोगहरूको शिकारबाट जोगिन बेलैमा सबैले ध्यान दिनुपर्ने अहिलेको महत्वपूर्ण विषय हो । किसानहरूको आयआर्जन बढाउने नाममा व्यापकरूपमा विषादीको प्रयोग गरेर मौसमी तथा बेमौसमी फसल उत्पादनहरूलाई विशेष कार्यक्रमकारूपमा योजना बनाएर कृषि मेला प्रदर्शनीहरूमा पुरस्कृत गर्दै पुरस्कार स्वरुप मानव समुदायलाई प्रत्यक्षरूपमा असर पुऱ्याउने रसायनिक मल तथा विषादीहरू र छर्नका लागि प्रयोग गर्ने स्प्रेयरहरू सहयोग गरेर कृषकहरूले राम्रो आम्दानी लिन सफल भए भनेर प्रचारप्रसारमा जोड दिई प्राणी जगतमा खेलवाड भइरहेको छ । अहिले पनि यो अवस्था निरन्तर रहिरहेको छ, भविष्यमा पनि यसले निरन्तरता पाई नरहला भन्न सकिन्न । त्यसैले यसलाइ समयमा नै सबैले विचार पुऱ्याउनु पर्ने देखिन्छ । कृषि क्षेत्रमा कार्यरत सरकारी तथा गैर सरकारी संस्थाहरूले यी विषयहरूमा ध्यान नदिएका पनि होइनन् तर त्यसलाई व्यवहार उतार्न नसकेको कुरा ध्रुवसत्य हो । आधुनिक कृषि प्रणाली भन्नाले सन्तुलित रासायनिक मल, रसायनिक विषादी, झारनाशक विषादी र औजारमूलक कृषि प्रणाली बुझिन्छ । तर यो प्रणालीमा उच्च लगानी प्रविधि भएको कारणले सबै वर्गका कृषकहरूमा यसको पहुँच नहुन सक्दछ । निश्चितरुपमा उच्च लगानी प्रविधिको प्रयोगबाट उत्पादन बढ्दछ । यसमा कुनै दुइ मत छैन । तर यस्तो उच्च लगानी प्रविधिबाट खेती प्रणाली अपनाउँदा तथा सावधानी नपुऱ्याएको खण्डमा कालान्तरमा यसले माटो, पानी र वायुमण्डलमा नकारात्मक असर पुऱ्याउने सम्भावना उत्तिकै रहेको छ । वर्तमान समयमा नकारात्मक असरको शुरुवात हुदैं गएको अवस्था देख्न सकिन्छ । वास्तवमा अझै पनि नेपाल सरकारले किसानहरूको आयस्तर बढाउने नाममा रसायनिक मलमा अनुदान वितरण गरेर उत्पादनलाई मात्र जोड दिइरहँदा सरकार प्राङ्गारिक कृषितर्फ कति जिम्मेवार छ भन्ने कुरा यसबाट पनि प्रष्ट बुझ्न सकिन्छ । राज्यले रसायनजन्य पदार्थहरूको अनुदान वितरणलाई प्राथमिकता दिनु भन्दा प्राङ्गारिक मल तयार गर्ने प्रविधि तथा प्रयोग गर्ने तर्फ जोड दिई प्राङ्गारिक खेतीमय बनाउनका लागि जिम्मेवार भएर लाग्नु पर्ने देखिन्छ । सरकारी तथा सामाजिक क्षेत्रमा काम गर्ने विभिन्न संघसंस्थाबाट किसानहरूलाई रसायनिक पदार्थले वातावरणमा पर्ने प्रभावको बारेमा जनचेतना फैलाउन सके कृषि उपज उत्पादनमा प्रयोग हुने मल तथा विषादीलाई न्यूनीकरण गर्न सकिन्छ ।



ग्रामीण क्षेत्रमा रहेका किसानहरूलाई कृषि सम्बन्धी जनचेतनामा वृद्धि ल्याउन स्थानीय बीउबिजनहरूको प्रयोग, रोग, कीरा कम लाग्ने जातहरूको पहिचान गरी खेती लगाउन जोड गर्ने, प्राङ्गारिक पद्धतिमा सुधार, वानस्पतिक रसादिहरूको प्रयोग जस्ता उपायहरूको प्रयोग गरेर प्राङ्गारिक पकेट क्षेत्र बनाउन पहल गर्ने कुराहरूलाई ध्यानमा राखेर सहमति, ग्रामीण युवा विकास कार्यक्रमले नवलपरासी जिल्लाका कोटथर र डाँडाझेरी गा.वि.स.का सतिकोट, काफलडाँडा, धवादी, रामकोट तथा छरछरे गाउँका १५१ घरधुरीका कृषकसदस्यहरूको २३८१ रोपनी क्षेत्रफललाई प्राङ्गारिक प्रमाणिकरण प्रक्रियामा अगाडि बढाउने उद्देश्यले समूहस्तरमा व्यापकरूपमा छलफल पश्चात कार्यक्षेत्रका किसानहरूले मिति २०७० साल वैशाख महिनाबाट प्राङ्गारिक पकेट क्षेत्र बनाउन कृषकहरूले कृषकको व्यक्तिगत विवरणहरू, किसानहरूको दैनिकी, प्राङ्गारिक खेतवारी निरीक्षण प्रतिवेदन लगायतका फारामहरू तयार गरी पहाडी क्षेत्रका पाँचवटा गाउँहरूलाई समेटेर परीक्षणकालको रुपमा अर्गानिक सर्टिफिकेशन नेपाल, काठमान्डौले प्राङ्गारिक प्रमाणीकरण गरेको छ । जुन नेपालको प्राङ्गारिक कृषि उत्पादन तथा प्रशोधन प्रणालीको राष्ट्रिय प्राविधिक मापदण्ड सम्बन्धी निर्देशिका २०६४ बमोजिम रूपान्तरण अवधिको लागि प्राङ्गारिक उत्पादनको रूपमा प्रमाणित भएको हो ।

साथै कार्यक्रमले पनि प्राङ्गारिक प्रविधिलाई अगाडि बढाउन दीगो कृषिका लागि बाह्य लागतको कम प्रयोग (लिजा) प्रविधि तालिम सञ्चालन गरेर किसानहरूलाई आफ्ना बालीहरूको संरक्षण गर्न तथा प्रमाणिकरणमा मद्दत पुगेको छ । यस प्रविधिबाट खेतीको लागि लागत कम लाग्ने, माटोको संरक्षण हुने, स्थानीय श्रोत साधनको प्रयोग हुने तथा स्थानीय तहमा वानस्पतिक रसादिहरू तयार गरी प्रयोग गर्न सकिने भएकाले कृषकहरूलाई बजारबाट कृषि सामग्रीहरू कम किन्नु पर्ने र भूमिको उर्वराशक्तिको दीर्घकालीन व्यवस्थापनका लागि समेत टेवा पुगेको छ । यसको अतिरिक्त बाली विविधीकरण, कृषि वन, उपयुक्त बाली तथा रोग सहन सक्ने जातको विकास, मिश्रित खेती/अन्तरबाली, घुम्तीबाली प्रणाली, कोसेबाली, सूक्ष्म जीवाणु मल, गोठेमलको प्रयोग आदि बढाएर पनि प्राङ्गारिक खेतीलाई अगाडि बढाउन सकिन्छ ।

प्राङ्गारिक खेती आफैंमा श्रममूलक व्यवसाय भएकाले पहाडी क्षेत्रमा प्राङ्गारिक कृषिको सम्भावना बढी छ । *(बाँकी १६ पेजमा)*

# सामुदायिक विकासमा स्थानीय संस्थाहरूको प्रभाव

✍ चन्द्रकान्त काफ्ले
संस्थागत विकास सहजकर्ता, ग्रामीण युवा विकास कार्यक्रम

नवलपरासी जिल्लालाई सुगम जिल्ला मानिएता पनि पहाडी गा.वि.स.हरू विकासको दृष्टिकोणबाट अत्यन्तै दुर्गम छन् । ती गा.वि.स.मध्येका अर्खला, बुलिङ्टार र डाँडाझेरी हुन् । भौगोलिक हिसावले पनि चारैतिर डाँडाकाडाँ र अग्ला पहाडहरू देख्दा यि गा.वि.स.हरू कहिले सुगम होला जस्तो लाग्छ । यी गा.वि.स.हरू मा अधिकांश मगर जातिहरूको बसोबास रहेको छ । यी समुदायको मुख्य पेशा परम्परागत खेतीपाती, बाख्रापालन, बङ्गुरपालन तथा वैदेशिक रोजगार रहेको छ । पूर्वाधारको हिसावले यी गा.वि.स.मा मोटर बाटो कच्ची, विद्युतको असुविधा, खानेपानीको अभाव लगायतका समस्याहरू अनेकौं छन् । यिनै समस्याहरूलाई समाधान गर्न विभिन्न सरकारी तथा गैर सरकारी संस्थाहरूले सामाजिक विकासमा काम गर्दै आइरहेका छन् । सामुदायको विकासको लागि सहमति संस्थाले पनि सामाजिक विकास गर्नेक्रममा विकट पहाडी क्षेत्रका अर्खला, बुलिङ्टारमा तीनवर्ष अगाडि र डाँडाझेरी गा.वि.स.मा नौ वर्ष अगाडि देखी र AWO INTERNATIONAL GERMANY को साझेदारीमा ग्रामीण युवा विकास कार्यक्रम सञ्चालन गरेको छ । यो कार्यक्रम विशेष गरेर सहकारी, स्थानीय गैसस र युवा आप्रवासन सूचना केन्द्र प्रबर्द्धनमा केन्द्रीत रहेको छ ।

सहकारी संस्थाको आन्तरिक क्षमता अभिबृद्धिका लागि कार्यक्रमले बचत तथा ऋण नीति, आर्थिक तथा प्रशासनिक नियमावली, वित्तीय व्यवस्थापन नीति, मानव संसाधन व्यवस्थापन नीति, व्यवसायिक योजना निर्माण र कार्यान्वयनमा सहयोग गरी संस्थागत विकासमा महत्त्वपूर्ण भूमिका प्रदान गरेको छ । यी शसक्त नारी बचत तथा ऋण सहकारी संस्था, अर्खला, सुनौलो बचत तथा ऋण सहकारी संस्था, बुलिङ्टार र कामना बचत तथा ऋण सहकारी संस्था, डाँडाझेरी गरी तीनवटा सहकारीहरूमा करिब २००० जना शेयर सदस्यहरू रहेका छन् । यी संस्थाहरूले समुदायमा छरिएर रहेको पूँजीलाई एकीकृत गर्दै व्यवसायिक तथा उत्पादनमूलक क्षेत्रमा ऋण प्रवाह गरेका छन् । सहकारी आफैंमा नितान्त आर्थिक कारोबार गर्ने संस्था भएकोले पनि समय समयमा कार्यक्रमबाट सहकारी व्यवस्थापन तालिम, अध्ययन अवलोकन भ्रमण, लेखा व्यवस्थापन तालिम, ऋण व्यवस्थापन तालिम, सहकारी शिक्षा शिविर, सहकारीलाई चाहिने खाताहरू तथा विभिन्न स्टेशनरी सामग्रीहरू, लेखा व्यवस्थापन तालिम तथा लेखा राख्न सहज होस् भन्ने अभिप्रायले कम्प्युटर सहयोग जस्ता गतिविधिले संस्थालाई अगाडि बढाउन थप मद्दत पुगेको छ । अहिले सहकारीहरूमा बचत संकलन गर्ने, ऋण लिने र शेयर सदस्यता लिन आउनेहरूको क्रम पनि बढ्दै गएको छ ।

स्थानीय गैससहरूको क्षमता अभिवृद्धिका लागि कार्यक्रमले संस्थाको दीर्घकालीन कार्ययोजना तयारी, संस्थाको अवाकश विश्लेषण, आँशिक कर्मचारी तथा गैसस व्यवस्थापनमा सहयोग गर्दै आइरहेको छ । फलस्वरूप अर्खला गा.वि.स.मा रहेको स्थानीय गैसस देउचुली युवा क्लब २०४८ सालमा स्थापना भए पनि बीचको समयमा निष्क्रिय अवस्थामा रहेको र कार्यक्रमको सहयोगले १४ वर्ष पछि वि.सं.२०७१ साल माघ १८ गते इलाका प्रशासन कार्यालय नवलपरासीमा गएर संस्थाको नबिकरण र गैसस महासंघमा नवलपरासीमा आवद्ध भयो । यसपछि विभिन्न संस्थाहरूसँग समन्वय गरेर सरसफाई, खानेपानी, शौचालय निर्माण, वृक्षारोपण, सुरक्षित वैदेशिक रोजगार सम्बन्धी सडक नाटक जस्ता सामाजिक कामहरू गर्दै आइरहेका छन् । यिनीहरूले ५00 भन्दा बढी विभिन्न जातका रुखहरूको वृक्षारोपण गरी वातावरण संरक्षणमा सहयोग पुऱ्याएको तथा वैदेशिक रोजगार सम्बन्धी सडक नाटकबाट करिब १३00 जना भन्दा बढी युवाहरूलाई सुसूचित गराउन सफल भएका छन् । त्यस्तै बुलिङ्टारमा रहेको ग्रामीण सामुदायिक विकास केन्द्रले जि.वि.स.को सहकार्यमा नवलपरासी जिल्लाको १२ वटा पहाडी गा.वि.स.मा सामाजिक कामहरू गर्दै आइरहेको छ । त्यस्तै डाँडाझेरी गा.वि.स.मा रहेको जनसेवा सामाजिक विकास केन्द्रले पनि आफ्नो गा.वि.स.मा सरसफाई, सुधारिएको चुलो, बंगुर खोर निर्माण, चर्पी निर्माण, खानेपानी, कुलो मर्मत, भूकम्प पछिको पुनर्निर्माणको कार्यहरू जस्ता सामाजिक विकासका काममा सहयोग गर्दै आइरहेका छन् । त्यस्तै सहकारीमा शत प्रतिशत घरधुरी आवद्धता गर्ने र खुल्ला दिसा मुक्त घोषणमा नेतृत्व लिएर सफल बनाएको र घर भित्रको धुँवा रहीत गा.वि.स.मा जिल्लामा पहिलो गा.वि.स.बन्नमा पनि सहयोग पुऱ्याएका छन् । त्यस्तै ७२ जना एकल महिलालाई जिल्लाबाट पाउने सेवा सुविधामा पहुँच पुऱ्याएका छन् । वास्तवमा भन्ने हो भने ग्रामीण क्षेत्रमा रहेका स्थानीय गैससहरू समुदायको विकासमा छुट्टै पहिचान बनाउन सफल भएका छन् ।



त्यस्तै कार्यक्रमले सहकारीको व्यवस्थापनमा सञ्चालित युवा आप्रवासन सूचना केन्द्रहरूलाई क्षमता बढाउनका लागि सुरक्षित आप्रवासन सम्बन्धी प्रशिक्षक प्रशिक्षण तालिमहरू तथा अभिमुखीकरण, अवलोकन भ्रमण, सरोकारवाला निकायसँग सम्पर्क समन्वयमा पहुँच, सूचनामूलक सामग्रीहरू, पुस्तकालयमा पुस्तक तथा पत्रपत्रिकाहरू, सूचना केन्द्रको व्यवस्थापन, वैदेशिक रोजगार सम्बन्धी सूचनामूलक सामग्रीहरू लगायतमा सहयोग गर्दै आइरहेको छ । त्यस्तै विदेश गएका परिवारहरूको डाटा संकलन गरेर विप्रेषणको सही सदुपयोगको लागि वित्तीय साक्षरता शिविर जस्ता कार्यक्रमहरू सञ्चालन गर्दै आइरहेको छन् । कार्यक्षेत्रका तीनवटा युवा आप्रवासन सूचना केन्द्रहरूले २,५00 जना भन्दा बढी युवाहरूलाई विदेशजाँदा अपनाउनुपर्ने सावधानी र प्रक्रियाका बारेमा सहयोग गरेका छन् । वास्तवमा युवा भनेको त्यस्तो शक्ति हो जस्मा देश हाँक्न सक्ने क्षमता रहेको हुन्छ । तर त्यस्ता युवाहरू समुदायमा बरालिएर हिड्ने, कुलतमा फस्ने, धेरै पैसा कमाउने आशाले वैदेशिक रोजगारको बारेमा जानकारी नलिई जाँदा विदेशमा गएर ठगिने जस्ता समस्याहरू गाउँमा धेरै रहेको छ । युवा आप्रवासन सूचना केन्द्रको स्थापना भएपछि गाउँका युवाहरू विभिन्न पुस्तक तथा पत्रपत्रिकाहरू पढ्न आउनेहरूको क्रम

*(बाँकी १७ पेजमा)*

# समुदायको विकासमा ग्रामीण युवा विकास कार्यक्रम

✍ विमला वस्याल
संस्थागत विकास सहजकर्ता, ग्रामीण युवा विकास कार्यक्रम

सहमति, गैंडाकोट र Awo International Germany बीचको साझेदारीमा सञ्चालित ग्रामीण युवा विकास कार्यक्रमले नवलपरासी जिल्लाको विकट गैंडाकोट नगरपालिका वार्ड नं. ३ र ५ पहाडी गा.वि.स.हरूमा सन् २००८ देखि सहकारी प्रबर्द्धन, युवा आप्रवासन सूचना केन्द्र, स्थानीय गैरसरकारी संस्था तथा आयआर्जनका क्रियाकलापहरू सञ्चालन गर्दै आएको छ । कार्यक्रमले भौगोलिकरूपले विकट स्थानमा रहेका युवा, महिला, दलित, अपाङ्ग, सीमान्तकृत समुदायको क्षमता अभिवृद्धिका लागि सहकारीका माध्यमबाट बचत गर्ने, स्थानीय संस्थाको माध्यमबाट आफ्नो गाउँको विकास गर्ने, वैदेशिक रोजगारमा जाने युवाहरूलाई वैदेशिक रोजगार सम्बन्धी परामर्श प्रदान गर्ने, किसानहरूलाई तरकारी खेती, बाख्रापालन, बंगुरपालनको व्यावसायिकतामा जोड दिने, युवाहरूलाई आत्मनिर्भर हुने खालका मोवाईल रिपेरिङ्ग, प्लम्बिङ्ग जस्ता सीपमूलक तालिमहरू, छात्रवृत्ति, अनौपचारिक शिक्षा, युवा दिवस, आप्रवासन दिवस जस्ता क्रियाकलापहरूले सामाजिक, आर्थिक तथा शैक्षिक क्षेत्रमा महत्त्वपूर्ण योगदान पुऱ्याएको छ ।

कार्यक्रमले सहकारी प्रवर्द्धन गर्दै पूँजी विस्तारमा महत्वपूर्ण योगदान पुऱ्याएको छ । मेलमिलाप बचत तथा ऋण सहकारी संस्था, गैंडाकोट, देवचुली बचत तथा ऋण सहकारी संस्था, कोटथर र महिला मिलन बचत तथा ऋण सहकारी संस्था, रतनपुरमा भाखा नाघेको ऋण ५% भन्दा तल झार्न सफल भएका छन् । विभिन्न समुदायहरूमा सहकारी शिक्षा शिविर सञ्चालन गरेर हाल ३ वटा सहकारी संस्थामा २,०६८ जना शेयर सदस्यहरू तथा रू.२६,६५,६००।- शेयर पूँजी विस्तार भएको छ ।

स्वदेशमै सोचे अनुसारको रोजगारी नहुनु, छोटो समयमै बढी पैसा कमाउने प्रलोभनले वैदेशिक रोजगारका लागि विदेशिनेक्रम तीव्ररूपमा बढ्दै गइरहेको छ । धेरै युवाहरू वैदेशिक रोजगारीमा जाँदा सिक्नुपर्ने महत्वपूर्ण प्रक्रियाहरूको बारेमा जानकारी नहुँदा विदेशी भूमिमा गएर बिचल्लीमा परेका छन् । यिनै समस्याहरूलाई मध्यनजर गर्दै ग्रामीण युवा विकास कार्यक्रमको सहयोग र सहकारीको व्यवस्थापनमा सञ्चालित युवा आप्रवासन सूचना केन्द्रले गाउँबाट जाने युवाहरू विदेशमा गएर विच्चली वा जोखिममा नपरून्, समस्या परेमा सम्पर्क समन्वय गर्न सकुन् भन्ने अभिप्रायले विभिन्न टोलटोलका समुदायमा गएर सुरक्षित आप्रवासनमा अपनाउनु पर्ने प्रक्रियाहरूको बारेमा जानकारीहरू प्रदान गरेका छन् । त्यस्तै केन्द्रले ४६ वटा वैदेशिक रोजगार सम्बन्धी साप्ताहिक परामर्श कार्यक्रम सञ्चालन गरेका छन् । जसबाट १४०० जना गाउँका युवाहरूले वैदेशिक रोजगार सम्बन्धी जानकारी प्राप्त गरे । त्यस्तै ३२ सय जना युवाहरूले सूचना केन्द्रमा रहेका विभिन्न पुस्तक र पत्रपत्रिकाहरू अध्ययन गरेका छन् । जसबाट ग्रामीण क्षेत्रका युवाहरूमा पढ्ने बानीको विकास बढ्दै गएको छ । विदेशी भूमिमा विभिन्न आरोह–अवरोह भोगेर फर्केका युवाहरूसँग अन्तर्क्रिया कार्यक्रम सञ्चालन गरेर विदेश जान लागेका युवाहरू (२१३ जना) लाई विदेश सम्बन्धी जानकारी लिन फाइदा पुगेको छ ।



हाल आएर युवा आप्रवासन सूचना केन्द्रले विदेश जाने युवाहरूको कागजपत्र संकलन गरेर सुरक्षित रूपमा राख्ने व्यवस्था मिलाएको छ । हालसम्म ५६ जना विदेश जाने युवाहरूले विभिन्न प्रक्रियागत कागजपत्रहरूको एक/एक प्रति राखेर गएको अवस्था छ । यस कार्यले विदेश जाने क्रममा वा विदेशमा पुगिसकेपछि कुनै अप्ठ्यारो अवस्था वा बिचल्ली भएमा त्यस कागजपत्रको माध्यमबाट विदेश जाने परिवारको युवालाई सम्बन्धित निकायमा सम्पर्क, समन्वय गरी समस्याबाट मुक्त गराउन सहयोग पुगेको छ । साथै विदेश जाने युवाहरू ठगिने समस्याबाट समेत मुक्ति पाएका छन् ।

वैदेशिक रोजगारमा गएका परिवारका सदस्यहरूलाई राखेर वित्तिय साक्षरता कक्षा सञ्चालनबाट विप्रेषणको सही सदुपयोग गर्न तथा सहकारीमा आवधिक बचतमा रकम जम्मा गर्न उत्प्रेरित गरेको छ । यसबाट समुदायका धेरैजसो महिलाहरू आफ्नो नाममा खाता नखोली IME मार्फत पैसा झिकेर चलाउने तथा खर्च गर्ने प्रव्रित्तिमा कमी आएको छ । विप्रेषण प्राप्त गर्ने ४५ जना महिलाहरू आफ्नै नाममा खाता खोली सहकारीमा रकम जम्मा गर्ने र आवश्यक परेको बेलामा ऋण लिने गरेका छन् । जसबाट सहकारीमा पुँजीको विस्तार भएकोले संस्थाले रू.१,००,०००।- सम्म ऋण लगानी गर्न समेत सफल भएको छ । ग्रामीण भेगका धेरै महिलाहरूको आफ्नो नागरिकता, विहे दर्ता जस्ता कागजपत्रहरू नहुँदा विदेशबाट पठाएको विप्रेषण अन्य छिमेकीको नाममा पठाउने गरेका थिए । यसरी विदेशबाट पठाएको रकम झिकिदिए वापत खातावालाले रकम लिएर ठगी गरेका थिए । अहिले वित्तीय साक्षरता कक्षा सञ्चालनबाट महिलाहरूमा अनावश्यक फजुल खर्चहरू घटाएर आवश्यकताका चिजहरूमा मात्र खर्च गरी बचेको बचतलाई स

यसैगरी कार्यक्रमले स्थानीय गैससको व्यवस्थापन तथा क्षमता अभिवृद्धिमा सहयोग गर्दै आइरहेको छ । यसबाट उनीहरू गाउँमा रहेका समस्याहरूको पहिचान गरी विभिन्न विकास निर्माणका कार्यक्रमहरू सञ्चालन गरेका छन् । रतनपुर गा.वि.स.मा रहेको सिर्जनशिल सामुदायिक विकास मञ्च र कोटथर गा.वि.स.मा रहेको जीवनज्योति सामाजिक विकास मञ्चले विभिन्न निकायहरूमा प्रस्तावना पेश गरी ग्रामीण क्षेत्रको विकासको लागि आर्थिक स्रोत जुटाएर स्थानीयस्तरमा बाटो निर्माण, जुठेल्नो सुधार, ५९ घरमा बंगुर खोर सुधार, ५३ जना अपाङ्गहरूको तथ्यांक संकलन, सरसफाइ, अम्रिसो खेती, शिक्षक, विद्यार्थी र अभिभावक बीच अन्तर्क्रिया, वैदेशिक रोजगार सम्बन्धी सडक नाटक कार्यक्रम, भूकम्प प्रभावित ७४ घरधुरीको सामग्री वितरण तथा पुर्ननिर्माण जस्ता कार्यमा सहयोग गरी सामाजिक र आर्थिक विकासमा महत्त्वपूर्ण भूमिका निभाएका छन् ।

यसरी सहमति ग्रामीण युवा विकास कार्यक्रमले ग्रामीण क्षेत्रका सहकारी, युवा आप्रवासन सूचना केन्द्र, स्थानीय गैससहरू, आयआर्जन, कृषि तथा गैर कृषि क्षेत्रमा समुदायलाई आत्मनिर्भर बनाउँदै सामाजिक, आर्थिक, शैक्षिक चेतनाको स्तर बढाउने कुरामा महत्वपूर्ण योगदान पुऱ्याउन सफल भएको छ ।

# समाजको आँखाबाट हेर्ने दृष्टिकोण बदलिँदै

✍ समिता आले
अर्खला–६, तल्लो अर्खला,नवलपरासी

सशक्त नारी बचत तथा ऋण सहकारी संस्था लिमिटेड अर्खला गा.वि.स.मा गठन भएका विभिन्न महिला स्वावलम्बन, कृषि, बचत, पशुपालन सम्बन्धित समूहहरुको सञ्जालको रुपमा मिति २०६८ सालमा स्थापना भएको हो । सहकारीको नीति नियम तथा निर्देशन अनुसार दर्ता गर्न ग्रामीण भेगमा बसोबास गर्ने महिला समूहको लागि त्यति सजिलो थिएन । महिला तथा बाल बालिका कार्यालय परासी नवलपरासीले सहकारी दर्ता गर्न धेरै प्रयास र पहल पछि सफल भयो । तत्पश्चात हाम्रा सहकारीका महिला दिदीबहिनीहरुमा खुसी उमंग छायो । तर विडम्बनाको कुरो, सहकारी दर्ता गर्नु मात्र ठूलो कुरा थिएन संस्थालाई अगाडि बढाउनु पहिलो प्राथमिकता थियो । भौगोलिक परिवेशले अर्खला गा.वि.स. पहाडै पहाड भएकाले सबैलाई समेटेर लैजान ज्यादै चुनौतिपूर्ण भयो । महिला समूहहरुलाई सहकारी सम्बन्धी ज्ञानको अभावका कारण के गर्ने कसो गर्ने भन्नेकुरामा चिन्तन हुन थाल्यो । चिन्तालाई चिन्तनमा बदल्ने प्रयास भईरहँदा सहमति संस्थाबाट संस्थालाई दीगोरुपमा अगाडि बढाउन विभिन्न गतिविधिहरु सञ्चालन भयो । ऋण व्यवस्थापन तालिम, व्यवसायिक योजना समीक्षा कार्यशाला, सबालमा आधारित तालिम, लेखा व्यवस्थापन तालिम, पर्ल्स तालिम जस्ता सहकारीका मुख्य गतिविधिहरुमा आधारित भएर संस्था प्रबर्द्धनको लागि कार्यक्रमबाट सहयोग हुँदै गयो । सहकारीमा विभिन्न तालिम प्रशिक्षणबाट संस्था क्रमशः अगाडि बढ्दै गएको छ । चारैतिर पहाडै पहाड भएकोले संस्था सञ्चालन तथा व्यवस्थापन गर्नमा धेरै चुनौतीपूर्ण सामना गर्नुपर्‍यो । सहकारीमा भएका थोरै सदस्यले संस्था अगाडि नबढ्ने भएकाले सहकारीमा शेयर सदस्यको संख्या बढाउन छरिएर रहेको बस्तीलाई समेट्नका लागि सञ्चालक समिति तथा बुद्धिजीवी वर्गहरुको प्रयासबाट संस्थाले तातेताते गर्दै क्रमशः अगाडि बढिरहेको अवस्था छ । सहमति संस्थाबाट भएका कार्यक्रमहरुको सहयोगबाट सहकारी सञ्चालन गर्न महिला शेयर सदस्यहरूलाई आत्मबल बढ्दै गएको छ । संस्थाको अहिलेसम्म लगभग चालिस लाख बराबरको कारोबार गर्न सफल भएको छ । यसो हुनु महिला, समूह र शेयर सदस्यहरुको त्याग, तपश्या, बलिदान र स्वभिमानले गर्दा भएको हो । त्यस्तै संस्थाको अर्को महत्वपूर्ण कुरा के छ भने ग्रामीण युवा विकास कार्यक्रमको सहयोग र संस्थाको व्यवस्थापनमा सञ्चालित युवा आप्रवासन सूचना केन्द्रमा स्थानीय युवाहरू आएर ज्ञानवर्द्धक पुस्तकहरू, पत्रपत्रिकाहरू अध्ययन गर्ने परिपाटीको विकास हुदै गएको छ । विशेषगरी यस केन्द्रमा दैनिक रूपमा आउने पत्रपत्रिकाहरुले पनि यसको महत्व अझै बढाएको देखिन्छ । शुरूमा यहाँका युवाहरूलाई युवा आप्रवासन सूचना केन्द्र भनेको के हो ? यस्ले के के कामहरू गर्छ ? भन्नेकुराको जानकारी थिएन । तर अहिले युवा आप्रवासन सूचना केन्द्रमा विभिन्न प्रकारका सूचनामूलक सामग्रीहरू, लेख रचनाहरू, ज्ञानवर्द्धक पुस्तकहरू जस्तैः विभिन्न विधाका पुस्तकहरू कथा, कविता, गजल, गाउँखाने कथाहरू, निवन्ध तथा ज्ञानबर्द्धक पुस्तकहरू, वैदेशिक रोजगार सम्बन्धी सूचनामूलक सामग्रीहरू, विभिन्न पत्रपत्रिकाहरू, युवा मञ्च, अन्तर्राष्ट्रिय मञ्च, स्वास्थ्य सम्बन्धी जानकारीहरू, चेतनामा आधारित मनोरञ्जनमूलक, सीपमूलक, सूचनामूलक सामग्रीहरुले गर्दा पनि युवा तथा बालबालिकाहरूको आकर्षण बढ्दै गएको हो । युवाको आकर्षणको केन्द्रविन्दु वैदेशिक रोजगारसँग सम्बन्धित भएकाले युवा आप्रवासन सूचना केन्द्रले साप्ताहिक परामर्शमा वैदेशिक रोजगारमा जाँदा अपनाउनु पर्ने कुराहरू, नेपाल सरकारले विदेश जानको लागि खुल्ला गरेका देशहरूबारे जानकारी, कालोसूचीमा परेका विभिन्न म्यानपावरहरू, विदेशमा रहेका नेपाली राजदूतावासका विभिन्न नम्बरहरू, करारनामा पत्र, श्रम स्वीकृति पत्र, विभिन्न मुलुकमा जाँदा लाग्ने रकमहरू, आप्रवासन सम्बन्धी सडक नाटक प्रदर्शन, वैदेशिक रोजगारीको क्रममा समस्यामा परेमा सम्बन्धित ठाउँमा उजुरी गरी क्षतिपुर्ती उपलब्ध गराउने आदि बारे जानकारी गराउनुले पनि संस्थाप्रतिको महत्त्व अझ बढ्दै गएको हो । अहिले सम्म १५०० जना सदस्यहरूले युवा आप्रवासन सूचना केन्द्र आएर जानकारी लिएर गएका छन् । यसले ग्रामीण भेगमा रहेका युवालाई धेरै मद्दत गरेको छ ।

यसरी गाउँमा महिलाहरूलाई पुरुष र समाजको आँखाबाट हेर्ने दृष्टिकोण बदलिँदै गएको छ । चुलोचौकोमा व्यस्त महिला दिदीबहिनीहरू आइपरेका चुनौतीहरूलाई समाधान गर्दै तथा संस्था प्रबर्द्धन गर्दै महिला सहकारीको छुट्टै आयाम थपिदै गएको छ । अहिले गाउँमा हुने सार्वजनिक कार्यक्रममा महिला दिदीबहिनीहरूको उल्लेख्य उपस्थिति हुने गर्दछ । यसको श्रेय त्यही सहकारीले गर्दा भएको हो ।

मानिसहरू विभिन्न प्रकारको बचत गर्नुका साथै सस्तो ब्याजदरमा ऋण पाइने हुनाले सहकारी स्थानीय बैंक जस्तो भएको शेयर सदस्यहरूको भनाइ रहेको छ । स्थापनाकालमा सहकारीको अर्थ र महत्व बुझाउन धेरै कठीन महशुस भएको थियो तर वर्तमान समयमा सहमति ग्रामीण युवा विकास कार्यक्रमको सहयोगबाट विभिन्न सहकारी समबन्धी ऋण व्यवस्थापन तालिम, सहकारी शिक्षा शिविर, सहकारी व्यवस्थापन तालिम, सहकारी चाहिने खाताहरू तथा विभिन्न स्टेशनरी सामग्रीहरू, लेखा व्यवस्थापन तालिम तथा लेखा राख्न सहज होस् भन्ने अभिप्रायले कम्प्युटर तथा कम्प्युटर चलाउनका लागि दिएको शिक्षा जस्ता गतिविधिले सहकारीको विकास र विस्तार हुँदै अगाडि बढिरहेको छ । त्यस्तै गरेर सहकारीलाई दीगोरूपले अगाडि बढाउन महिला सञ्चालक समितिहरू पनि विभिन्न नीति नियम र विनियममा रहेर काम गर्दै अगाडि बढिरहेका छन् । अन्तमा सहकारी सम्बन्धी आफ्ना भनाइ राख्न दिनुभएकोमा सहमति, ग्रामीण युवा विकास कार्यक्रम प्रति आभार प्रकट गर्दै कार्यक्रमको उत्तरोत्तर प्रगतिको कामना गर्दछु ।

# कृषि प्रणालीबाट नै जीविकोपार्जन

✍ धमलाल सिञ्जाली
कोटथर-८, काफलडाँडा, नवलपरासी

नवलपरासी जिल्लाको कोटथर गा.वि.स.को थामवेसींबाट दक्षिणतर्फ काफलडाँडा गाउँ अवस्थित छ । थामवेसींबाट यस ठाउँमा पुग्न पैदल बाट करीब दुई घन्टा लाग्दछ । यस क्षेत्रमा मगर, गुरूङ्, नेवार, दलित लगायतका समुदायहरूको बसोबास रहेको छ । यो गा.वि.स.पहाडी भु-भाग र केही समथर जमिनले मिलेर बनेको छ । विकट ठाउँ भएकाले हालसम्म राम्रोसँग यातायातको विकास हुन सकेको छैन । त्यस्तै यातायात, सञ्चार, शैक्षिक जस्ता आधारभुत आवश्यकताहरूका साथै विकास निर्माणका क्रियाकलापहरू पछाडि परेको अवस्थामा छ । विशेष गरी यस ठाउँमा बसोबास गर्ने हरेक व्यक्तिको जीविकोपार्जन खेतीपातीमा नै सीमित छ । यस समुदायको मूख्य पेशा भनेको परम्परागत कृषि अन्तर्गत सुन्तला, अदुवा, दालचिनी, मकै आदिको खेती गरेर दैनिक जीविका चलाएका छन् ।

सहमति, ग्रामीण युवा विकास कार्यक्रमले विभिन्न प्रकारका कृषि तालिमहरू, सुन्तलाका बिरुवाहरू सहयोग, जैविक खेती प्रवर्द्धनका लागि अठ्ठाइस घरधुरीमा गोठ सुधार, अनौपचारिक शिक्षा, भ्रमण जस्ता कार्यले यस गाउँको विकास क्रमशः अगाडि बढ्दै गएको छ । त्यस्तै कृषिमा तालिम प्राप्त स्थानीय स्रोत व्यक्तिबाट बालीनालीमा देखापर्ने समस्याहरूलाई नियन्त्रण गर्नमा सहयोग पुगेको, कृषि उपज विक्री वितरणका लागि ढक तराजु जस्ता सामग्रीहरू तथा सिकेचरको प्रयोगले सुन्तला काँटछाट गर्न सहयोग पुगेको छ । यस क्षेत्रका कृषकहरूले अन्दाजीको भरमा आफ्ना कृषि उपज तथा खसी बोकाहरू बेच्ने गर्दथे । यसो गर्दा धेरै किसानहरू ठगिएको अवस्थामा थिए । अहिले सबैजनाले आफ्ना वस्तुहरू जोखेर बेच्न थालेका छन् । यस गाउँमा करीब पाँच हजारको हाराहारीमा सुन्तलाको विरुवाहरू रहेका छन् । यहाँका प्रत्येक किसानले वार्षिक एक लाख रूपैयाँ भन्दा बढी आयआर्जन गर्न थालेका छन् । त्यस्तै ३१ घरधुरी रहेको यस गाउँका कृषकहरूले कृषि तालिम, भ्रमण, गोष्ठीबाट प्रविधिहरू सिकेर खोरियामा कोदो मकै लगाउनुको सट्टा दालचिनी, सुन्तला, अदुवा तथा कागतीका विरुवाहरू लगाएर धेरै आम्दानी गर्न सफल भएका छन् ।

त्यस्तै वि.सं.२०७१ साल वैंशाखदेखि डाडाँझेरी तथा कोटथर गा.वि.स.मा आबद्ध १५१ कृषकहरूको २३८१ रोपनी क्षेत्रफलमा रहेको अदुवा, सुन्तला, दालचिनी, गेडागुडी उत्पादनलाई नेपालको प्राङ्गारिक कृषि उत्पादन तथा प्रशोधन प्रणालीको राष्ट्रिय प्राविधिक मापदण्ड-२०६५ बमोजिम प्रमाणित गरी संकेत चिन्ह प्रयोग गर्ने अनुमति प्रदान गरिरहेको छ । यसले गाउँमा उत्पादन भएका कृषि उपजहरूलाई राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरमा सम्पर्क समन्वय गरेर बिक्री गर्न सकिने सम्भावना बढेको छ । त्यस्तै जुसर मेशिनबाट सुन्तलाको अर्गानिक जाम जेली बनाएर विक्री गर्ने समूहको लक्ष्य रहेको छ । म झेरीखण्डे कृषि उत्पादन समूहको अध्यक्ष पनि हुँ । अहिले झेरीखण्डे जैविक कृषि उत्पादन समूहले पाँच गाउँको कृषि उत्पादनलाई बजार प्रबर्द्धनका लागि गैंडाकोट नगरपालिकाको जनक स्कुलसँगै झेरीखण्डे प्राङ्गारिक कृषि उत्पादन बिक्री केन्द्र पसल खोलेर कृषि उपजहरू बिक्रीवितरण गर्न थालेको छ । यहाँ ८०० मिटर भन्दा माथि उत्पादन भएका कृषि उपजहरू स्वादिलो र पोषणयुक्त भएकाले झेरीखण्डे प्राङ्गारिक कृषि उत्पादन बिक्री केन्द्रमा मानिसहरूको किनमेल गर्ने क्रम पनि बढ्दै गइरहेको छ । साथै समूहले बजार प्रबर्द्धनका लागि विभिन्न महोत्सवहरूमा लगेर प्रागारिक वस्तुहरूको प्रचार प्रसार गर्ने तर्फ जोड दिन थालेको छ ।



सहमतिले समुदायको लागि गरेको कार्यप्रति हामी झेरीखण्डे कृषि उत्पादन समूह आभारी छौं । यसरी आगामी दिनमा पनि गाउँको कृषिको विकास र विस्तारका लागि निरन्तर सहयोगको अपेक्षा गर्दै संस्थालाई धन्यवाद दिन चाहन्छौं ।

---

## आप्रवासी कामदार ..............

एक अर्का प्रति सम्मान गर्ने स्थिति सिर्जना गरेको छ । नयाँ नयाँ प्रविधिको प्रयोग र संजालमा भएको आबद्धताले एक अर्काको संस्कृतिका राम्रा कुरा सिक्ने, प्रयोग गर्ने र परम्परागत संस्कृतिको जगेर्ना गर्न सहयोग पुगेको छ । मगर समुदायले मनाउने चाडपर्वहरू विदेश लगायत विभिन्न ठाउँमा मनाउनाले त्यसको जगेर्नाका साथै अन्य समुदायले जान्ने मौका पाएका छन् । स्थानीय बजार क्षेत्रमा मगर सांस्कृतिक पर्व मनाउन थालिएका छन् । वैदेशिक रोजगारीका कारण पर-संस्कृतिकरण बढ्नुले परम्परागत भेष-भुषा प्रयोगमा न्यून हुनुका साथै कतिपय मौलिक परम्परा लोप हुने खतरा पनि उत्तिकै रहेको छ ।

यसरी वैदेशिक रोजगारीले विभिन्न क्षेत्रमा सकारात्मक प्रभाव पारेको छ भने यसको नकारात्क असरलाई पनि नकार्न सकिन्न । हालका दिनहरूमा नेपालको वैदेशिक रोजगारीकोस्तर व्यापक भएका कारण सकारात्मक प्रभावका साथै नकारात्मक प्रभाव व्यापक हुने भएकाले राम्रो कुराको बढावा दिन र नराम्रो पक्षलाई कमी ल्याउन सरकार, गैर-सरकारी संस्था र निजी क्षेत्रको सहकार्य गरी काम गर्नु पर्ने अपरिहार्यता रहेको छ ।

**सन्दर्भ सामग्रीः**


1. Bhattarai Prakash, Migration of Nepalese Youth for Foreign Employment
2. DoFE: Labour Migration for Employment: Status Report 2013/14
3. Gajurel, Deepak. Impact of Migration.
4. Kantipur National Daily
5. NRB : Financial Report
6. SAHAMATI-RYDP: Baseline, Enline and periodic reports
7. World Bank Report: Migration and Entrepreneurship in Nepal

# आर्थिक विकासको मेरुदण्ड सहकारी

✍ खेमराज ठाडा मगर
कोटथर-५, थामबेसी, नवलपरासी

नवलपरासी जिल्लाको पहाडी गा.वि.स कोटथर, थामबेंशी स्थित २६ जना सदस्यहरुको सक्रियतामा २०५८ सालमा देवचुली बहुउद्धेश्यीय सहकारी संस्थाको नाममा डिभिजन सहकारी कार्यालय नवलपरासीमा दर्ता भएको थियो । तर उद्देश्य अनुसार प्रगति नभएकाले २०६६ सालमा बचत तथा ऋणमा परिवर्तन भयो । सहकारीको विगतलाई हेर्दा स्थापनाको समयमा कोटथरमा कार्यक्रम सञ्चालन गरिरहेको एक्सनएड संस्थाले आफ्नो कार्यक्रमको अन्तिम समयमा सहकारी दर्तामा सहयोग गरेको थियो । संस्थाका पदाधिकारीहरू, कर्मचारी तथा सदस्यहरुलाई सहकारी किन ? कसरी ? कसलाई ? भन्ने प्रर्याप्त ज्ञान थिएन । सहकारी अवधारणाको अभाव, व्यवस्थापनको कमजोर पक्ष, समयमा बैठक नबस्ने, नियमित बचत नहुने, लगानी भएको ऋण उठ्न नसक्ने आदि कारणले गर्दा सहकारी प्रतिको विश्वास घट्दै गएको थियो र अन्तमा सहकारी बन्द हुने अवस्थामा पुग्यो । त्यस्तै बचत तथा ऋणका सबै कारोबारहरू ठप्प भए ।

यही क्रममा सहमति संस्थाद्वारा सञ्चालित ग्रामीण युवा विकास कार्यक्रमले २०६५ सालदेखि सहकारी शिक्षा शिविर, सहकारी व्यवस्थापन, लेखा व्यवस्थापन सम्बन्धी तालिमहरू तथा अध्ययन अवलोकन भ्रमणहरू, व्यवसायिक योजना तर्जुमा जस्ता कार्यक्रमहरू सञ्चालन भएपछि अहिले पहिलाको भन्दा धेरै चेतनामा बृद्धि भएकाले सहकारी तीव्र गतिमा अगाडि बढेको छ ।

सहकारीको विगत र वर्तमान अवस्थालाई हेर्दा सहकारीको सफलतालाई यसरी हेर्न सकिन्छ ।

| **कार्यक्रमले सहयोग गर्नु अघिको अवस्था** | **सहयोग पछिको अवस्था** |
|---|---|
| शेयर सदस्य संख्या ६८ जना | शेयर सदस्य ७५४ जना |
| शेयर पुँजी रू ६८००।- | हाल रू.११,५६,०००।- |
| बचत रकम रू १२,१००।- | हाल रू.२९,२६,५६५ ।- |
| ऋण लगानी रकम रू ३८,२००।- | हाल रू. २९,७९,५४७।- |
| जगेडा कोष रकम रू २३,५५०।- | हाल रू. ७,९२,६४४।- |
| बचत दर रू १०।- | न्यूनतम रू.१००।- |
| ऋणको सिमा रू ५,०००।- | हाल रू.१,००,०००।- |
| बचतमा व्याजदर ९ ％ | बचतमा व्याजदर ८ ％ |
| ऋणमा व्याजदर २४ ％ | ऋणमा व्याजदर १४ ％ |

यस सहकारीबाट शेयर सदस्यहरूलाई आयमूलक, आकस्मिक, सामाजिक ऋण तथा वैदेशिक रोजगार ऋण तथा विभिन्न बचतहरूको सेवा उपलब्ध गराउदै आइरहेको छ । सहकारीमा नियमित बैठक, छलफल, बचतमा नियमितता तथा नियमित ऋण असुली हुने गरेको छ । सदस्यहरूले ऋण लिई आफ्नो आर्थिक तथा सामाजिक क्षेत्रमा उन्नती गरेका छन । यस्तै कार्यक्रमको सहयोगपछि सहकारी संस्थाको मुहार नै फेरिएको छ । संस्थाको आफ्नै जग्गा तथा भवन नभएको त्यस अवस्थामा ग्रामीण युवा विकास कार्यक्रमको सहयोगमा भवन निर्माण, फर्निचर तथा कम्प्यूटरहरुमा सहयोग गरेको छ । आफ्नो गाउमै बचत जम्मा गर्ने र सजिलै सँग ऋण दिन सक्ने देवचुली बचत तथा ऋण सहकारी संस्था सशक्त बन्दै गएको छ । वर्तमान समयमा सहकारीको नीजि भवन, दुई जना कर्मचारी, युवा आप्रवासन सूचना केन्द्र रहेका छन् । सहकारी संस्था सहकारी सञ्जालहरूमा जस्तै नेपाल केन्द्रीय बचत तथा ऋण सहकारी संस्था र जिल्ला सहकारी संघमा समेत आवद्ध भएको छ । त्यस्तै सहकारी संस्थाको स्थापनाले बचत गर्ने प्रवित्तिको विकास पनि बढ्दै गएको छ । यस संस्थामा धेरै शेयर सदस्यहरू बनेका छन् । यिनिहरूले गरेको बचत तथा व्यावसायिक प्रयोजनका लागि होस् या घरायसी प्रयोजनका लागि होस्, लिएको ऋणबाट गरेको प्रगति देखेर बचत गर्ने भन्नेकुरा ठूलो कुरा रहेछ भन्नेकुरा बुझेको अवस्था छ । आजको सानो बचतले भोलीको ठूलो समस्या टार्न सजिलो हुन्छ भन्नेकुरा आम समुदायले बुझ्नु जरूरी छ । किनकी संस्थाबाट शेयर सदस्यहरूले सस्तो व्याजदरमा ऋण लिएर व्यापार गरेका, कतिले ऋण लिएर विदेश गएका छन् , कतिले घरायसी आयआर्जनमा प्रयोग गरेका छन् । यसले गाउँका व्यक्तिहरूलाई साहुमहाजनबाट लिने चर्को व्याजदरबाट समेत मुक्ति दिलाएको छ । वास्तवमा सहकारी स्थानीय बैंककोरूपमा स्थापित भएको छ । यसमा हामी सबैले गौरव गर्नु पर्दछ ।



त्यस्तै सहमति, ग्रामीण युवा विकास कार्यक्रमको सहयोग र देवचुली बचत तथा ऋण सहकारी संस्था लिमिटेडको व्यवस्थापनमा सञ्चालित युवा आप्रवासन सूचना केन्द्र मार्फत ग्रामीण क्षेत्रका युवाहरूलाई विभिन्न कृषि तथा गैर कृषि तालिममा सहभागी गराई स्वरोजगार बनाउने अभियानमा सहयोग गरिरहेको छ भने वैदेशिक रोजगारमा जाने युवाहरूको लागि पनि सुरक्षित आप्रवाशन सम्बन्धी जस्तै शारीरिक र मानसिक रूपमा तयारी, आर्थिक तयारी, घरपरिवारको व्यवस्थापन, आम्दानी-खर्चको लेखाजोखा, पासपोर्ट तयारी, नेपाल सरकारबाट सुचीकृत गरिएका देशहरू र सम्बन्धित देशमा जाँदा लाग्ने लागत रकमहरू, कालो सूचीमा परेका म्यानपावरहरू, श्रम स्वीकृति पत्र, करारनामा, जीवन बीमा, मेडिकल रिपोर्ट, अभिमुखीकरण तालिम, कल्याणकारी कोष, रसीद वा भरपाई, कागज पत्रको सुरक्षा तथा प्रतिलिपिको व्यवस्था, मृतक कामदारका हकदारले र अङ्गभङ्ग भएका कामदारले पाउने आर्थिक सहायता, काफला प्रणाली वारे जान्नैपर्ने कुराहरू, गन्तव्य मुलुक पुगेपछि ध्यान दिनुपर्ने कुराहरू, वैदेशिक रोजगारमा जानको लागि अनिवार्य गरिएका व्यवस्थाहरू, प्राविधिक सीप सीकेर जाने, काठमान्डौको त्रिभुवन अन्तर्राष्ट्रिय विमान स्थल मात्र प्रयोग गर्ने भारत विमान स्थल प्रयोग गर्दा ठगी र समस्यामा पर्ने कुराहरूको बारेमा बुझ्ने, सम्बन्धित देशको राजदुतावास तथा अन्य सहयोगी निकायका ठेगाना र सम्पर्क नम्बर

*(बाँकी १२ पेजमा)*

# व्यावसायिक कृषिले ल्याएको सफलता

देउबहादुर फाल मगर
डाँडाझेरी ८, छरछरे

नेपालको मध्यभागमा रहेको नवलपरासी जिल्ला सुगम जिल्ला भनिए तापनि भौगोलिक आधारले दुर्गम क्षेत्रमा अवस्थित डाँडाझेरी गा.वि.स. वार्ड नं. ८ छरछरेमा मेरो जन्म भएको हो । हाम्रो गाउँमा परम्परागत संस्कृति, कुरीति, अन्धविश्वास लगायतका कु कारले गर्दा मानिसहरूले आफ्नो बालबच्चाहरूलाई स्कुल नपठाई गोठाला तथा दाउरा, घाँस गर्न पठाउने गर्दथे । त्यसबेला शिक्षा लिन चाहने व्यक्तिले पनि विद्यालय जान घन्टौं लाग्ने भएका कारण विद्यालय जान सक्दैनथे । गाउँमा यस्तै यस्तै संस्कारको विकासले गर्दा मैले पनि ज्ञानको ज्योतिलाई अगाडि बढाउन सकेको थिइन । सदियौंकालदेखि हाम्रा पुर्खाहरूले गर्दै आएको परम्परागत कृषि प्रणालीलाई अँगाल्दै मैले पनि सोही पेशालाई अगाडि बढाउन थाले । सोही अनुरूप थोरै क्षेत्रफलमा सुन्तला, अदुवा, दालचिनी लगायतका बालीहरूको खेती गर्दै आइरहेको थिए । जसबाट दैनिक रोजीरोटी चलाउन पनि मुस्किल परिरहेको थियो । अर्कोतिर हामीलाई व्यवसायीक कृषि कार्य गर्नेतर्फ कुनै सोंच नै थिएन । परम्परागत सोंचलाई व्यवसायिक सोंचमा बदल्नका लागि कुनै पनि संस्थाले यस क्षेत्रमा काम गरेको थिएन ।

जव गैंडाकोटमा रहेको सहमति, ग्रामीण युवा विकास कार्यक्रमले सन २००८ देखि यस गा.वि.स.मा विभिन्न कार्यक्रमहरू सञ्चालन भयो । तत्पश्चात यस क्षेत्रको सामाजिक विकासमा धरै नै टेवा पुगेको छ । यस कार्यक्रमले कृषि प्रबर्द्धनका लागि फलफुल सम्बन्धी तालिम, तरकारी खेती तालिम, प्राङ्गारिक खेती तालिम लगायतका नयाँ नयाँ प्रविधिहरू सिक्ने अवसर प्राप्त भयो । सो नयाँ प्रविधि प्राप्त भएपछि हामीहरूले पनि आफ्नो बालीनालीमा सोही अनुसार गर्न थाल्यौं । परम्परागत भन्दा आधुनिक तवरबाट खेती गर्दा उत्पादन बढेको कुरा हामी प्रत्यक्षरूपमा अनुभूती गर्न थाल्यौं । अर्कोतर्फ उत्पादीत वस्तुलाई बजार व्यवस्थापन गर्न व्यापारी र कृषक बीच अन्तरक्रिया कार्यक्रमबाट पनि व्यापार गर्न सहज भएको छ । जब कि आफूलाई बिक्री गर्ने माध्यमको बारेमा राम्रो जानकारी पनि थिएन । अहिले गाउँका सबै किसानहरूले कृषि फसलहरू बजार बिक्रीका लागि एक आपसमा चिनाजानीका कारण समस्या परेको छैन । तर यसको उचित रूपमा दिगो र व्यवस्थापन नभएका कारण उचित मूल्य नपाएको अवस्था भने पक्कै हो । मैले गत वर्ष दालचिनीको बोक्रा तथा पातबाट रू.४०,०००।–, सुन्तलाबाट रू.१,५०,०००।–, अदुवा तथा सुठोबाट रू.२५,०००।– गरी जम्मा रकम २,१५,०००।– आम्दानी गर्न सफल भएको थिए । किनकी अगाडिको वर्ष अदुवाको बजार मूल्य राम्रो थियो । अहिलेको वर्ष के कस्तो हुने हो त्यो भने हेर्न बाँकी छ । यदि यस वर्ष पनि बजारले साथ दिने हो भने गत वर्ष भन्दा बढी आम्दानी हुने आशा राखेको छु ।

त्यस्तै सहमति संस्थाले दीगो कृषिका लागि बाह्य लागतको कम प्रयोग (लिजा) सम्बन्धी तालिमबाट पनि हामीलाई धेरै नै मद्यत पुगेको छ । भारतको उडिसामा रहेका कृषि वैज्ञानिक शिशिर कुमार पारिजा सरबाट प्राङ्गारिक रसादी बनाउने तालिम लिए पछि बाहिरबाट विषादी किनेर राख्नु नपर्ने भएको छ । यसको प्रयोग हामी सबैले गरिरहेका छौं । वाली लगाउनु पुर्व विभिन्न प्रकारका रोग तथा कीराको प्रकोप हुने गर्दथ्यो भने अहिले प्राङ्गारिक रसादीको प्रयोगले रोग किराहरूको नियन्त्रणमा विस्तारै विस्तारै नियन्त्रण हुँदै गईरहेको छ । शुरूको समयमा प्रविधिलाई ग्रहण गर्न अप्ठ्यारो महशुस भएको थियो । वालीमा खजरा मल, जिवामृत,



अमृत जल, माटोको भाँडोमा बनाईने रसादीलाई वालीनालीमा प्रयोग गरेपछि वालीले देखाएको परिवर्तनले हामीलाई प्रविधि प्रति विश्वास बढ्दै गएको छ । पहिले हामी हाईब्रिड जातका विउविजन प्रयोग गर्ने गर्थ्यौं भने अहिले हामी उन्नत जातका विउविजन लगाउँदै आईरहेको छौ ।

उन्नत जातको विउ प्रयोग गर्दा उत्पादन कम हुन्थ्यो भने अहिले आएर स्थानीय जातको विउविजन प्रयोग गर्दा केही मात्रामा उत्पादन वृद्धि भएको छ । स्थानीय जातको विउ प्रयोग गर्दा कम मल प्रयोगले तथा स्थानीय हावापानीमा राम्रो फस्टाउने भएकोले म लगायत स्थानीय बासीन्दाको पनि आकर्षण बढ्दै गएको छ । विषादीको प्रयोगले उत्पादन वृद्धि भएपनि स्वाथ्यको दृष्टिकोणले हानिकारक भएकोले स्थानीय वनस्पतिको प्रयोग गरेर जैविक रसादी तयार गरी बालीनालीमा प्रयोग गर्दा स्वथ्य तरकारी उत्पादन हुने र उपभोग गर्दा विषादी खान नपर्ने भएकाले यहाका म लगायत अरू कृषकहरू पनि आकर्षण बढेको हो । यसरी खेती गर्दा उत्पादन कम भए पनि भएको उत्पादित उपजलाई विक्री वितरण गरेर सहकारीमा पनि मासिक रू.४००। बचत गरेको छु भने अरू परिवारमा घर खर्च, पढाउने खर्चमा लगानी गर्ने गरेको छु । यसरी मलाई व्यावसायिक कृषि तर्फ अगाडि बढाई हौसला तथा ज्ञान प्रदान गर्नु भएकोमा सहमति संस्थालाई धेरै धेरै धन्यवाद ।

---

## आर्थिक विकासको ..............

जस्ता जानकारीहरू दिदैं आईरहेको छ । यस संस्थालाई थप मजबुत बनाउन रूस्सहकारीको उप समितिकोरूपमा सञ्चालनमा राखिएको छ । यसबाट वैदेशिक रोजगारीका लागि गरिएको ऋण लगानीलाई थप सुरक्षित हुन सहयोग पुगेको छ ।

म सम्पूर्ण साथीभाईहरू वा दाजुभाई, दिदी बहिनी र आमाबाबुलाई के भन्न चाहन्छु भने सहकारीमा सबैले बचत गर्ने जोड गरौं, शेयर सदस्यमा सहभागी बनौं, बचतले नै हामीलाई सुखी र जीवनमा खुशी ल्याउँछ । अनावश्यक खर्चहरू नगरिकन थोरै थोरै गरेर बचत गर्दै गयौं भने भोलीका दिनमा ठूलो गर्जो टार्न सकिन्छ भन्दै सम्पूर्ण कोटथरवासी तथा युवा जनशक्तिहरूलाई एकजुट भएर अझ अगाडि बढ्न तथा संस्था प्रबर्द्धनको लागि कार्यक्रमबाट पाएको सहयोग प्रति आभार प्रकट गर्दै श्री देवचुली बचत तथा ऋण सहकारी संस्थाका कार्यसमिति र सम्पूर्ण शेयर सदस्यहरूको तर्फबाट सहमति संस्थालाई धन्यवाद दिन चाहन्छु । जय सहकारी । जय सहकारी ।। जय सहकारी ।।।

## समुदायमा चेतना बढ्दै गएको

✍ धनमाया श्रेष्ठ
कोटथर-५,थामवेंशी, नवलपरासी



नवलपरासी जिल्लाको सबैभन्दा अति दुर्गम क्षेत्र भनेर कोटथर गा.वि.स लाई चिनिन्छ । यस गा.वि.स.को वार्ड नं. ५ मा बसोबास गर्ने म धनमाया श्रेष्ठ श्री कालिका प्रा.वि. कोटथर दुईको शिक्षिका पनि हुँ । मेरो घर नजिकै श्री देबचुली बचत तथा ऋण सहकारी संस्था अवस्थित छ । म फुर्सदको समयमा सहकारीको बारेमा जानकारी लिने गर्दछु । मलाई सहकारीको महत्वको बारेमा जानकारी भएकाले परिवारका पाँच जनाको बचत जम्मा गरेको छु । यो सहकारी स्थापनाकालमा राम्रो भएपनि बीचको समयमा हराएको अवस्थामा पुगेको थियो । भनिन्छ, काँचो माटो जस्तो बनायो त्यस्तै बन्छ भने झैं गाउँमा सहकारीको महत्व नबुझ्केका कारण संस्थाको अवस्था अन्यौल रहेको थियो । संस्थामा बनेका शेयर सदस्यहरूलाई केही जम्मा गरेको बचत पनि डुब्यो भन्ने चिन्ताले ग्रसित बनाएको थियो । यता न उता भएको सहकारीको त्यो अवस्थामा सहमति, ग्रामीण युवा विकास कार्यक्रमबाट भएको सहयोगले सूर्यको प्रकाशले धर्ती उज्यालो बनाए झैं सहकारीको जीवनकालमा छुट्टै आयाम थप्न सहयोग भयो । कार्यक्रमबाट सहकारी सम्बन्धी तालिमहरू तथा सहकारी शिक्षा शिविर सञ्चालनबाट विस्तारै-विस्तारै समुदाय सहकारीप्रति ध्यान केन्द्रित हुँदै गयो । कार्यक्रमले गाउँमा विभिन्न गतिविधिहरू जस्तै पशुपालन व्यवसाय, प्राङ्गारिक खेती, अभिभावक, विद्यार्थी र शिक्षक बीच अन्तर्क्रिया जस्ता क्रियाकलाप गर्दा सहकारीको महत्वलाई जोड दिदैं जाँदा आज सहकारीले एक लाखसम्म ऋण दिन सक्ने अवस्थामा आइपुगेको छ ।

सहकारीको अर्को महत्वपूर्ण अंङ्ग भनेका युवा आप्रवाशन सूचना केन्द्र स्थापना हुनु हो । यस केन्द्रले गाउँका अधिकांश युवाहरू विदेश गएका छन् ति युवाहरूलाई वैदेशिक रोजगार सम्बन्धी ज्ञान दिन साप्ताहिक परामर्श सेवा सञ्चालन गरेको छ । बचत गर्ने तथा विप्रेषण व्यवस्थापनका लागि वित्तीय साक्षरता शिविरले समुदायमा चेतना बढ्दै गएको छ । केन्द्रको सहयोगबाट यहाँका युवाहरूलाई वैदेशिक रोजगारमा जानुपूर्व तथा गन्तव्य मुलुकमा पुगेपछि गर्नुपर्ने प्रक्रियाका बारेमा, सुरक्षित आप्रवासन सम्बन्धी प्रशिक्षक प्रशिक्षण तालिमहरू, अभिमुखीकरण गोष्ठीहरू सञ्चालनबाट पासपोर्ट, नागरिकताको प्रमाणपत्र, जीवन विमा, भिजा प्रक्रिया, स्वास्थ्य परीक्षण, भरपर्दो रिक्रुटिङ्ग कम्पनी र एजेन्सी छनौट, गन्तव्य मुलुकको प्रस्ट जानकारी, श्रम स्वीकृति, विदेश स्थित राजदूतावासका नम्बरहरू लगायत सूचना सम्प्रेषणले वैदेशिक रोजगारमा जान ईच्छुक र विदेश जाने युवाहरूलाई सूसुचित हुने अवसर मिलेको छ ।

यसबाट सहकारीमा गाउँबाट विदेश जाने युवाहरूको विप्रेषण संस्थामा ल्याउन सकेमा सहकारीमा बचत बढ्ने, शेयर सदस्यहरूले सस्तो ब्याजदरमा ऋण पाउने तथा विदेश जाने परिवारका सदस्यहरूलाई केही घटनामा परेमा उद्धारको लागि व्यवस्थापन गर्ने भन्नेकुरामा अगाडि बढाउने सोंच गरिरहेको

*(बाँकी २२ पेजमा)*

## समाजको हेर्ने दृष्टिकोण बदलिँदै

✍ दुमीसरा सारु
अर्खला-६, तल्लो अर्खला, नवलपरासी



सशक्त नारी बचत तथा ऋण सहकारी संस्था लिमिटेड अर्खला गा.वि.स.मा गठन भएका विभिन्न महिला स्वावलम्बन, कृषि, बचत, पशुपालन सम्बन्धित समूहहरूको सञ्जालको रुपमा मिति २०६८ सालमा स्थापना भएको हो । सहकारीको नीति नियम तथा निर्देशन अनुसार दर्ता गर्न ग्रामीण भेगमा बसोबास गर्ने महिला समूहको लागि त्यति सजिलो थिएन । महिला तथा बाल बालिका कार्यालय परासी नवलपरासीले सहकारी दर्ता गर्न धेरै प्रयास र पहल पछि सफल भयो । तत्पश्चात हाम्रा सहकारीका महिला दिदीबहिनीहरूमा खुसी उमंग छायो । तर विडम्बना कुरो, सहकारी दर्ता गर्नु मात्र ठूलो कुरा थिएन संस्थालाई अगाडि बढाउनु पहिलो प्राथमिकता थियो । भौगोलिक परिवेशले अर्खला गा.वि.स. पहाडै पहाड भएकाले सबैलाई समेटेर लैजान ज्यादै चुनौतिपूर्ण भयो । महिला समूहहरूलाई सहकारी सम्बन्धी ज्ञानको अभावका कारण के गर्ने कसो गर्ने भन्नेकुरामा चिन्तन हुन थाल्यो । चिन्तालाई चिन्तनमा बदल्ने प्रयास भईरहँदा सहमति संस्थाबाट संस्थालाई दिगोरुपमा अगाडि बढाउन विभिन्न गतिविधिहरू सञ्चालन भयो । ऋण व्यवस्थापन तालिम, व्यवसायिक योजना समिक्षा कार्यशाला, सबालमा आधारित तालिम, लेखा व्यवस्थापन तालिम, पर्ल्स तालिम जस्ता सहकारीका मूख्य गतिविधिहरूमा आधारित भएर संस्था प्रबर्द्धनको लागि कार्यक्रमबाट सहयोग हुँदै गयो । सहकारीमा भएका थोरै सदस्यले संस्था अगाडि नबढ्ने भएकाले सहकारीमा शेयर सदस्यको संख्या बढाउन छरिएर रहेको बस्तीलाई समेट्नका लागि सञ्चालक समिति तथा बुद्धिजीवी वर्गहरूको प्रयासबाट संस्थाले तातेतातै गर्दै क्रमशः अगाडि बढिरहेको अवस्था छ । संस्थाको अहिलेसम्म लगभग चालिस लाख बराबरको कारोबार गर्न सफल भएको छ । यसो हुनु महिला, समूह र शेयर सदस्यहरूको त्याग, तपश्या, बलिदान र स्वभिमानले गर्दा भएको हो । सहमति ग्रामीण युवा विकास कार्यक्रमले तालिम लगायत सहकारीमा चाहिने खाताहरू तथा विभिन्न स्टेशनरी सामग्रीहरू तथा भौतिक सामग्री सहयोगले सहकारीको खर्च घटाउन सहयोग मिलेको छ ।

यसरी महिलाहरू सहकारीमा एकीकृत भई आर्थिक कारोबार गरेपछि परिवारमा उनीहरूको महत्व बढ्दै गएको छ । सहकारी मार्फत महिला अधिकार तथा पैरवीका कार्यक्रमहरूले महिलाहरूलाई सचेतना बढाई अधिकारमा सु-सुचित गर्न सहयोग मिलेको छ । यस्ता क्रियाकलापहरूले गाउँका महिलाहरूलाई अगाडि बढ्न सहयोग पुर्‍याउनुका साथै समाजको आँखाबाट हेर्ने दृष्टिकोण बदलिदैं गएको छ । चुलोचौकोमा व्यस्त महिला दिदीबहिनीहरू आईपरेका चुनौतीहरूलाई समाधान गर्दै तथा संस्था प्रबर्द्धन गर्दै महिला सहकारीको छुट्टै आयाम थपिदै गएको छ । अहिले गाउँमा हुने सार्वजनिक कार्यक्रममा महिला दिदीबहिनीहरूको उल्लेख्य उपस्थिती हुने गर्दछ । यस्को श्रेय त्यही सहकारीले गर्दा भएको हो ।

मानिसहरू विभिन्न प्रकारको बचत गर्नुका साथै सस्तो ब्याजदरमा ऋण पाइने हुनाले सहकारी स्थानीय बैंक जस्तो भएको शेयर सदस्यहरूको भनाइ रहेको छ ।

# बचत गर्ने बानी बस्यो

✍ जितबहादुर दराई
बुलिङटार-४, नवलपरासी



बुलिङ्टार गा.वि.स. भौगोलिक हिसावले चारैतिर डाँडाकाँडाले घेरीएको बीचमा समथर भूभाग पूर्वतिर छिमेकी गा.वि.स.स्वच्छ र निश्चलरूपमा आफ्नो गन्तव्य स्थानतिर बगिरहेको काली गण्डकी नदी र उत्तर तर्फ छिमेकी जिल्ला तनहुँ जिल्ला रहेको दक्षिण तिर अर्खला गा.वि.स.को बीचमा रहेको छ । यस बुलिङ्टार गा.वि.स.मा बाहुन क्षेत्रीहरूको बाहुल्यता रहेको छ । मगर, कुमाल, दलित तथा दराईहरूको पनि बसोबास वरहेको छ । दराई जातिहरू प्राय माछा मार्ने खेतीपातीका लागि काम गर्ने गर्छन् । यिनीहरूको आर्थिक अवस्था तुलनात्मकरुपमा कमजोर रहेको छ ।

सामान्यतया आर्थिक तथा प्रशासनिक क्षेत्रमा बाहुन जातिको पहुँच रहेको देखिन्छ । यस बुलिङ्टार गा.वि.स. का पढेलेखेका र विभिन्न सरकारी तथा गैर सरकारी क्षेत्रमा उनै समुदायका व्यक्तिहरू पुगेका छन् । गा.वि.स.स्तरिय संघसंस्थामा पनि बाहुन तथा मगरहरूकै बाहुल्य छ । सहकारी लगायत अन्य संघ संस्थामा पनि दलित तथा दराई जातिको पहुँच अत्यन्तै कमजोर अवस्थामा रहेको थियो । सहमति ग्रामीण युवा विकास कार्यक्रम मार्फत सञ्चालित सहकारी शिक्षाका कारण समुदायका व्यक्तिहरूले पनि सहकारीमा खाता खोल्ने र कारोबार गर्न शुरुवात गरे । शुरुका दिनमा बचत गर्न सजिलो भएता पनि ऋण लिनका लागि असहज हुने स्थिति रहेको थियो । विस्तारै विस्तारै बचत गर्दै जाँदा पूँजी पनि बढ्दै गयो भने सहकारीका पदाधिकारीहरूको विश्वास पनि बढ्दै गयो ।

हाल आएर वडा नं. ४ दद्रालीमा रहेका १४ दराई घरधुरी मध्ये प्रत्येक घरबाट २ जना शेयर सदस्यहरू बनेका छन् । यसरी हरेक घरकाले बचत गर्न थाले पछि घरायसी खर्च तथा औषधि उपचारका लागि साहु महाजनबाट ऋण लिने बाध्यता टरेको छ । यसैगरि दराईहरू पनि परम्परागत खेती तथा माछा मार्ने काम मात्र नगरी आर्थिक उपार्जन गर्ने अन्य स्रोतहरू पनि खोजी गर्न थालेका छन् । केही युवाहरू वैदेशिक रोजगारीको लागि खाडीमूलुक जाने गर्दछन् । अघिल्ला दिनहरूमा सयकडा तीनदेखि पाँच सम्म ब्याज काढी विदेश जाने गरेकोले कमाई जति सबै साहु महाजनलाई बुझाउनु पर्ने हुन्थ्यो । सुनौलो बचत तथा ऋण सहकारी संस्थासँग आवद्ध भइसकेपछि स्थानीय दराई युवाहरूलाई चर्को दरको ब्याजमा ऋण लिनु पर्ने बाध्यता छैन ।

घरपरिवारका व्यक्तिहरूलाई वित्तीय साक्षरता तालिमले वैदेशिक रोजगारमा कमाएको रकमलाई सही सदुपयोग गर्न सिकाएको छ । ग्रामीण युवा विकासको अन्य कार्यक्रममा युवाहरू समाहित हुन पाएका छन् । आजभोलि बुलिङ्टार गा.वि.स. का दराई जातिका केटाकेटीहरू आधारभूत शिक्षाबाट बञ्चित नै हुनुपर्ने अवस्था छैन । यस्ता प्रकृतिका कार्यहरूले दराईहरूमा आत्म विश्वास बढ्दै गएको छ ।

# गैससमा कार्यक्रमको भूमिका

✍ पुनराम गन्दर्मा
रतनपुर-३, भोक्रोफाँट



नवलपरासी जिल्लाको महेन्द्र राजमार्गदेखि २० कि.मि.भित्र अवस्थित रतनपुर विकट गा.वि.स.को रूपमा परिचित छ । यो संस्था पूर्व पश्चिम महेन्द्र राजमार्गको गैंडाकोटबाट उत्तर दिशातर्फ कालीगण्डकी कोरीडोर सडकको २० कि.मि.मा अवस्थित रहेको यो संस्था पूर्वमा काली गण्डकी, तनहुँ पश्चिममा हात्तीसाल, उत्तरमा कोटथर र दक्षिणमा गडम्दी चार किल्लाको सिमानामा पर्दछ । यस गा.वि.स.को वडा नं. ३ भोक्रोफाँटमा २०६३ सालमा सामाजिक, आर्थिक तथा सांस्कृतिक विकासको लागि यहाँका स्थानीय युवाहरूको सक्रियतामा सृजनशिल सामुदायिक विकास मञ्च नामक स्थानीय गैरसरकारी संस्था स्थापना भएको हो । यो संस्था गैर नाफामुलक एवं गैर सरकारी संस्थाको रूपमा ग्रामीण क्षेत्रको विकासलाई कार्यक्षेत्र बनाई जिल्ला प्रशासन कार्यालय नवलपरासीमा समेत दर्ता भई सञ्चालन भएको छ । त्यस्तै गैसस महाँसंघ, समाज कल्याण परिषदमा समेत आबद्धता भएको छ ।

यो गा.वि.स. भौगोलिक हिसाबले धेरै डाँडाकाँडाहरू, यातायात, खानेपानी, शिक्षा, स्वास्थ्य, सरसफाई, युवा शक्ति विदेश पलायन, सरसफाई जस्ता विभिन्न समस्याहरूले पछाडी रहेको छ । यस गा.वि.स.मा मगर जातिको ८५% बाहुल्य रहेको कारणले पनि एकअर्काको प्रतिस्पर्धाको भावना आउन नसकेकोले र पुरानै धर्म, संस्कृतिलाई पनि त्याग्न नसकिएको अवस्थाले गर्दा यस गा.वि.स.को परिवर्तनको लागि संस्थाले सहमति, ग्रामीण युवा विकास कार्यक्रमसँग समन्वय गरी विभिन्न गाउँहरूमा पुगेर बंगुरखोर सुधार, जुठेल्नो सुधार, वातावरण सरसफाई अभियान, अपाङ्गहरूको डाटा संकलन जस्ता विभिन्न क्रियाकलापहरू सञ्चालन गर्दै आईरहेको थियो । गाउँमा कार्यक्रम सञ्चालन भएपछि गडम्दी तथा भोक्रोफाँट गाउँका ७० घरधुरीले सुधारिएको खोर निर्माणबाट बङ्गुरहरू छाडा छोड्ने प्रवृत्तीको अन्त्य तथा बङ्गुरहरूको तौलमा वृद्धि भई उनीहरूको आम्दानी बढ्दै गएको छ । त्यस्तै ५३ जना अपाङ्गता भएका व्यक्तिहरूले परिचय पत्र बनाई सरकारी तवरबाट नियमितरूपमा सामाजिक सुरक्षा भत्ता पाइरहेको तथा भोक्रोफाँट गाउँका विपन्नवर्गका ४ जना विद्यार्थीलाइ बि.ए. सम्मको अध्ययन गराउन सफल रहेको छ । संस्थाद्वारा सञ्चालित शिक्षक, अभिभावक र विद्यार्थी बीच अन्तरक्रिया कार्यक्रमबाट जनजागृति नि.मा.वि.को शिक्षा क्षेत्रमा सकारात्मक सुधार हुदै गएको र शिक्षाको अवसरबाट पहुँच नपुगेका १८ जना मार्केका बालबालिकाहरूलाई बाल शिक्षा उपलब्ध गराउन सहयोग पुगेको छ । गाउँका भूकम्प प्रभावित ३७ घरधुरीमा अस्थाई टहरा निर्माणमा सहयोग गरेर ३५० जना परिवारसदस्यहरूलाई सुरक्षित घरमा बसोबास गराउन सफल भएको छ । वर्तमान समयमा संस्थाले सरोकारवाला निकायमा प्रस्तावना पेश गरेर रतनपुरमा अवस्थित सिद्ध गुफा मन्दिर संरक्षण

*(बाँकी २८ पेजमा)*

## दिगो आम्दानीको स्रोत : बङ्गुरपालन व्यवसाय

✍ मनमाया किजोङ्ग
रतनपुर-८, मटिकुरी

रतनपुर गा.वि.स.को वार्ड नं. ८ स्थित मटिकुरी गाउँ रतनपुर गा.वि.स.कार्यालयबाट पश्चिम करिब २ घन्टा पैदल हिंडे पछि पुग्न सकिन्छ । यस गाउँमा मगर समुदायको मात्र बस्ती रहेको छ । यस गाउँमा परम्परागतरूपबाट बङ्गुरपालन भइरहेको तथा खुल्ला छोड्ने प्रवत्तिले गाउँमा दुर्गन्ध फैलिरहेको थियो । मानिसहरूमा प्रदुषणले गर्दा विभिन्न प्रकारका रोगहरू लाग्ने गरेको थियो । जनचेतनामा कमी भएका कारण समुदायमा झारफुक गरेर उपचार गर्ने गरेको र वातावरण सरसफाई प्रति कसैले पनि ध्यान दिइरहेको अवस्था थिएन । सहमति, ग्रामीण युवा विकास कार्यक्रमबाट पशुपालन तालिमहरूका साथै गोष्ठी भ्रमण लगायतका क्रियाकलापहरूले गर्दा समुदायको चेतना विस्तारै विस्तारै बढ्न थाल्यो । मैले पनि शुरूमा तीन दिने बङ्गुरपालन तालिम लिए पछि खोर निर्माणका लागि विचार विमर्श हुँदै गएको थियो । ढुङ्गा खोज्दा देउता मिले झैं ग्रामीण युवा विकास कार्यक्रमबाट सुधारिएको बङ्गुर खोर निर्माण गरेर व्यवसाय बढाउनका लागि सिमेन्ट सहयोग हुने भएपछि सबैजनाले बङ्गुर खोर बनाउन कस्सियौं । सबैजनाले खोर बनाइ सके पछि खुल्ला छोडेर पाल्ने प्रचलन क्रमशः रोकिदैं जान थाल्यो । अहिले गाउँमा बङ्गुर खोर निर्माण भएपछि सफा देखिएको छ । समुदायको चेतनामा विकास हुँदा अहिले सबैले खोरमा नै पाल्ने गरेका छन् । खुल्ला छोडेर भन्दा खोरमा पाल्दा आम्दानी समेत बढी भएको महशुस गरेका छन् । मैले पनि बङ्गुरपालन तालिम र सिमेन्ट सहयोग पाएपछि बङ्गुरपालन व्यवसायलाई नै जोड दिएको छु । तालिमबाट व्यवसाय सम्बन्धी धेरै कुराहरू जानकारी भएपछि सुधारीएको खोरमा उन्नत जातको बङ्गुरहरू ल्याएर पाल्ने सोंच गरें । आफुसँग व्यवसाय प्रबर्द्धनका लागि आर्थिक स्रोत नभएकोले महिला मिलन बचत तथा ऋण सहकारी संस्था लिमिटेड, दमारबाट ऋण ल्याएर दुईवटा उन्नत नश्लका बङ्गुरहरू थपेर पाल्न थालें । अहिले बङ्गुरपालन व्यवसायबाट मलाई आम्दानीको स्रोत जुटाउन सजिलो भएको छ । आम्दानी लिनको लागि प्रविधि सिकाउने सहमति संस्थालाई धेरै धेरै धन्यवाद पनि भन्न चाहन्छु । आगामी दिनमा यस व्यवसायलाई बढाउदै लैजाने सोच गरिरहेको छु । अरू साथीहरूलाई पनि परम्परागत तरिकाबाट भन्दा तालिममा सिकेका कुराहरूलाई व्यवहारमा उतार्दै आधुनिक तरिकाबाट व्यवसाय गरेमा आम्दानी बृद्धि हुने भएकाले यसलाई जोड दिन भन्न चाहन्छु । वर्तमान समयमा देशमा बेरोजगार भएको कारण देखाई विदेश पलायन हुने युवाहरूलाई यहीं नै पशुपालनको सम्भावना धेरै भएकाले यसको व्यवसाय गरेर आम्दानी लिई स्वदेशमा नै बस्न अनुरोध पनि गर्दछु ।

अर्को कुरा म त्यत्ति धेरै शिक्षित व्यक्ति पनि होइन सामान्य शिक्षाले पनि व्यवसाय बढाउन सकिने रहेछ त्यसैले आफू जन्मेको देशलाई छोडेर विदेशमा गएर अति सामान्य काम गरेर आफ्नो जीवनलाई धिक्कार गराउनुभन्दा आफ्नो जन्मभूमिमा बसेर, दुःख गरेर बस्नु, धेरै रमाइलो र आनन्द हुन्छ । यो आनन्दको खोजी गर्न ठूलो कुरा गर्नु भन्दा युवाहरू धेरै परिश्रमी र लगनशील भएर पशुपालन तथा किसानी काम गर्ने हो भने सबैको नजरमा उदाहरणीय तथा दिगो आम्दानीको स्रोत बनाउन सकिन्छ । यसबाट धेरै उत्पादन र नाफामुखी पनि हुने भएकाले आजै देखि हामीहरू उद्यमी बन्न शुरू गरौं भन्न चाहन्छु ।

## अहिले गाउँमा धेरै नै सुधार भएको छ

✍ सुकमाया पाटा
बुलिङ्टार-९, बुढाडिही

नवलपरासी जिल्लाको १७ वटा पहाडी गा.वि.स. मध्ये बुलिङ्टार गा.वि.स. पनि एक हो । यस गा.वि.स. को वार्ड नं. ९, भलायटार गाउँमा बसोबास गर्दछु । म सुनौलो बचत तथा ऋण सहकारी संस्थाको उपाध्यक्ष पनि हुँ । यस गा.वि.स.मा धेरै संघसंस्थाले काम गर्दै आइरहेको भएपनि छोटो समयमा नै गाउँका ससाना समुहहरूलाई कार्यक्रमले एकीकृत गराउन सफल भएको छ । एकीकृत समूहमा विभिन्न कार्यक्रमहरू सञ्चालन गरेर आयआर्जनमा जोड दिई बचतको महत्त्व तथा सहकारीमा बचत गर्ने बानीको विकास गरेको छ । कार्यक्रमको सञ्चालन पछि सहकारीमा बचत तथा शेयर सदस्य बन्न आउने क्रम बढ्दै गएको छ । संस्थामा बचत गर्ने सदस्यको संख्यामा बृद्धि हुँदा नियमित बचतमा बृद्धि भई ऋण लगानीमा बृद्धि हुदै आएको छ । बुलिङ्टार गा.वि.स.मा सहमति संस्थाले कार्यक्रम सञ्चालन गर्नु भन्दा अगाडि यहाँका बासिन्दाहरूले कृषि, पशुपालन जस्ता उत्पादनमूलक कार्यमा आधुनिकीकरण गर्न उत्साहित देखिदैन थिए । तर अहिले गाउँमा धेरै नै सुधार भएको छ । ग्रामीण युवा विकास कार्यक्रमले सहकारी प्रबर्द्धनका लागि विभिन्न प्रकारका तालिमहरू जस्तै ऋण व्यवस्थापन तालिम, सहकारी व्यवस्थापन तालिम, एक्सल तालिम, पर्ल्स तालिम, सहभागितात्मक लेखा व्यवस्थापन तालिम, सहकारीको व्यवसायिक योजना निर्माण तथा सबालमा आधारित व्यवस्थापन तालिमहरू लगायतका कार्यक्रमले सञ्चालक समिति तथा शेयर सदस्यहरूलाई असल सहकारीमा हुनु पर्ने गुणहरू, सहकारीमा चुस्त दुरूस्त लेखा राख्न गर्नु पर्ने तौरतरिकाहरू के के छन्, सहकारीमा सदस्यहरूको विस्तार गर्न के के गर्नु पर्दछ, ऋण दिंदा के के कुराहरूमा ध्यान दिनु पर्दछ आदि बारेमा बुझ्न धेरै नै सहयोग पुगेको छ ।

त्यस्तै हाम्रो सहकारीमा अर्को महत्वपूर्ण कुरा के छ भने विदेश जाने युवाहरूको लागि वैदेशिक रोजगार सम्बन्धी सूचना प्रदान गर्ने संस्था युवा आप्रवासन सूचना केन्द्र रहेको छ । यस केन्द्रबाट सूचना प्रदान गर्दा शेयर सदस्यहरूको परिवारलाई विदेशमा केही घटना भएमा तुरून्त काम अगाडि बढाउन समेत मद्दत पुगेको छ । हामीले यस केन्द्रलाई उप-समिति अन्तरगत राखेर सञ्चालन गरेका छौं । यसमा पाँच जनाको सदस्य रहेको छ । हाम्रो सहकारीले वैदेशिक रोजगार ऋण उपलबध गराउँदा अनिवार्यरूपमा यस केन्द्रमा आएर वैदेशिक रोजगार सम्बन्धी ज्ञान लिएर मात्र ऋण प्रवाह गर्ने गरेका छौं । गाउँबाट युवाहरू विदेश गइरहँदा तिनिहरूले विदेशमा कमाएको विप्रेषणलाई सिधै सहकारीमा आउने व्यवस्था पनि मिलाउन गईरहेका छौं । युवा आप्रवासन सूचना केन्द्रबाट सुरक्षित आप्रवासन सम्बन्धी तालिमहरू, साप्ताहिक परामर्श, विदेशमा कमाएको पैसालाई स्वदेशमा सदुपयोग गर्न वित्तीय साक्षरता तालिम, विदेश जानको लागि ध्यान दिनु पर्नेकुराहरू, वैदेशिक रोजगार सम्बन्धी चेतनामूलक सडक नाटक कार्यक्रम, जस्ता गतिविधिले यहाँका

*(बाँकी २८ पेजमा)*

# मैले समयमा नै बुद्धि पुऱ्याएँ

✍ खिममाया राना
अर्खला-६,कमलीकोट, नवलपरासी

नवलपरासी जिल्लाको पहाडी अर्खला गा.वि.स.को वार्ड नं.-९ मा बसोबास गर्ने म खिममाया राना हुँ । मेरो लेखपढ सामान्य भएको तर घरको आर्थिक अवस्था कमजोर भएकोले गर्दा आयआर्जन हुने व्यवसायमूलक कार्यमा अगाडि बढ्न सकिरहेको थिइनँ । परिवारको पालनपोषण, खेतीपाती तथा पशुपालन कार्यमा नै मेरो दैनिकी बितिरहेको थियो । कृषि कार्यमा पनि आधुनिक किसिमका प्रविधिहरू अपनाएर पशुपालन होस् या खेतीपाती होस् यिनीहरूको उत्पादनमा वृद्धि गरेर आम्दानी लिन पनि गाह्रो थियो । "आकाशको फल आँखा तरी मर भने झैं" अरूको प्रगति मात्र देखेर भएन प्रगति गर्नको लागि आफुसँग कौडीको आवश्यकता पर्ने रहेछ तर त्यो चिज मेरो लागि अप्ठ्यारो बनिरहेको थियो । तर मैले साहस लिएर आयआर्जन गर्नका लागि घरायसी कामकाजका साथै सीपमूलक व्यवसायकोरूपमा सिलाईकटाई सिक्ने सोंच गरे ।

यसैक्रममा सहमति संस्थाद्वारा सञ्चालित ग्रामीण युवा विकास कार्यक्रमले न्यून आय भएका युवाहरूलाई सीपमूलक तालिमहरू दिएको थाहा पाएँ । शसक्त नारी बचत तथा ऋण सहकारी संस्थाबाट सिफारिश बनाएर सिलाइँकटाइ तालिम सिक्नको लागि ग्रामीण युवा विकास कार्यक्रमसँग सम्पर्क समन्वय गरेर सीप सिक्ने अबसर मिल्यो ।

म पनि इमान्दार र परिश्रमी भएर बुलिङ्टारमा रहेको जुन तारा टेलर्समा सिलाइकटाई सम्बन्धी सीप सिक्न थालें । त्यहाँ म जस्तै अरू पनि साथीहरू सिकिरहेका थिए । बिहानै घरधन्दाको कामहरू सिध्याएर समयमा टेलर्समा पुगेर तरिकाहरू सिक्दै गएँ । त्यहाँ मैले भोटो, बच्चाका कपडा तयार गर्नका लागि पत्रिका काटी त्यसैलाई गाँस्दै गरेर लगातार सिक्दै गएँ । यसरी तालिम सिक्दै तथा अरू साथिहरूको अनुभव आदानप्रदानबाट हामी अनपढ भएपनि केही गर्न सकिन्छ भन्ने भावना बढ्दै गयो ।

मैले सिलाईकटाई व्यवसाय र किराना पसललाई मिलाएर पसल सञ्चालन गरेको छु । केही किराना पसलबाट र धेरै सिलाईकटाई व्यवसायबाट आयआर्जन गरेकी छु । अहिले आफ्नै गाउँमा बसेर मासिक १० देखि १५ हजार रूपैंया आम्दानी गरिरहेको छु । मेरो घरको सम्पूर्ण खर्चहरू तथा छोराछोरीको खर्च समेत यही व्यवसायले धानेकी छु । अर्कोतिर संस्थाले कपडा सिलाउने मेशिन पनि सहयोग गरेको छ । जसलेगर्दा व्यवसाय प्रवर्द्धनका लागि टेवा पुगेको छ । यस गाउँमा सिलाईकटाई व्यवसाय गर्ने अर्को पसल नै नभएकाले मेशिन राखेर कपडा सिलाई गरेर समुदायलाई सेवा पुऱ्याउन पएकी छु । । मैले् फ्रक, कुर्ता, सुरूवाल, सर्ट, बच्चाको भोटो, आदि सिलाउने काम गरिरहेकी छु । पसल कुर्दै कपडा सिलाउँदै गर्न पाउँदा म अत्यन्त व्यस्त पनि भएकी छु । शुरूमा घरायसी खर्च व्यवस्थापन गर्न धौ धौ भइरहेका बेला खर्च कटाएर सहकारीमा समेत बचत गर्ने पनि गरिरहेकी छु । जीवन संघर्ष हो, संघर्ष विना कुनै पनि कामबाट सफलता मिल्न सक्दैन भन्नेकुरा पक्का रहेछ । मैले समयमा नै बुद्धि नपुऱ्याएको भए ऋण माथि ऋण थपिदै गई बेहाल अवस्था सृजना हुन्थ्यो ।



यसरी सहमति, ग्रामीण युवा विकास कार्यक्रमले म जस्ता आर्थिक अवस्था कमजोर भएकाहरूको लागि जीवनस्तर उकास्न धेरै नै सहयोग गरेको छ । यसले गर्दा मनमा इच्छा भएको तर आर्थिक स्रोत नभएका कारणले आफ्ना इच्छाहरूलाई कुण्ठित गर्नुपर्ने अवस्था नभएको भन्न चाहन्छु ।

## प्राङ्गारिक कृषि ........

त्यसैले पाँच गाउँ लगायत अर्खला, बुलिङ्टार लगायत अन्य गा.वि.स.का किसानहरूलाई समेत समेटेर टोलटोलमा प्राङ्गारिक कृषि प्रविधिको व्यापक प्रचार प्रसार गरी प्राङ्गारिक पद्यती तर्फ उपज उत्पादन गर्न जोड दिनु पर्छ । यसरी उत्पादन गरिएको कृषि उपजलाई प्रमाणीकरण गर्दै प्राङ्गारिक समूहकोरुपमा सहकारी संस्था स्थापना गरेर बजार प्रबर्द्धन तर्फ जोड दिन सकेमा यस क्षेत्रका कृषकहरूले मनग्गे आम्दानी गर्ने सम्भावना छ ।

उत्पादित प्राङ्गारिक कृषि उपजको आन्तरिक बजार प्रबर्द्धनका लागि चोक तथा व्यापार बढी हुने ठाउँमा पसल स्थापना गरेर बिक्री गर्ने हो भने त्यसबाट पनि मुनाफा लिन सकिन्छ । अर्कोतिर स्वदेशी तथा विदेशी पर्यटकहरूलाई होटल तथा रेष्टुरेन्टहरू खोलेर प्राङ्गारिक पौष्टिक खानाका विभिन्न परिकारहरू खुवाएर पनि बढी आम्दानी गर्न सकिन्छ । त्यस्तै प्राङ्गारिक उत्पादन निर्यात गरी विदेशी मुद्रा आर्जन गर्नुका साथै ग्रामीण अर्थतन्त्रमा समेत सुधार गर्न सकिन्छ । हामीले उत्पादन गर्ने प्राङ्गारिक उपजको मूल्य श्रममूलक व्यवसाय कारण अरु देशको तुलनामा अन्तराष्ट्रिय बजारमा सस्तो पर्न जान्छ र प्रतिस्पर्धा गर्न सकिन्छ । यसकारण पनि अन्तर्राष्ट्रियस्तरमा समेत यसको सम्भावना उत्तिकै रहेको छ ।

यसरी वर्तमान समयमा प्राङ्गारिक मलको प्रयोगबाट उत्पादित कृषि उपजको महत्त्व बढ्दै गइरहेकोले प्राङ्गारिक कृषि उपज बृद्धिका लागि कृषि विकासको क्षेत्रमा काम गर्ने विभिन्न सरकारी, गैर सरकारी तथा सरोकारवाला निकायहरूले यस तर्फ ध्यान केन्द्रित गरी जोड दिनु पर्ने देखिन्छ ।

# सूचना केन्द्रको महत्व र विश्वासको वातावरण बढ्दै

श्रीमाया गुरुङ्ग
गैंडाकोट–३, ढोडेनी, नवलपरासी

युवा आप्रवासन सूचना केन्द्र एउटा सूचना सम्प्रेषणको स्रोत हो । जसले वैदेशिक रोजगारीका क्रममा सुरक्षित तरिकाबाट जाने उपायहरू के के छन् ? विदेशमा समस्यामा परेमा कहाँ सम्पर्क समन्वय गर्ने ? विदेशमा आम्दानी गरेपछि त्यसको उचित सदुपयोगका लागि के कस्तो उपायहरू चाल्ने जस्ता कुराहरूको बारेमा पूर्णरूपमा जानकारी दिने गर्दछ । हाल सहमति ग्रामीण युवा विकास कार्यक्रमको सहयोगमा गैंडाकोट, रतनपुर, कोटथर, डाँडाभ्mेरी, अर्खला र बुलिङ्टार गरी ६ वटा अति विकट दुर्गम गा.वि.स.हरूमा रहेका युवाहरूलाई सु–सूचित र सूचना सम्प्रेषण गर्ने निकायको रूपमा सहकारीको व्यवस्थापनमा युवा आप्रवासन सूचना केन्द्रहरू सञ्चालन भएका छन् । यिनै मध्येको गैंडाकोटको ढोडेनीमा रहेको युवा आप्रवासन सूचना केन्द्र पनि एक हो । यस केन्द्रमा म परिचालिकाको रूपमा काम पनि गरिरहेको छु ।

मूख्यगरी युवा आप्रवासन सूचना केन्द्रले वैदेशिक रोजगार सम्बन्धी विभिन्न कार्यक्रमहरू सञ्चालन गर्ने क्रममा सुरक्षित आप्रवासन, साप्ताहिक परामर्श, वित्तीय साक्षरता तालिम, सडक नाटक जस्ता महत्वपूर्ण कार्यक्रमहरू हुन् । यी कार्यक्रमहरूले विदेश जाने सोंच लिएका युवाहरूलाई सकेसम्म विदेश नजाने, स्वदेशमा नै विभिन्न सीपमूलक तालिमहरू लिएर आत्मनिर्भर बन्ने प्रकृतिका व्यवसाय सञ्चालन गरेर दिगो आयआर्जनको विकल्प छनौट गर्ने, विदेश जाने नै भए वैदेशिक रोजगार सम्बन्धी कुराहरू बुझेर मात्र जाने जस्ता कुराहरूलाई जोड दिदैं आएको छ । त्यस्तै संस्थाले युवाहरूको सक्रियता बढाउनका लागि सदस्यता बनाउने, पुस्तकालयमा रहेका पुस्तकहरू पढ्नका लागि उपशाखाको रूपमा विस्तार गर्ने, वैदेशिक रोजगारमा जाने युवाहरूको कागजपत्र संकलन गर्ने, विदेशमा समस्यामा परेमा सम्बन्धित निकायमा सम्पर्क समन्वय गर्ने, गाउँ गाउँमा चेतनामूलक सडक नाटक गर्ने, विदेशबाट फर्केका युवाहरूसँग अन्तर्क्रिया गर्ने लगायतका विषयवस्तुहरूमा काम गरिरहेको छ ।

अहिलेसम्म यस युवा आप्रवासन सूचना केन्द्रले गाउँ गाउँमा वैदेशिक रोजगार सम्बन्धी ३७ वटा साप्ताहिक परामर्श सञ्चालन गरेको छ । जसमा १६ देखि २५ उमेर समूहका १९० जना र २६ देखि ४० उमेर समूहका ३७० जना सहभागी भएका थिए । साथै यस केन्द्रबाट १५९ जना युवाहरू सूचना केन्द्रबाट वैदेशिक रोजगार सम्बन्धी सूचना लिएर विदेश गएको अवस्था छ भने विदेश जाने सोंच लिएका युवाहरू ८० जना रहेका छन् । त्यस्तै ३१ जना विदेश जाने युवाहरूले यस केन्द्रमा कागजपत्रहरू समेत संकलन गरी सुरक्षित राखिएको छ । युवा आप्रवासन सूचना केन्द्रले सडक नाटक सञ्चालन गरेर करिब १५० जना भन्दा बढी युवाहरूलाई वैदेशिक रोजगार सम्बन्धी सु–सुचित हुने अवसर प्रदान गरेको छ । यस कार्यहरूबाट सूचना केन्द्रको महत्व र विश्वासको वातावरण बढ्दै गएको छ ।

त्यस्तै युवा आप्रवाशन सूचना केन्द्रमा रहेका पुस्तक तथा पत्रपत्रिकाको माध्यमले युवाहरूलाई पढ्ने बानीको विकास बढाउँदै गएको छ । पहिला वैदेशिक रोजगारमा जाने युवाहरूको परिवारलाई वैदेशिक रोजगारी सम्बन्धी जानकारी नभएको अवस्था थियो । तर अहिले युवा आप्रवासन सूचना केन्द्रद्वारा सञ्चालन गरिएका विभिन्न कार्यक्रमहरूबाट विदेश जानु अघि ध्यान दिनुपर्ने कुराहरू, कुन देश जाँदा कति खर्च लाग्छ ? काम गर्ने अवधि कति हो ? कुन कम्पनीमा काम गर्ने हो ? कम्पनीमा आफ्नो तलब कति छ ? जस्ता कुराहरूको जानकारी पाएपछि समुदायका युवाहरूले PP space passport No space 34001 मा सेन्ड गरी वैदेशिक रोजगारीको सिलसिलामा कागज पत्र पेश गरीसकेपछिको बारेमा जानकारी लिन थालेका छन् । साथसाथै विदेश गइसकेका तथा विदेश जानको लागि तयारी गरिरहेका युवाहरूको कागजपत्रहरू संकलन गरेर युवा आप्रवासन सूचना केन्द्रमा सुरक्षित तरिकाले राखिदिने र विदेशबाट फर्केर आएपछि सबै कागजपत्र फिर्ता गरिदिने कुराले पनि यस्को महत्व अझै बढ्दै गएको छ । किनकी विदेशमा गएर केही घटना भयो भने कहाँ गएर सम्पर्क गर्ने ? के के प्रक्रियाहरू अपनाउनु पर्ने हो ? के के कागजपत्रहरू आवश्यक पर्छन् ? ति कागजपत्रहरू कहाँ लगेर पेश गर्ने ? लगायतका जानकारीहरू तत्कालै कागजपत्रको सहायताले थाहा हुने भएकाले यस क्षेत्रबाट गएका युवाहरूको परिवारलाई पनि धेरै नै फाइदा पुऱ्याएको छ ।



## सामुदायिक विकासमा ........

बढ्दै गएको छ र विदेश जान सोंच गरेका युवाहरू पनि सूचना केन्द्रमा आएर वैदेशिक रोजगार सम्बन्धी जानकारी लिएर जान थालेका छन् । ग्रामीण क्षेत्रमा बढ्दै गएको विदेशिने क्रमलाई सुरक्षित बनाउन नेपाल सरकारले वैदेशिक रोजगारमा जाने नेपाली कामदारलाई विदेश जाँदा व्यहोर्नु पर्ने ठूलो व्ययभार कम गर्न र विदेशमा जाँदा सर्वसुलभ र न्यूनतम शुल्कमा नेपाली कामदारहरू विना झन्झट सुरक्षित तवरले वैदेशिक रोजगारमा जान सकुन् भनेर फ्रि भिसा र फ्रि टिकटको व्यवस्थाका लागि सूचना केन्द्रहरूले समुदायका युवाहरूलाई सूसुचित गराउन सफल भएका छन् । त्यस्तै सूचना केन्द्रले गाउँका युवाहरूलाई वैदेशिक रोजगार सम्बन्धी आधारभूत जानकारी र वैदेशिक रोजगारीको प्रक्रियाको बारेमा नेपाल सरकार वैदेशिक रोजगार विभागको वेवसाइट www.dofe.gov.np तथा वैदेशिक रोजगार प्रवर्द्धन बोर्डको सचिवालयमा रहेको आप्रवासी स्रोत केन्द्र र नि:शुल्क टोल फ्रि नं. १६६००१–५०००५ बाट समेत जानकारी तथा परामर्श लिन समेत अनुरोध गरेका छन् । यसरी समुदायका युवाहरूबाट प्रबर्द्धन भएका स्थानीय गैससहरू, युवा आप्रवासन सूचना केन्द्रहरू तथा सहकारीहरू सामाजिक विकास कार्यमा सरिक भई सबैको मन मुटु र मस्तिष्कमा बस्न सफल रहुन् मेरो शुभकामना ।

# मेरो जीवन र सिलाइकटाइ व्यवसाय

✍ कुमारी केङ्रेङ्
रतनपुर-१, दमार

म नवलपरासी जिल्लाको रतनपुर गा.वि.स.वार्ड नं १, दमार गाउँमा बसोबास गर्ने एक साधारण महिला हुँ । म एस.एल.सी. सम्म अध्ययन गरेको शिक्षित व्यक्ति हुँदा पनि म आफूलाई कसरी परिवर्तन गर्ने ? र परिवर्तन कसरी हुने ? भन्ने कुरामा अन्योल थिए । गाउँको किसानी पेशाले भुलाएको यो दिमागमा आफूलाई परिवर्तन गर्न त के उही परम्परागत कोदो, मकैको दु:ख बाहेक अरू केही पनि थिएन । यो क्षेत्रमा न त कलकारखाना, न त सीपमूलक सिक्ने स्थल नै थियो, मात्र किसान, किसानी गर्न पनि सिंचाई नभएको ठाउँमा के नै उत्पादन गर्न सकिन्थ्यो र ? यसरी नै मेरो दिनचर्या किसानीको साथसाथै गोठालो जाने, मेलापात गर्ने जस्ता कामहरू गर्दागर्दै दिनहरू बितिरहेका थिए ।



अर्कोतिर हाम्रो समुदायमा छोरीहरूको विवाह छिटो गर्ने प्रचलन भएकाले मेरो विवाह पनि छिट्टै नै भएको थियो । विवाह पछि न त पढाइको निरन्तरता भयो न त कुनै सीप जानेको थिए । पारिवारिक जिम्मेवारी बढ्दै जाँदा मेरो मनमा खिन्नता बोध हुँदै जान थाल्यो । रोजगारीको आधार केही पनि नहुँदा आफ्नो र छोराछोरीको भविष्यका लागि आम्दानीको स्रोत जुटाउनु पर्दछ भनी सीपमूलक व्यवसाय गर्नका लागि सीप सिक्ने सोच गरें । यसैक्रममा रतनपुर गा.वि.स.मा सञ्चालन भएको ग्रामीण युवा विकास कार्यक्रमले पनि युवाहरूको लागि सीपमूलक व्यवसाय सम्बन्धी तालिमहरू सिकाउँछ भन्नेकुराहरू थाहा पाएर महिला मिलन बचत तथा ऋण सहकारी संस्थाको समन्वय गरेर सिक्ने अबसर पाएँ । छ महिनाको सिलाईकटाई सीप सिकिसकेपछि पसल खोलेर व्यवसाय गर्न सुरु गरें । म यही सीपको आधारमा गैंडाकोट नगरपालिकाको भेंडावारी चोकमा सिलाईकटाई पसल खोलेर बसेकी छु । यसबाट मासिक १०, १५ हजार रूपैया कमाउनका लागि मलाई खासै समस्या परेको छैन जसबाट मैले मेरा बच्चाहरूको पढाइ लगायत अन्य कुरामा सहयोग मिलिरहेको छ । अबसर नपाएर छट्पटाइरहेको बेलामा सीपमूलक तालिम सिकेर व्यवसाय सञ्चालन गरी आम्दानी गर्दा खुसीको अनुभूति भइरहेको छ । त्यस्तै संस्थाबाट पसल सञ्चालनमा गरेको इन्टरलक मेशिन सहयोगले पनि व्यवसाय प्रबर्द्धनमा हैसला मिलेको छ ।

यसर्थ युवाहरूको लागि सहमति ग्रामीण युवा विकास कार्यक्रमबाट विभिन्न सीपमूलक कामहरू सिकाउँदै आउनु भएको छ र पहिलाभन्दा अहिले धेरै परिवर्तन भएको छ । हामी युवाहरूले हाम्रो अमूल्य समय बेकार नफालौं र समयको सदुपयोग गरी सीपमूलक काम सिकौं र स्वरोजगार बनौं भन्न चाहन्छु ।

# कविता

✍ दिपेश आले
रतनपुर-८, आहाले

आमाले माया गरेको, जस्तो हुँदैन विदेश
बुबाले अर्ती दिएको, जस्तो हुँदैन विदेश ।

अठार घन्टा चर्को घाममा, काम गर्नु पर्छ ।
दुनियाँले सोचेको जस्तो, हुँदैन विदेश ।

साहुँसँग ऋण मागी, गएको कमाउन ।
पैसा फल्ने बोट, हुँदैन विदेश ।

न त थकाई न त भोक, न त राम्रो निदाउन ।
आफ्नो देश गाउँ, जस्तो हुँदैन विदेश ।

सोच्नै पर्ने बेला अब, आएको छ युवा ।
स्वदेश जस्तो सहज, हुँदैन विदेश ।

व्यावसायिक क्षेत्रमा, लगानी गरी बढ्नु पर्छ युवा ।
स्वदेशलाई नै अब, बनाउनु पर्छ विदेश ।

# अब सोच्ने बेला आएको छ

✍ महेश सारू मगर
डाँडाझेरी-२, टुकुल्दी



विदेश गएर १६, १७ घन्टा काम गर्नेले घरमा ४ घन्टा काम गर्न थकाईको महशुस गर्ने हामी युवाहरूको मूल अल्छीपन नै हो । विदेश जान छोडेर स्वदेशमा आफ्नै व्यवसाय सञ्चालन गरेर त्यसमा मन लगाएर गर्नु पर्दछ । म यो व्यवसायलाई सफल बनाउँछु भनेर दृढता लिनु पर्दछ । विदेशमा जति काम गरिन्छ त्यति काम यहाँ गर्ने हो भने सफलता यहीं नै मिल्छ भन्नेमा कुनै दुई मत छैन । हामी आफ्नो ठाउँमा काम गर्नका लागि लाज मान्छौं । त्यसैले पनि हामी युवा पछाडि परेका हौं । अब हामी युवाहरू नयाँ ढंगले प्रस्तुत भएर आफ्नै गाउँ ठाउँमा रहेर व्यावसायिकता अपनाएर पारिवारिक जीवनयापन खुसीमय बनाएर बस्नु बेस होला या परिवारबाट टाढा रहेर एक्लो जीवनयापन बेश होला । यो हामीले समयमा नै सोच्ने बेला आएको छ ।

अहिले हामी एक्काइसौँ शताब्दीमा उभिएका छौं । संसारका सबै गतिविधिहरू घरमै बसेर थाहा पाउन सक्छौं । जमाना कहाँबाट कहाँसम्म पुगिसक्यो तर हामी नेपालीहरू अर्काको सहारामा बाच्नु पर्ने बाध्यता रहेको छ । जसो तसो गरेर पढ्यो अनि जागिरको लागि हामी जस्ता युवाहरू विदेशतिर हुइकिनुपर्ने, भने जस्तो स्वदेशमा जागिर नपाउने, हामी बेरोजगार युवाहरूलाई सरकारले पनि प्राथमिकता नदिने । अर्कातिर सरकारले पनि हामी युवाहरूलाई रोजगार दिलाउन नसक्ने । कति दिनसम्म हामी युवाहरू रोजगारीको लागि विदेश जाने । कति दिन सम्म हामी नेपाली युवाहरू अर्काको देशमा चाकरी गर्ने, अनि अर्काको देश विकास गर्न पैसा कमाउने बहानामा अर्काको देशतिरै धाउनु पर्ने, खै सरकार ! गाउँका युवाहरूलाई स्वदेशमा नै रोजगारीका लागि अबसर सृजना गरेर लगाउने ठाउँमा विदेश जानको लागि विभिन्न नीति नियमहरू बनाई उत्प्रेरित गर्ने काम सरकारबाट भएको देखिन्छ । देशमा युवाहरू रोजगारीको लागि विदेश प्रस्थान गर्दै गर्दा सरकार भने यस विषयमा मौन देखिन्छ । विप्रेषणले धानीएको यो देशमा औद्यौगिक क्षेत्रहरूको विकास गरेर ति विदेश जाने युवाहरूलाई स्वदेशमा रोजगारीको अवसर प्रदान गर्ने हो भने विदेशको विकास गर्ने ती युवाहरू स्वदेशमै व्यस्त भई दीर्घकालीन विकासको रूप ल्याउने थिए । गाउँमा कति युवाहरू घरको नाजुक स्थितिको सामना गर्नको लागि विदेश जानुपर्ने बाध्यता, कति युवाहरू लहैलहैमा लागेर सीप नलिईकन विदेश गएर दु:ख पाएको अबस्था रहेको छ । अर्कोतिर उमेरको बृद्धिसँगै घरमा केही नगरीकन बस्छस् ? भनी बाबुआमाको भनाई सुन्नुपर्ने, गाउँमा काम गर्ने वातावरण पनि नभएको साथै आफ्ना दौंतरीहरू विदेश गएर केही कमाएको देख्दा स्वदेशमा रहेका युवाहरूले विदेश जाने नै सोंच गराउँदछन् । अनि त्यतैको वातावरण सोचिरहँदा उनीहरूको जीवनशैलीमा परिवर्तन भई विदेश पलायनतर्फ उन्मुख हुने प्रबृत्ति बढ्छ ।

के हामी युवाहरू पैसा कमाउन नै विदेश जानु पर्ने हो ? स्वदेशमा केही स्रोतहरू नै नभएको अबस्था हो ? सबैको मानसपटलमा विदेशमुखी सोंचले यहाँको अबस्था दिनदिनै दयनीय हुदैं गईरहेको अवस्था छ । सबै युवाहरू विदेश जादैमा राम्रो पैसा कमाइन्छ भ्रम पाल्न हुदैन । अर्काको ठाउँको भाषा, संस्कृति लगायतका कुराहरूमा घुलमिल हुन गाहो हुन्छ । विदेश भन्दैमा पैसाको बोट छैन, त्यहाँ पनि मेहनत गरेर नै कमाउनु पर्दछ । बिरामी हुँदा पनि फुर्सद पाईदैन त्यहाँ । आफूलाई फुर्सद मिले पनि अरू साथीहरू व्यस्त भइरहेका हुन्छन् । त्यस्तै विदेश जाँदा पनि हामी युवाहरू ऋण नै लिएर जानु पर्दछ । गाउँका भद्र भलादमीबाट चर्को ब्याजदरमा ऋण लिएर गयो, अनि उसैको ब्याज तिर्दा दुई वर्ष लाग्ने अनि एक वर्षपछि काम गर्दागर्दै भिसा सकिने जस्ता कारणले घरमा आउदा खासै आम्दानी भइरहेको हुँदैन ।

# कविता

✍ रमेश भुजेल
गैंडाकोट-३,ढोडेनी, नवलपरासी

लौ उठौं युवाहरू हो लौ उठौं प्रकाशमान भई उठौं
अँध्यारोमा हिड्नेलाई जीवनको बाटोमा डोर्‍याऊँ ।
लौ उठौं युवाहरू हो लौ उठौं प्रकाशमान भई उठौं

चङ्गिएको चङ्गा झैं केवल लक्षविहीन उड्नेलाई
भविष्य बन्धक राखी केवल कुलतमा रम्नेलाई ।
लौ उठौं युवाहरू हो लौ उठौं केवल
जागृतिको ज्वाला लिई उठौं
जीवनको अर्थ के हो केवल
स्वादिलो नुन बनी बुझाऔं

लौ उठौं युवाहरू हो लौ उठौं
सगरमाथा भई उठौं
युवाहरूको जमघट केन्द्र
युवा आप्रवासन सूचना केन्द्रमा एक भई जुटौं ।

# युवा आप्रवासन सूचना केन्द्र : सूचनाको माध्यम

✍ नुनप्रसाद सारू मगर
डाँडाझेरी–९, टाँडी



नवलपरासी जिल्लाको पहाडी भेग डाँडाझेरी गा.वि.स. वार्ड नं. ९ टाँडीमा स्थायी घर रहेको छ । मेरो घरपरिवारमा पाँच जनाको परिवार रहेको छ । कक्षा १२ को अध्ययन पूरा गरिसकेपछि म युवा आप्रवासन सूचना केन्द्रमा सदस्यता लिएर कार्यसमिति सदस्य भएर काम गरें । मलाइ लाग्छ, सहमति संस्थाबाट समुदायमा गरेको विभिन्न सामाजिक कार्यहरूले गर्दा यस क्षेत्रका धेरै व्यक्तिहरू शिक्षित हुँदै गएका छन् । सहमति, ग्रामीण युवा विकास कार्यक्रमको आर्थिक सहयोग र कामना बचत तथा ऋण सहकारी संस्था लिमिटेडको व्यवस्थापनमा सञ्चालित युवा आप्रवासन सूचना केन्द्रमा गाउँमा खेलेर हिड्ने युवाहरू आएर विभिन्न किताबहरू पढेर बस्ने गरेका छन् । म पनि यस केन्द्रमा गएर विभिन्न किताबहरू पढ्ने गरेको छु । यसले गर्दा मेरो व्यक्तिगत जीवनशैलीमा परिवर्तन हुँदै गएको महशुस गरेको छु । त्यस्तै मैले अन्य साथीहरूलाई पनि सूचना केन्द्रमा आएर ज्ञानबर्द्धककुराहरू सिक्न अनुरोध पनि गरेको छु । सूचना केन्द्रमा रहेको पुस्तकालयमा विभिन्न प्रकारका जानकारीमूलक किताबहरूले गाउँका युवाहरूलाई धेरै नै मद्यत पुगेको छ । यसले गाउँका युवाहरूलाई फुर्सदको समय सदुपयोग गर्ने स्थल बनेको छ । त्यस्तै युवा आप्रवासन सूचना केन्द्रले विदेश जाने युवाहरूलाई वैदेशिक रोजगार सम्बन्धी जानकारीमूलक कुराहरू पनि प्रदान गर्ने गरेकाले गाउँमा विदेस जाने युवाहरू केन्द्रमा आएर वैदेशिक रोजगार सम्बन्धी कुराहरू सिकेर जाने वातावरण बद्धै गएको छ ।

त्यस्तै युवा आप्रवासन सूचना केन्द्रले साप्ताहिक परामर्शमा वैदेशिक रोजगारमा जाँदा अपनाउनु पर्ने कुराहरूको अभिमुखीकरण, नेपाल सरकारले विदेश जानको लागि खुल्ला गरेका देशहरूबारे जानकारी, कालोसूचीमा परेका विभिन्न म्यानपावरहरू, विदेशमा रहेका नेपाली राजदूतावासका विभिन्न नम्बरहरू, करारनामा पत्र, श्रम स्वीकृति पत्र, विभिन्न मुलुकमा जाँदा लाग्ने रकमहरू, आप्रवासन सम्बन्धी सडक नाटक प्रदर्शन आदि बारे जानकारी गराउनुले पनि संस्था प्रतिको महत्व अझ बद्धै गएको छ । कार्यक्रमले युवाको लागि गरेको क्षमता विकासको लागि सुनौलो अबसरकोरूपमा लिनु पर्दछ । युवा आप्रवासन सूचना केन्द्रको प्रचारप्रसारमा कमी तथा भौगोलिक स्थितिका कारणले गर्दा सोचे जति युवाहरू यस केन्द्रमा आउन सकेका छैनन् । अझ यसलाई व्यापक प्रचारप्रसार गरेर युवाहरूको माझमा लोकप्रीय बनाउनु पर्ने अवस्था देखिएको छ ।

अन्तमा युवा आप्रवासन सूचना केन्द्रको व्यापक प्रचारप्रसारमा जोड दिदैं युवाहरूको क्षमता वढाउने खालका विभिन्न किसिमका स्वरोजगार सम्वन्धी तालिमहरू, आयमूलक, चेतनामा आधारित सूचनामूलक सामग्रीहरू, वैदेशिक रोजगार सम्वन्धी मासिक पत्रपत्रिकाहरू, युवाहरूको सहभागिता तथा आत्म मनोवल वढाउन सहयोग र साथको भरपुर आशा र थप सहयोग हुने अपेक्षा राख्दै कार्यकमले गरेको सहयोग प्रति हार्दिक धन्यवाद दिँदै उत्तरोत्तर प्रगतिको कामना गर्दछु ।

# सूचना केन्द्रको महत्व बढ्दै

✍ तिलकुमारी चिडी मगर
अर्खला–७, चित्रापानी



नेपालको मध्यभागमा अवस्थित नवलपरासी जिल्ला पाँच विकास क्षेत्र मध्ये एउटा पश्चिमाञ्चल विकास क्षेत्र पनि एक हो । यो जिल्लाको भूभागलाई दाउन्ने डाँडाले मध्यभाग पारेर पूर्वतिर नवलपुर र पश्चिमतिर परासी रहेको छ । महेन्द्र राजमार्गको दलदले चोक देखि करिब २७ कि.मि.उत्तरमा अर्खला गा.वि.स.रहेको छ । यही गा.वि.स.को तल्लो अर्खलामा सहकारी (सशक्त नारी बचत तथा ऋण सहकारी संस्था लिमिटेड) उपल्लो अर्खलामा युवा आप्रवासन सूचना केन्द्र र स्थानीय गैसस देउचुली युवा क्लब रहेको छ । सहमति, ग्रामीण युवा विकास कार्यक्रमको आर्थिक सहयोग र सशक्त नारी बचत तथा ऋण सहकारी संस्था लिमिटेडको व्यवस्थापनमा युवा आप्रवासन सूचना केन्द्र, उपल्लो अर्खलामा सञ्चालित रहेको छ । यस गा.वि.स.मा ग्रामीण युवा विकास कार्यक्रम जनवरी २०१४ देखि सञ्चालन भयो । यस कार्यक्रमले सहकारी, युवा आप्रवासन सूचना केन्द्र र गैसस प्रबर्द्धन गरी तीनवटा विषवस्तुलाई आधार बनाएर समुदायमा कार्यक्रमहरू सञ्चालन गरेको छ । वास्तवमा गाउँका युवाहरू स्वदेशमा विकास निर्माण र रोजगारको अवसर नहुँदा युवाहरूको नजर विदेशतिर नै ताकेको देखिन्छ । त्यसमध्ये केही युवाहरू विदेश रमाइलोको लागि जान्छन् भने अर्कोतिर केही घरायसी समस्याले आत्तिएर जान्छन् । यिनै घरायसी समस्याले जाने युवाहरू कुनै सीप नसिकीकन विदेशमा गएर अपाङ्ग भएको, दु:ख पाएको लगायतका कुराहरू रहेका छन् ।

युवा आप्रवासन सूचना केन्द्रको माध्यमबाट वस्तीवस्तीमा सुरक्षित आप्रवासन सम्बन्धी अभिमुखीकरण तथा गाउँका युवाहरूलाई विभिन्न पुस्तक तथा पत्रपत्रिकाहरू पढ्न आउने वातावरण गराउदै गएको छ । स्थानीय गैसस मार्फत आप्रवासन सम्बन्धी सडक नाटक प्रदर्शन गरेर यहाँका युवाहरूलाई सूचना दिइरहेको छ । यस्ता क्रियाकलापहरूबाट सूचना केन्द्रको महत्व बढ्दै गएको छ । अहिले वस्तिवस्तिका युवाहरूबाट युवा आप्रवासन सूचना केन्द्रको सदस्यता लिने क्रम पनि बद्धै गएको छ । त्यस्तै वैदेशिक रोजगारीको बारेमा सल्लाह, सुझाव तथा परामर्शका लागि सम्पर्क गर्न आउने क्रम पनि बद्धै गएको छ । मैले स्थानीय युवाहरूलाई के पनि भन्न चाहन्छु भने सूचना केन्द्रबाट वैदेशिक रोजगारीको साथसाथै सीप सम्बन्धी विभिन्न तालिमहरूको लागि सम्पर्क समन्वयमा समेत सहयोग गर्ने गरेको छ । बेलाबेलामा विभिन्न संघसंस्थाबाट अवसरहरू आइरहेको हुन्छ । त्यस्तो बेलामा सम्पर्क समन्वय भईरहेमा अवसरबाट बञ्चित हुनुपर्दैन । हामी युवाहरूले यस्ता किसिमका सीपहरू सिकी आत्मनिर्भर बन्ने अवसर नगुमाऔं भन्न चाहन्छु ।

किनकि विदेश मात्र स्व–रोजगारको अवसर होइन स्वदेशमा पनि कृषि, पशुपालन, विभिन्न सीपहरू सिकी प्राविधिक बन्ने र व्यापार व्यवसाय गर्ने हो भने विदेशमा गएर कमाउने जति पैसा यहीं कमाउन सकिन्छ । आगामी दिनहरूमा युवाहरूलाई युवा सम्बन्धी कार्यक्रमहरू सूचनामूलक, चेतनामूलक, सीपमूलक लगायतका सामग्रीहरू युवाहरूको माँझमा लगेर प्रचारप्रसार गर्न सकेमा ग्रामीण क्षेत्रमा अलग पहिचान बनाउन सफल हुने छ ।

# जीविकोपार्जनमा सुधार

✍ धनबहादुर चितौरे
गैंडाकोट–३, ढोडेनी, नवलपरासी



नवलपरासी जिल्ला गैंडाकोट नगरपालिका वार्ड नं. ३ ढोडेनी गाउँ पूर्व मौलाकालिका मन्दिर पश्चिम रतनपुर दक्षिण थुमडाँडाको हरियाली पाखोको किनारमा अवस्थित जयश्री खोला र उत्तरमा काली गण्डकी र मात्रुम डाँडाको हरियाली जङ्गलको बीचमा रहेको थुप्रै खोला नाला भएको गैंडाकोट नगरपालिका सुगम क्षेत्रको दुर्गम ढोडेनी गाउँ सामाजिक, आर्थिक, साँस्कृतिक, राजनीतिक अवस्थामा भने अत्यन्त पछाडि परेको क्षेत्र हो । प्राकृतिक अवस्था भने निकै रमणिय चारैतिर हरियाली जङ्गल भएको पहाडै पहाडले घेरेको र थुप्रै खोलानाला भएको यो ढोडेनी गाउँ अति नै रमाइलो छ । समयको परिवर्तन र विकासको क्रममा यस ढोडेनी क्षेत्रमा विभिन्न संघसंस्थाहरू, समूहहरू गठन हुने शुरुवात भयो । यसैक्रममा गाउँमा छरिएर रहेको रकमलाई व्यवस्थित गर्न २०६५ सालमा समूहहरूको साझा धारणा बनाई ६२ जना सदस्यहरूको भेलाले मेलमिलाप बचत तथा ऋण सहकारी संस्था नामांकरण गरी गैंडाकोट गा.वि.स र रतनपुरको छिमेकी गाउँलाई कार्यक्षेत्र बनाई वैधानिकता अनुसार वित्तीय कारोबार गर्न मिति २०६६ साल वैशाख २० गते डिभिजन सहकारी कार्यालय नवलपरासीमा दर्ता गरियो । त्यसपछि संस्थाले आफ्नो नीति तथा योजना अनुसार काम अगाडि बढाउने सिलसिलामा ढोडेनी वरपर रहेका समूहलाई सहकारीमा आवद्ध गराउने काम गर्‍यो । त्यसपछि सहमति, ग्रामीण युवा विकास कार्यक्रमले सहकारी भवन निर्माणमा सहयोग लगायत संस्थालाई दिगोरुपमा अगाडि बढाउन सहकारी सम्बन्धी विभिन्न तालिमहरू, सहकारी शिक्षा शिविर, भ्रमण जस्ता क्रियाकलापले समुदायमा छरिएर रहेका बचत रकमलाई सहकारीमा ल्याउन थप सफलता मिल्यो । अहिले सहकारीमा सात प्रकारका बचत शेयर सदस्य ६९७ जना, शेयर पूँजी ७,४६,७००।– बचत निक्षेप ४५,२३,९६६।– सम्पत्ती १०,१९,११९।– र कुल पूँजी ६५,५०,३५८।– रहेको छ । यस क्षेत्रमा कुनै पनि वित्तीय कारोबार गर्ने संस्था नभएकाले समुदायले ऋण लिई आफ्नो जीवनस्तरमा परिवर्तन गर्न सकेका थिएनन् । अहिले सहकारीबाट ऋण लिई व्यापार व्यवसायमा लगानी गरेर जीविकोपार्जनमा सुधार तथा जीवनस्तरमा समेत परिवर्तन ल्याउन थालेका छन् ।

अर्कोतर्फ सहकारीले पनि आफ्नो व्यवस्थापनमा सुधार गर्दै गइरहेको छ । संस्थामा वित्तीय व्यवस्थापनमा सहजता ल्याउन ग्रामीण युवा विकास कार्यक्रमबाट कम्प्युटर, कम्प्युटर सफ्ट्वेयर तथा प्रिन्टर समेत सहयोग प्राप्त भएपछि कम्प्युटर प्रणालीबाट सहकारीको लेखा व्यवस्थापन गर्न समेत मद्दत पुगेको छ । त्यस्तै कार्यक्रमबाट समाचार तथा विभिन्न सूचना प्रवाहका निम्ती पत्रपत्रिकाको सहयोगले यहाँका युवाहरूलाई समेत विदेश सम्बन्धी रोजगारका विज्ञापन बारे, राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरका ज्ञानबर्द्धक कुराहरू लिन मद्दत पुगेको छ । हाल मेलमिलाप बचत तथा ऋण सहकारी संस्था सहकारी सञ्जालहरूमा जस्तै नेपाल केन्द्रीय बचत तथा ऋण सहकारी संस्था, जिल्ला सहकारी संघ, जिल्ला बचत संघ समन्वय मञ्च गैंडाकोटमा समेत आवद्ध भएको छ । ग्रामीण युवा विकास कार्यक्रमको आर्थिक सहयोग र सहकारीको व्यवस्थापनमा सञ्चालित युवा आप्रवासन सूचना केन्द्रले विदेश जाने युवाहरूलाई वैदेशिक रोजगार सम्बन्धी जानकारीमूलक कुराहरू पनि प्रदान गर्दै आइरहेको छ भने पछिल्लो समयमा सहकारीको उप समितिकोरुपमा सञ्चालन गरिएकाले पनि वैदेशिक रोजगारीका लागि गरिएको ऋण लगानीलाई अझ सुरक्षित बनाउन थप सहयोग पुगेको छ । त्यस्तै सूचना केन्द्रमा रहेको पुस्तकालयबाट नयाँ नयाँ ज्ञानबर्द्धक कुराहरू लिनका लागि यस क्षेत्रका बुद्धिजीवी तथा युवाहरूलाई योगदान पुगेको छ । त्यस्तै संस्थामा इन्टरनेट सेवा सञ्चालनले सहकारी तथा युवा आप्रवासन सूचना केन्द्रलाई अगाडि बढाउन थप उर्जा थपेको छ ।

त्यस्तै संस्थाले आगामी दिनहरूमा विदेश जाने युवाहरूले पठाएको विप्रेषणलाई पनि भित्र्याउने आगामी सोंच पनि राखेको छ । यसरी सहकारीलाई वर्तमान अवस्थामा ल्याई पुर्‍याउन सहयोग गर्नु हुने सहमति संस्थाका पदाधिकारीहरू तथा ग्रामीण युवा विकास कार्यक्रमका कर्मचारी साथीहरू प्रति मेरो व्यक्तिगत तथा सम्पूर्ण सहकारीका शेयर सदस्यहरूको तर्फबाट आभार प्रकट गर्दै उत्तरोत्तर प्रगतिको कामना गर्दछु ।

# चाहना थियो मेरो धेरै धन कमाएर ल्याउन

✍ झविन्द्र मगर
गैंडाकोट–३, ढोडेनी, नवलपरासी



हिजो रुँदैन भन्थें, रुँदैछु विदेशमा ।
कसम खाई जादैन भन्थें, जादैं छु विदेशमा ।
गरिबीको छाक टार्न, धेरै आशा बोकी ।
सपनाको झोला लिई, हिंड्दै छु विदेशमा ।
दशैं तिहार आयो, भन्दा आँशु झर्छ यहाँ ।
आँशुको भेल बगाई, पुछ्तै छु विदेशमा
चाहना थियो धेरै मेरो, धन कमाएर ल्याउन ।
खाली हात फर्कने दिन, गन्दैछु विदेशमा ।
आफ्नो देश जस्तै, जिन्दगी नहुँदा यहाँ ।
जिउदै मरी आफैं, जल्दै छु विदेशमा ।

# युवा सूचना केन्द्र : युवाहरूको बिसाउने चौतारो

✍ चमेली राई
बुलिङटार–९, नवलपरासी

नवलपरासी जिल्लाको १७ वटा पहाडी गा.वि.स.मध्ये बुलिङ्टार गा.वि.स.पनि एक हो । यो गा.वि.स.दलदले वजार देखी ४२ कि.मि. उत्तर तर्फको दुरीमा उपत्यकाको रूपमा अवस्थित रहेको छ । विकट पहाडी गा.वि.स.हरू मध्येको बुलिङ्टार गा.वि.स. विकासको पुर्वाधारमा केही अगाडी रहेको छ । यस क्षेत्रमा ब्राम्हण, क्षत्री, नेवार, मगर, कुमाल, र दलीत जातीहरूको बसोबास रहेको छ । यहाँको मूख्य पेशा परम्परागत कृषि नै हो । समाजमा रहेको परम्परागत कृषि प्रणालीलाई आधुनिकीकरण र व्यवसायीकरण, सहकारी तथा स्थानीय गैससहरूको संस्थागत विकास तथा व्यवस्थापन, सुरक्षित आप्रवासन तथा वैदेशिक रोजगारमा हुन सक्ने ठगी तथा जोखिम न्यूनीकरण गर्न युवाहरूलाई जनचेतना अभिवृद्धि गर्ने कार्यहरूमा सहमति, ग्रामीण युवा विकास कार्यक्रमले सन् २०१४ जनवरी देखी यस गा.वि.स.मा विभिन्न कार्यक्रमहरू सञ्चालन गरेको छ । नेपालको आर्थिक मेरूदण्डको रूपमा कुल ग्राहस्थ उत्पादनमा कृषि पछि वैदेशिक रोजगारले पनि महत्वपुर्ण स्थान ओगटेको छ । त्यसैले वैदेशिक रोजगारीलाई समय सापेक्ष व्यवस्थापन र मर्यादीत वनाउनका लागि ग्रामीण युवा विकास कार्यक्रमको आर्थिक सहयोग र सुनौलो वचत तथा ऋण सहकारी संस्था लिमिटेडको व्यवस्थापनमा युवा आप्रवासन सूचना केन्द्र स्थापना भएको छ ।

युवा आप्रवासन सूचना केन्द्र बाट वैदेशिक रोजगारमा जाँदा अपनाउनु पर्ने कुराहरू, नेपाल सरकारले विदेश जानको लागि खुल्ला गरेका देशहरू बारे जानकारी, कालोसुचीमा परेका विभिन्न म्यानपावरहरू, विदेशमा रहेका नेपाली राजदुतावासका विभिन्न नम्वरहरू, करारनामा पत्र, श्रम स्वीकृति पत्र, विभिन्न मुलुकमा जाँदा लाग्ने रकमहरू आदी बारे जानकारीहरू प्राप्त गरेका छन् । त्यस्तै विदेश जानको लागि सोंच गरिरहेका युवाहरू पनि सूचना केन्द्रमा आएर कुन कुन प्रकिया अपनाईयो भने सुरक्षित साथ विदेश यात्रा हुन सक्छ भन्ने बारेमा जानकारी लिएर जाने क्रम पनि बद्दै गईरहेको छ । शुरूमा यहाँका युवाहरूलाई युवा आप्रवासन सूचना केन्द्र भनेको के हो ? यस्ले के के कामहरू गर्छ ? भन्नेकुराको जानकारी थिएन । तर अहिले सूचना केन्द्रको माध्यमबाट स्थानीय युवाहरूले वैदेशिक रोजगार लगायत ज्ञानवर्द्धक पुस्तकहरू, पत्रपत्रिकाहरू अध्ययन गर्ने परिपाटीको विकास हुदै गएको छ ।

त्यस्तै युवा आप्रवासन सूचना केन्द्रमा रहेका कृषि सम्वन्धी पुस्तकहरू, जैविक खेती प्रविधिबाट कृषि उत्पादन, रसायनिक विषादीको प्रयोगले वातावरणमा पार्ने प्रभावहरू, उन्नत नश्लका बङ्गुर तथा वाख्रापालन व्यवसाय जस्ता पुस्तकहरू अध्ययनमा युवाहरूको चासो पनि देखिएको छ । फलस्वरूप ग्रामीण क्षेत्रमा रहेको परम्परागतशैलीको कृषिलाई नयाँ तरिकाबाट प्रवर्द्धन गर्दै कृषि उत्पादकत्व बढाउन सकिने सम्भावना पनि बद्दै गएको छ । अहिले युवा सूचना केन्द्र युवाहरूको बिसाउने चौतारोको रूपमा विकास हुदै गएको छ ।



वास्तवमा युवा जनशक्ति भनेको देश परिवर्तनका हस्तीहरू हुन । यिनीहरूको आँट, जोस र प्रयत्नले गर्दा नै देशमा परिवर्तन आएको छ । तर युवाहरू स्वयमले समयमा नै उचित किसिमको बाटो नरोज्दा द:ख पाएको स्थिति रहेको छ । त्यसैले उनीहरूलाई समयमै चेतना जगाएर दीगो आय स्रोतमा सहयोग गर्न जरूरी देखिन्छ । अन्तमा युवाहरूको क्षमता बढाउने खालका विभिन्न किसिमका स्वरोजगार सम्बन्धी तालिमहरू, आयमूलक, चेतनामा आधारित सूचनामूलक सामग्रीहरू, वैदेशिक रोजगार सम्बन्धी जानकारीहरू लगायतमा युवाहरूको आत्म मनोबल बढाउन सहयोग र साथको अपेक्षा राख्दछु ।

---

## कविता



✍ टंक प्रसाद आले मगर
डाँडाझेरी–७, रामकोट

शुरु गरौं आफैंबाट, प्राङ्गारिक खेती लगाएर
विदेश होइन जन्मभूमी बसी श्रम बगाएर
रासायनिक विष होइन, गोबर गहुँत छर्नुअघि
सचेतना फैलाउनु छ, निरहीलाई जगाएर
नजाउ अव कर्म खोज्दै मरुभूमितिर युवा
धर्म कर्म फल्छ यही अशक्तलाई सघाएर
नजानेका नबुझेका कुराहरु सिक्नु पर्छ
ग्रामीण युवा विकाससँग कृषि तालिम मगाएर
संघर्षले हुदैन है धनी गरिब सानो ठूलो
आफैं भित्र निर्भर हुन्छ कृषि पेशा अपनाएर

---

### समुदायमा ........

छ । यो कार्यले सहकारी गाउँको गहना हुनेमा विश्वास गरिएको छ ।

त्यस्तै कार्यक्रमले विभिन्न आयआर्जनका क्रियाकलापहरू सञ्चालन गर्दा यहाँका वासीहरूलाई जीवकोपार्जनमा ठूलो मद्दत पुगेको छ । सतिकोट, काफलडाँडा लगायतका गाउँहरूबाट सुन्तला खेतीको प्रवर्द्धनले सहकारीमा बचत गर्ने कुरालाई सहयोग पुर्‍याएको छ । जसबाट सहकारीले लगानीको दर बढाउन सहज भएको छ ।

वास्तवमा सहकारीमा शेयर सदस्य किन हुने, फाईदाहरू के के छन् जस्ता कुराहरू बुझाउन ग्रामीण युवा विकास कार्यक्रमले गरेको प्रशंशनीय कार्यलाई देवचुली बचत तथा ऋण सहकारी संस्थाले कहिल्यै पनि भुल्ने छैन साथै हौसला बढाउने सहमति परिवारलाई मुरीमुरी धन्यवाद भन्न चाहन्छु ।

सफलताका कथाहरू

# सिलाइ कटाइ तालिमले आत्मनिर्भर बन्दै

(कृष्णमाया खण्डलुक) नवलपरासी जिल्लाको गैंडाकोट नगरपालिकाको वार्ड नं. ३ विकट पहाडी गाउँ हो, ढोडेनी । जुन पूर्व पश्चिम राजमार्ग देखि नौं कि.मि.उत्तरमा पर्दछ । यहाँ करिब ८५ प्रतिशत भन्दा बढी मगर जातिहरू बसोबास गर्दछन् भने अन्यमा बाह्मण, क्षत्री, दलित आदि रहेका छन् । पेशाको सन्दर्भमा कुरा गर्ने हो भने यहाँ परम्परागतरूपमा नै खेतीपाती, बङ्गुरपालन, बाख्रापालन, कुखुरापालन आदि रहेको छ । त्यस्तै पूर्वाधारको कुरा गर्ने हो भने शिक्षा, स्वास्थ्य, यातायात, सञ्चार, विद्युत, खानेपानी लगायतका आधारभूत आवश्यकताहरू पनि नाजुक अवस्थामा रहेको छ । त्यस्तै परम्परागत सोंच तथा संस्कारले जरा गाडेको यस ठाउँमा जनचेतनाको कमीले गर्दा शिक्षाको अवसरबाट टाढा हुनु पर्ने, कलिलै उमेरमा नै बिवाह गर्नुपर्ने, घरायसी रक्सी उत्पादन गरेर जीवन निर्वाह गर्ने प्रचलनले गर्दा उज्ज्वल भविष्यका लागि समस्यै समस्या रहेको छ ।



यिनै समस्याबाट चिर परिचित भएकी ढोडेनी गाउँबाट नजिक शनिस्टार गाउँकी २०४९ सालमा जन्मिएकी कृष्णमाया खण्डलुक सामान्य परिवारमा जन्मिएकी एउटा महिलाको कथा पनि यस्तै रहेको छ । उनी उच्च शिक्षाको पहुँचबाट बञ्चित भएपनि सामान्य लेखपढका लागि भने शिक्षा लिन पाईन् । उनको शिक्षा ६ कक्षासम्म रहेको छ । उनको सानै उमेरमा बिहे भयो तर उनको बिहा भएको केही समय पछि श्रीमानले वेवास्ता गर्दै जाँदा उनले भविष्यमा सोचेका सुनौलो सपनाहरू काँचको सिसा फुटे झैं गरी चकनाचुर भएपछि उनी यो संसारमा एक्लो तथा बेसहारा अवस्थामा हुन पुगिन् । उनी घरमा श्रीमान् तथा परिवारको सहारा नभए पछि अन्ततः फेरि जन्मघर माइतीको सहारा लिन बाध्य हुन पुगिन् । माइती घरमा आमाबाबु, दाजुभाई भएपनि बिबाह भएकी छोरीलाई केही समय सम्म माइती घरमा प्यारो गरे पनि दीगो बसाईका लागि असहज हुने भएकोले समयमा नै आत्मनिर्भर हुनका लागि जीवनमा केही न केही गर्नु पर्दछ भन्ने सोंच गरिन् । यसरी सोच गर्दै जाँदा गाउँमा कपडा सिलाउने जनशक्तिको कमी, महिलाको लागि सजिलो पेशाकोरुपमा सिलाइकटाइ व्यवसायको सम्भावना देखेर उनले उक्त तालिम सिक्ने प्रक्रिया तिर अगाडि बढ्न थालिन् ।

उनलाई के गरौं र कसो गरौं भन्ने अवस्थाले सताइरहेको अवस्थामा सहमति संस्थाद्वारा सञ्चालित ग्रामीण युवा विकास कार्यक्रमले उद्यमी बन्नको लागि मेलमिलाप बचत तथा ऋण सहकारी संस्था लिमिटेडको व्यवस्थापनमा सञ्चालित रहेको युवा आप्रवासन सूचना केन्द्रबाट सीपमूलक तालिमहरू प्रदान गर्ने कुरा थाहा पाईन् । त्यसपछि उनले ग्रामीण युवा विकास कार्यक्रमसँग सम्पर्क गरिन् ।

उनको श्रीमान्ले धोका दिएको चोटका कारण आफुँ आत्मनिर्भर हुन सिलाइकटाई सम्बन्धी तालिम लिने इच्छा त गरिन् तर घरको न्यून आर्थिक अवस्थाका कारण सो तालिम सिक्नका लागि आय स्रोतको अभाव तथा सीप सिकेर व्यवसाय सञ्चालन गर्ने भने पछि कार्यक्रमबाट सीप सिक्ने अवसर मिल्ने भयो । वास्तवमा उनलाई अवसर खोजिरहेको बेलामा ग्रामीण युवा विकास कार्यक्रमबाट तालिम सिक्ने अवसर पाउनु ढुङ्गो खोज्दा देउता मिले झैं उनको लागि सौभाग्य हुन पुग्यो । सिलाईकटाइ तालिम सिक्न पाउने भएपछि उनी अत्यन्त खुसी भईन् । कार्यक्रमबाट ६ महिने सिलाईकटाई तालिम सिक्नका लागि आर्थिक सहयोग पाउने भए पछि उनी सिक्ने स्थलको खोजीमा लागिन् । सिक्ने स्थलको खोजी गर्दा ढोडेनी बजारमा पनि तालिम दिने संस्था भएको थाहा पाएपछि त्यहि संस्थामा गएर ६ महिनाका लागि सिलाईकटाई तालिम सिक्ने निधो गरी अगाडि बढ्न थालिन् ।

उनले ६ महिने सिलाइकटाइ तालिम सिकीसकेपछि व्यवसाय प्रति आत्मविश्वास तथा अनुभव बढाउनका लागि दुई जनाको सहकार्यमा ढोडेनी चोकमा साझेदारीमा पसल खोलेर व्यावसायिकरूपबाट व्यवसाय चलाउने निर्णय गरीन् । तर चार महिना पछि साझेदारी गर्ने साथीको समय अभावका कारण व्यवसायलाई निरन्तरता दिन नसकेपछि बीचमा नै छोड्नु पर्ने बाध्यता भयो । उनलाई जनशक्ति अभावका कारण उक्त पसललाई छोडेर आफ्नै घरमा मेशिन लगेर सिलाईकटाई व्यवसायको निरन्तरता दिन थालिन् । उनी अहिले विभिन्न डिजाईनका कुर्ता, सुरुवाल, सर्ट, पाईन्ट ब्लाउज आदि सिलाउने गर्दछिन् । उनले उक्त व्यवसायबाट सिजनमा अधिकतम बाह्र हजारसम्म मासिकरूपमा कमाउने गरेकी छिन् । उनलाई व्यवसाय प्रबर्द्धन गरी आयआर्जन गर्दा आँट गरेमा जे पनि गर्न सकिन्छ भन्नेकुराको आत्मबल समेत बढ्दै गएको कुरा व्यक्त गर्दछिन् ।

अन्तमा नारीले पनि समाजमा अरू कुनै पुरुषको दाँजोमा काम गर्न सक्छन् भन्ने भनाईको ठोस प्रमाण उनले दिएकी छन् । अहिले

*(बाँकी २५ पेजमा)*

# उच्च मा.वि.मा अध्ययन गर्ने गाउँकै पहिलो व्यक्ति

*१६ वर्ष उमेरबाट क ख पढ्न शुरू गरेकी मनिषा थापाको निरन्तर पढाईप्रतिको लगनशिलताले गर्दा एस.एल.सी.मा दोश्रो श्रेणीमा उत्तीर्ण गरी भरतपुर नगरपालिका वार्ड नं. ३, पोखरा बसपार्कमा रहेको आदिकवि भानुभक्त उच्च मा.वि.मा कक्षा १२ मा अध्ययनरत छिन् । उनी गाउँको नै पहिलो एक मात्र उच्च मा.वि.मा अध्ययन गर्ने एक मात्र विद्यार्थी हुन्, अहिलेसम्म त्यो गाउँबाट कसैले पनि एस.एल.सी.पास गरेका छैनन् ।*

नवलपरासी जिल्लाको गैंडाकोट नगरपालिका वार्ड नं. ३, भौगोलिक, सामाजिक, आर्थिक, राजनैतिक, तथा साँस्कृतिक हिसावले पछाडी परेको क्षेत्र हो । यस वार्डमा हर्दी, केलादी, ढोडेनी, जगन्नाथ, ढाप्ले कराँदीप लगायतका थुप्रै गाउँहरू रहेका छन् । यी गाउँहरू मध्येको केलादी गाउँमा २७ घरधुरी भएको मगर समुदायको बस्ती रहेको छ । यिनीहरूको मुख्य पेशा अर्काको मजदुरी गरेर जीविकोपार्जन गर्ने, खेतीपातीका लागि डाँडाकाँडा भएकोले कोदो, मकैमा मात्र निर्भर रहनुपर्ने र उत्पादित कृषि उपजले तीन महिना पनि खान नपुग्ने अवस्था भएकाले ती समुदायहरुको जीवनयापन तथा शिक्षा, स्वास्थ्यमा पहुँच पनि दयनीय अवस्थामा रहेको छ ।



शिक्षाको सन्दर्भमा कुरा गर्दा त्यो गाउँमा एस.एल.सी. पास गर्ने कोही पनि व्यक्ति छैन । न त आफ्ना सन्तानलाई उचित शिक्षा दिलाउनमा अभिभावकको महत्वपूर्ण स्थान रहन्छ भन्ने चेतना नै छ त्यस गाउँमा । उल्टै अभिभावकको सोचाइमा छोरीले पढ्नु हुँदैन, हामीजस्ता गरिबका छोराछोरीले पढेर के हुन्छ र ? भनेर दिनरात घरायसी काम, घाँस दाउरा र गाईबाख्रा चराउने काममा पठाउने चलन रहेको छ । यस्तो परिस्थिति र संस्कारले जगडिएको समुदायबाट अलग भई शिक्षा प्रति रूचि राख्ने एक किशोरी हुन् मनिषा थापा । उनी कहिलेकाहीं घरबाट नारायणघाट बजार आउँदा स्कुलतिर पढ्न गएका विद्यार्थीहरू देख्दा उनलाई पनि पढ्न मन लाग्थ्यो । तर पढ्ने मन भएपनि त्यो किसिमको शैक्षिक वातावरण तयार गरिदिने न त घर परिवार थियो न त समुदाय नै । ईश्वरले तैंलें आँट म पुर्‍याउछु भन्ने उखान उनको लागि चरितार्थ बन्न पुग्यो । सहमति, ग्रामीण युवा विकास कार्यक्रमले त्यहाँको शैक्षिक अवस्था विश्लेषण गरेर शुरुवातमा एक वर्ष अनौपचारिक कक्षा सञ्चालन गरेको थियो । यस कार्यक्रमले शिक्षा प्रति रूची राख्ने ति किशोरीलाई पढ्ने वातावरण सृजना गरायो । शिक्षाबाट वञ्चित र स्कुल पढ्न नपाएकी र शिक्षा, पाठशाला कस्तो हुनुपर्छ भन्ने समेत थाहा नभएकी मनिषा थापालाई केही हद सम्म भएपनि अनौपचारिक कक्षाबाट शिक्षा के हो ? भन्ने महत्त्वको बारेमा चेतनाको विकास गरायो । अनौपचारिक कक्षाको समाप्ति पछि १ घन्टा पार गरेर हर्दी भन्ने गाउँको स्कुलमा १६ वर्षको उमेरमा कक्षा ५ मा अध्ययनका लागि कार्यक्रमको सहयोगमा अध्ययन गर्न थालिन् । शुरूमा पठनपाठनका लागि स्कुल जाँदा उनी सरहकै साथीहरू तथा अन्य केटाहरूले पनि यति ठूलो उमेरमा पनि किन पढ्न आएको भन्दै बाटोमा हिड्दा जिस्काउने गर्थे । यसको बावजुद पनि उनी निर्भीक, साहसी भएर आफ्नो प्रगतिमा निरन्तर प्रयत्नरत गरिन् । निरन्तर शिक्षाप्रतिको चासो र लगनशीलताले पढ्दै जाँदा उनी कक्षा ५ मा उत्तिर्ण मात्र भईनन् प्रथम श्रेणीमा नै पास गर्न सफल भईन् । उनको पढाईप्रतिको लगनशिलता, सफलता र उमेरको कारणले गर्दा एक तह फड्को मारेर कक्षा सातमा भर्ना भइन् ।

एवम्रितले उनको निरन्तर पढाईप्रतिको लगनशिलतालाई बुझेर कार्यक्रमले पनि शैक्षिक सहयोगलाई निरन्तरता दिएर उनले एस.एल.सी. तहको दोश्रो श्रेणीमा उत्तिर्ण गर्न सफल भईन् । उनी १६ वर्ष उमेरबाट क, ख पढ्न शुरू गरेकी मनिषा थापा अहिले भ.न.पा. वार्ड नं. ३, पोखरा बसपार्कमा रहेको आदिकवि उच्च मा.वि.मा कक्षा १२ मा अध्ययनरत छिन् । "उनी भन्छिन्, यदि संस्थाबाट सहयोग नपाएको भए आज म यो अवस्थामा आउन सक्ने थिइन्, म गाउँमा नै घाँस, दाउरा, र गाई बाख्रा चराएर बसेको हुने थिए । मलाई शिक्षा अध्ययनका लागि सहमति, ग्रामीण युवा विकास कार्यक्रमले विगत नौ वर्ष देखि शैक्षिक सहयोगमा निरन्तरता दिदैं आइरहेकोमा कार्यक्रमको समाप्तिपछि विभिन्न संघसंस्थामा गएर जागिर खोज्ने वा जागिर नमिलेको खण्डमा कुनै व्यवसाय गरेर त्यसैमा लगनशील भई आम्दानी गरेर पढाइलाई निरन्तरता दिने सोचाईम रहेको छु ।" अहिले मेरो शैक्षिक सफलतालाई देखेर गाउँमा बसोबास गर्ने अभिभावकहरूले पनि आफ्ना नानीबाबुहरूलाई पढाउनु पर्छ भन्ने बानीको विकास बढ्दै गएको छ ।

भनिन्छ, माछा खानेलाई माछा दिएर होईन, माछा मार्नेलाई जाल दिनुपर्दछ भने झैं गाउँमा शिक्षाबाट वञ्चित भएका नानीबाबुहरूलाई सहमतिले मलाई पढ्नको लागि शैक्षिक वातावरण तयार गरे जस्तै तिनीहरुलाई पनि शिक्षाको ज्योति फैलाई दिनु हुन अनुरोध गरेकी छन् । किनकि गाउँमा पढ्ने इच्छा र रहर भए पनि घरायसी आर्थिक अवस्था न्यून तथा अभिभावकमा चेतना नभएका कारण अध्ययन गर्न पाइरहेका छैनन् । यसरी उनले गरेको यो अदम्य साहस, सोंच र लगनशीलतालाई हामी सबैले कदर गर्नै पर्छ ।

# अहिलेसम्म आठ लाख बराबरको कारोबार

(जगत बहादुर विरकट्टा) पाँच बर्षको वैदेशिक रोजगार पश्चात नवलपरासी जिल्लाको उत्तरी पहाडी दुर्गम गा.वि.स. बुलिङ्टार-९, भलायटारमा व्यावसायिकरूपमा कुखुरापालन गर्नुभएका जगत बहादुर विरकट्टाको जीवनशैली हेर्दा लाग्छ यही माटोमा परिश्रम गरे देखी सुन फल्छ भन्ने उदाहरणमा हुनुहुन्छ । साच्चै नै गाउँमा आजभन्दा करिब डेढ वर्ष अगाडि सोही ठाउँमा अवस्थित सुनौलो बचत तथा ऋण सहकारी संस्था लिमिटेडबाट पचास हजार रूपैंया ऋण लिएर व्यवसाय शुरूवात गर्नुभएका विरकट्टा अहिले आठ लाख बराबरको कारोबार भएको बताउनु हुन्छ ।



विदेशी भूमिको लामो बसाईको अनुभवमा परिवारबाट टाढा भएर बस्नुपर्ने अर्कोतिर त्यहाँको पचास डिग्रीको अत्यन्त गर्मी र अर्काको अधिनमा रहेर काम गर्नुपर्ने बाध्यताले गर्दा स्वदेशमा नै केही गरेर जीविकोपार्जन तथा आम्दानी गर्ने अभिप्रायले यो व्यवसाय शुरूवात गरेको बताउनु हुन्छ । मलाई यो व्यवसाय गर्ने रूची रहेको र आफुले विदेशबाट कमाएको केही पैसा र सहकारीबाट ऋण लिई सदुपयोग गर्न एउटा खोर र दुई सय बोईलर कुखुराका चल्लाबाट शुरूवात गरेको यस व्यवसायमा अहिले दुईवटा खोरमा दुई सयवटा १२ देखी १५ दिनका चल्ला र दुई सय जति मासु खान तयार भइसकेका ब्रोईलर कुखुरा भएको बताउनु हुन्छ ।

अहिलेसम्म तीन लाख भन्दा बढीको आम्दानी भएको र सो आम्दानीलाई केही रकम सहकारीमा बचत गरेर बाँकी भएको रकमलाई घरायसी खर्चमा प्रयोग गर्नेकुरा बताउनु हुन्छ । उत्पादीत कुखुरा बेच्नलाई शुरूमा गाह्रो भए पनि अहिले घरमा नै ग्राहकहरू किन्न आउने हुँदा बिक्रीका लागि आफुलाई कहीँ कतै बोकेर लैजानु नपर्ने भएको छ भनी विरकट्टा बताउनु हुन्छ । उनले कुखुरापालन व्यवसाय गरे देखी आफ्नो खोर अहिले सम्म खाली नभएको र समुदायमा कुखुराको माग दिनानुदिन बढ्दै गईरहेकोले माग अनुसारको पुर्ति गर्न नसकेकोले नयाँ खोर थप गरी व्यवसाय बढाउने तयारीमा जुटिरहेका छन् ।

उनले देश र जनता लाई आत्मनिर्भर भएर बाँच्न विदेशीवस्तुहरूमा रोक लगाएर स्वदेशीवस्तुहरूलाई प्रोत्साहन गर्दै अगाडि बढाउँदै लैजानुपर्दछ भन्नुहुन्छ । किनकी यस कुखुरापालन व्यवसायमा पनि बेलाबेलामा बर्ड फ्लु जस्ता संक्रमणको भयले मूल्यमा आउने गिरावटले हामीजस्ता मध्यमखालका किसानहरूलाई नराम्रोसँग ढाँड सेक्ने गर्दछ, कृषकले उत्पादन गरेको वस्तुहरूलाई बिक्री गर्नको लागि बजारको समस्या रहेको छ । यसबारेमा सरोकारवाला निकायहरूले सोच्नुपर्ने बेला आएको छ । कृषकलाई अगाडि बढाउन सहुलियत दरमा ऋण उपलब्ध गराउने र बजारको ग्यारेन्टी गर्ने, प्रविधि हस्तान्तरण र पुर्वाधार विकास हुने हो भने दैनिक १५०० भन्दा बढी विदेश जानको लागि कम्मर कसेका युवाहरूलाई रोक्न सकिने थियो । विदेशीहरूको प्रगतिले हामीलाई के हुने हो र आखिर एक दिन त छोडेर आउने पर्छ अनि स्वदेशमा आएपछि फेरी बेरोजगार हुनुपर्ने । 'आखिर म पनि विदेश गएर आएको एउटा युवा हुँ मैले जुनकुरा प्रत्यक्ष भोगेर आएको छु विदेशको पीडा । तीनै पीडा सहन नसकेर विकल्पको बाटो रोजेर यो व्यवसाय सञ्चालन गरेको छु । म अहिले यसैमा रमाएको छु' उहाँ भन्नु हुन्छ ।

बुलिङ्टार गा.वि.स.मा विरकट्टाले एउटा सफल युवा उद्यमीकोरूपमा आफ्नो पहिचान बनाउनु भएको छ । उहाँले गरेको व्यवसायबाट थाहा हुन्छ कि विदेशमा जति गर्ने परिश्रम स्वदेसमा नै गर्ने हो भने विदेशको भन्दा कमाई पनि बढी, परिवारसँगको बसाई अनि अन्य ईष्टमित्रसँग भेटघाट लगायत सबै खालका सामाजिक कार्यमा समावेश भई इज्जतसँग यही नै जीवन जीउन सकिन्छ भन्नेकुरामा कुनै दुई मत छैन भन्ने सुझाव विरकट्टाको रहेको छ ।

## सिलाई कटाई .......

उनी सफल व्यवसायी बनेर गैंडाकोटमा उत्कृष्ट र नमूना टेलर्सकोरूपमा परिचित हुँदै गएकी छिन् । उनले आफ्नो मनमा भएको इच्छालाई पुरा गर्न सिलाईकटाई तालिम सिक्ने अवसर प्रदान गरेकोमा ग्रामीण युवा विकास कार्यक्रमप्रति आभार प्रकट गर्दै ग्रामीण क्षेत्रमा बसोबास गर्ने अन्य महिला दिदीबहिनी तथा युवाहरूको लागि पनि आत्मनिर्भर बन्ने विभिन्न प्रकारका सीपमूलक ज्ञान प्रदान गर्ने अवसर प्रदान गरोस् भन्दै कार्यक्रमको सफलताको लागि शुभकामना प्रकट गरेकी छन् । परिश्रम, लगाव र मेहनतले नै आज उनको सुन्दर सुनौलो सपना विपनामा परिणत भएको देख्दा मानिस चाहेमा के गर्न असम्भव रहेछ र ? मात्र ईमान्दार र लगशिलताको खाँचो न रहेछ ।

# केरा गाउँ भएकोमा दङ्ग छन्, खगिराम

रतनपुर गा.वि.स. भौगोलिक परिवेश हेर्दा चारैतिर डाँडाकाँडा, भिरपाखाहरू भएको र धेरैजसो मगर समुदायको बस्ती रहेको गाउँ हो । यस क्षेत्रमा बसोबास गर्ने समुदायको जीविकोपार्जनको स्रोतकोरूपमा परम्परागत खेतीपाती तथा पशुपालन रहेको छ । यस क्षेत्रका समुदायहरूमा जनचेतना र शिक्षाको कमीले गर्दा उन्नत प्रविधि अपनाएर खेतीपातीलाई अगाडि बढाउन सकेका थिएनन् । यस क्षेत्रमा पहिला पनि केरा खेती गर्ने गरेको भएपनि बीचमा नै छोडिएको अवस्थामा थियो । यसैक्रममा वि.सं २०६७ सालबाट सहमति, ग्रामीण युवा विकास कार्यक्रमले यस क्षेत्रका किसानहरूलाई खेतीपातीको सम्भावना तथा भू बनोटलाई मध्यनजर गरेर केरा खेती व्यवसाय उत्तम हुने कुरामा सहजिकरण गरेपछि शुरुवातमा सातजना कृषकहरूबाट व्यवसायिकरूपमा केरा खेती व्यवसाय गर्न शुरू गरे । त्यसपछि कार्यक्रमले निरन्तर विभिन्न प्रकारका जैविक खेती प्रवर्द्धनका लागि दीगो कृषिका लागि बाह्य सामग्रीको कम प्रयोग (लिजा) तथा आम्दानी बढाउने खालका विभिन्न कृषि सम्बन्धी तालिम तथा भ्रमणहरू जस्ता कार्य गर्दै गए पछि बिस्तारै बिस्तारै कृषकहरूको संख्यामा पनि बृद्धि हुदै गयो । अहिले २७ जना कृषकहरूले केरा खेतीको व्यवसाय गर्दै आईरहेका छन् । उनीहरू व्यक्तिगत भन्दा समुहमा बसेर काम गर्दा सेवा सुविधाहरू बढी पाईने भएकाले समूह गठन पनि गरेका छन् ।



अहिले समूहमा २७ जना कृषक सदस्यहरू मिलेर गठन भएको दमार केरा खेती समूहको नामाङ्करण गरी समूहगतरूपमा काम गर्दै आईरहेका छन् । सो समूहका अध्यक्ष खगिराम केङ्रेङ्ग हुन् । उनी उमेरले झण्डै ५० वर्षको हाराहारीमा पुगे पनि केरा खेती व्यवसायबाट सफल भएका एक उद्यमी पनि हुन् । उनले २०६७ सालबाट ४०० केराको विरुवाबाट शुरू गरेर अहिले लगभग ५००० जति बिरूवाहरू लगाउनु भएको छ । उहाँले अहिले मासिक २०० केराको घरी बिक्री गर्दै आएका छन् । यसबाट उहाँको वार्षिक आम्दानी करिब तिन लाख हुने गरेको बताउनु हुन्छ । उहाँले केरा खेतीबाट भएको आम्दानीले सहकारीमा बचत गर्ने, छोराछोरीहरूको लालनपोषण तथा शैक्षिक क्षेत्रमा खर्च गर्ने तथा ईष्टमित्रलाई सहयोग गर्ने गरेको उहाँ बताउनु हुन्छ । उहाँले केरा खेती गर्नुपूर्व त्यस ठाउँमा मकै, कोदो लगाएर दुई डोको मकै फल्ने गरेको क्षेत्रफलमा १५ देखी बिस हजार आम्दानी हुने गरेको बताउनु हुन्छ । यो समस्या मेरो मात्र नभएर गाउँका सबै किसानहरूको समस्या यस्तै थियो तर अहिले सबैले केरा खेतीको महत्त्व बुझे पछि मकै, कोदोको खेती गर्नु भन्दा केरा खेतीबाट दोब्बर भन्दा बढी आम्दानी हुने भएपछि केरा खेती व्यवसायलाई सबैले जोड दिन थालेका छन् । अहिले मानिसहरू केराको बिरुवाको संख्या थप गर्दै क्षेत्रफलको आकार बढाउदै गएका छन् ।

अहिले गाउँमा करीब ७०० रोपनी भन्दा बढी क्षेत्रफलमा केराको बिरुवाहरू रहेको छ । यहाँका प्रत्येक किसानले वार्षिक एक लाख रूपैंया भन्दा बढी आयआर्जन गर्न थालेका छन् । पहिला जस्तै किसानहरूले बीचमा नै छोड्ने होलान् भनेर मैले केही साथीहरूलाई पनि विरुवा सहयोग देखी खेती गर्ने तौरतरिकाहरूसम्मको जानकारीमा समेतमा सहयोग गर्दै आएको छु । अहिले मलाई हाम्रो गाउँ केरा खेतीमय भएको देख्दा दङ्ग परेको छु । अहिले गाउँमा हेर्दा कतै केरा पसाई रहेको, कतै केरा बेच्दै गरेको, कतै केरा बगान सफा गर्दै गरेको अवस्था देख्न पाइन्छ । लाग्छ की वास्तवमा दमार गाउँ केरामय भएको छ । जता हेर्‍यो त्यतै कैरै केरा, केराको बगानस्थल हेर्दा आनन्द, शान्त, र रमणीयले गर्दा स्वर्गमा पुगेको आभाष हुन्छ । यो गाउँ यस अवस्थामा आइपुग्नका लागि पाँच वर्ष भन्दा बढी लागेको छ । अर्कोतिर हामीले प्राङ्गारिक तरिकाबाट उत्पादन गरेको केरा भएकोले स्वादीलो भएको कारण बिक्रीको लागि अन्य क्षेत्रबाट समेत केराको माग दिनानुदिन बढ्दै गएको छ । त्यस्तै केही केराको बिरूवामा खाद्यतत्वको कमीले गर्दा कोसाहरू स-साना हुने, केरामा किराको समस्याले गर्दा केरामा दागहरू हुने, टाटापाटा पर्ने तथा देखावटी बनोट फरक भएकाले बजारमा बिक्री मूल्य नपाउदा बंगुर तथा बाख्राहरूलाई खुवाउने गरिएको थियो तर संस्थाबाट केराबाट बनाईने चिप्स, मःमः, बुँगाको अचार, केराको पाउडर लगायतका परिकारहरू बनाउन सिकाएपछि अहिले हामी हाट बजार, गाउँमा हुने सांस्कृतिक कार्यक्रमहरू भएको ठाउँमा गएर केराको परिकार बनाएर बेच्ने पनि गरेका छौं । यसरी हामीले केराको उत्पादनबाट दोहोरो मुनाफा लिन समेत सफल भएका छौं । अर्काको भरमा आश गरेर जीवनमा सफलता नपाईने हुँदा हामी किसानहरू अझै मेहनती र परिश्रमी बन्न सक्यौं भने गाउँ तथा समाजलाई सहजरूपमा अगाडि बढाउन सकिन्छ भन्छन्, खगिराम ।

यसरी खगिरामले जस्तै गाउँका युवाहरू विदेशमा गएर श्रम र पसिना बगाउनु भन्दा गाउँमा भएको केरा खेती जस्तै अन्य व्यवसायलाई प्रबर्द्धन गर्दै गएमा स्वरोजगारको अवसर सृजना भई दीगो आयआर्जनको स्रोत बन्नेमा कुनै दुई मत छैन ।

# विप्रेषणको सदुपयोगबाट आत्मनिर्भर

नवलपरासी जिल्लाको पहाडी गा.वि.स. रतनपुर ७ रतनपुरमा वि.सं. २०५१ सालमा जन्मीएकी स्मृति मोग्मीको गैंडाकोट ३, ढोडेनी स्थित साउदीमा काम गर्दै आएका व्यक्तिसँग विवाह भयो । औपचारिक रुपमा आठ कक्षासम्म अध्ययन गरेकी उनी विवाह हुनु भन्दा अगाडि जति सहज थियो तर विवाह भईसके पछि विभिन्न कामहरू थपिदा जिम्मेवारी बढ्न थाल्यो । ६ जनाको परिवार रहेको उनको अन्य आम्दानीको स्रोत नभएकोले दैनिक जीवनयापनमा समस्या परिरहेको थियो । यही समस्याले गर्दा उनलाई विकल्प खोज्न बाध्य बनायो । सहमति, ग्रामीण युवा विकास कार्यक्रमको सहयोग र मेलमिलाप बचत



तथा ऋण सहकारी संस्था लिमिटेडको व्यवस्थापनमा सञ्चालित युवा आप्रवासन सूचना केन्द्र ढोडेनीमा गएर सुरक्षित वैदेशिक रोजगार अन्तरगत विदेश जाँदा ध्यान पुर्याउनु पर्नेकुराहरू, कुनै समस्या परेमा कहाँ र कसरी सम्पर्क गर्ने भन्ने बारेमा जानकारी प्राप्त गरिन् ।

कतारको एक कम्पनी cleaner को रुपमा काम गरेबापत मासिकरूपमा नेपाली रू.४५,०००।- कमाउन थालिन् । शुरूमा काम गरेको पैसाले विदेश जाँदा लागेको ऋण तिरीसके पछि उनले अन्य पैसा घरमा पठाएर बचत गर्न लगाईन् । दुई वर्षे करार अवधिमा उनी करार अवधि पुरा गर्नु भन्दा दुई महिना अघि नेपाल फर्किन् र पन्ध्र दिनपछि पुनः श्रम स्वीकृति थप गरी उनी पुनः कतार फर्किन् ।, त्यसपछि उनले नेपालमै आत्मनिर्भर हुनको लागि गैंडाकोट-३, ढोडेनी बजारमा कस्मेटिक पसल खोलिन् । उनले शुरूमा पसलबाट मासिक रू. १०,००० हजार आम्दानी भएको कुरा सुनाईन् । उनले अन्य दिदिबहिनीहरूलाई सुझाब दिदै भन्छिन श्रीमानहरूले विदेशमा दुःख गरी कमाएको पैसालाई अनुत्पादक क्षेत्रमा फजुल खर्च नगरी उत्पादनमूलक क्षेत्रमा लगानी गरेर दैनिक आम्दानीको बलियो श्रोत खोज्नका लागि अनुरोध गरेकी छन् । घरायसी खर्चका लागी सजीलै आम्दानीको स्रोत जुटाउन सकिन्छ । विदेश जाने नै हो भने पनि युवा आप्रवासन सूचना केन्द्र मार्फत सूचना लिएर मात्र विदेश जाने योजना बनाउन सल्लाह दिँदै भन्छिन यसको महत्व विदेश पुगेपछि मात्र थाहा हुन्छ जुन मैले भोगी सके । साथै अहिले विप्रेषण व्यवस्थापन सम्बन्धी जानकारीका लागि वित्तीय साक्षरता तालिम उपलव्धीमूलक भएको बताईन् । किनकि यस तालिमले विभिन्न सुरक्षित आप्रवासन सम्बन्धी ज्ञानका कुराहरूमा विदेश जाने परिवारका सदस्यहरूलाई संलग्न गराएर तालिम प्रदान गर्नुले सहमति ग्रामीण युवा विकास कार्यक्रम गाउँमा लोकप्रिय हुदैं गएको छ ।

# प्राविधिक सहयोग पाइरहनेमा आशावादी

जसमती पुलामी (४०) चालिस वर्षे एक सफल महिला कृषक हुनुहुन्छ । उहाँले एकापट्टि तरकारी खेती त अर्कोतिर बाख्रापालन व्यवसाय गर्नु भएको छ । बाख्रापालनका लागि दुईवटा खोरहरूमा अहिले बोका खसी पाठा पाठी गरी जम्मा ३३ वटा रहेकाछन् । शुरू शुरूमा गाउमा हरिया खालका तरकारीहरू खाने चलन ज्यादै नै कम भएको र त्यो पनि गाउँघरमा तरकारी बेच्दा अरू मान्छेले कुरा समेत काट्ने गरेको बताउनु हुन्छ । गाउँमा तरकारीहरू किनेर खाने चलन ज्यादै नै कम भएकाले उत्पादित तरकारीहरूलाई बिक्री गर्न समेत अप्ठ्यारो भएको थियो । तरपनि यस क्षेत्रमा सम्भावना देखेर तरकारी ब्यावसाय गर्न अग्रसर भईन् । पछि सशक्त नारी बचत तथा ऋण सहकारी संस्थाबाट दश हजार रूपैयाँ ऋण लिई करिब दुई रोपनी जग्गामा करिब डेढ वर्ष अगाडि देखी व्यावसायिक तरकारी खेती



सुरुवात गरिन् । विस्तारै विस्तारै मानिसहरूमा तरकारी खाने बानीको विकास भएपछि घरबाट नै बिक्री हुने गरेको छ यसो हुदाँ उनलाई बजार बिक्रीको लागि केही पनि अप्ठ्यारो परेको छैन । आफ्नो घर बजार नजिकै भएकाले बारीमा फलेका तरकारीहरू कुहिन नपाएको बताउनु हुन्छ ।

बर्तमान समयमा गाउँमा तरकारी फलाउने भन्दा उपभोग गर्ने मान्छेको संख्या बढी भएकाले तरकारीको उपजको माग बढ्दै गएको छ भने होटल रेष्टुरेन्ट खुल्ने क्रम जारी छ । अर्खला बजारमा प्रायः तरकारी अभाव हुने भएकाले दलदले बजारबाट समेत तरकारी आउने गरेको छ । त्यसैले उत्पादित तरकारीले बजार सजिलै पाइरहेको छ । उहाँलाई व्यवसायमा श्रीमान्ले पनि सहयोग गरेको उहाँ बताउनु हुन्छ । तरकारी खेती र बाख्रापालन बाट आएको आम्दानीबाट एउटा छोरालाई काठमाण्डौमा स्नातक तहमा पढाएको र ठूलो छोरालाई रजहरमा दश कक्षामा पढाएको उहाँ बताउनु हुन्छ । यि खर्चबाट बचेको बचतलाई सहकारीबाट लिएको ऋणको लागि ब्याज तिर्दै आएको छु । विगतमा

*(बाँकी ३० पेजमा)*

# ब्युटीपार्लर तालिमले ल्याएको नयाँ जीवन

नवलपरासी जिल्लाको गैंडाकोट नगरपालिका वार्ड नं. ३ स्थित स्थायी बसोबास गर्दै आएकी वर्ष २८ की मीना गुरूङ्गले ब्युटीपार्लर व्यवसायबाट आम्दानी गरी दैनिक जीवनयापनको एक खुड्किला अगाडि बढाउन सफल भएकी छिन् । उनी शुरूमा घरमा बसेर घाँस काट्ने, गोबर फाल्ने, गोठालो जाने काम गरेर दिनहरू बिताइरहेकी थिईन् । उनले घरको काम गर्दै एस.एल.सी.सम्मको अध्ययन गरेकी भएपनि दिनानुदिन घरको काममा मात्रै व्यस्त हुने तर आम्दानीमा केही प्रगती नहुँदा उनलाई कतिन्जेल यो घाँस दाउरा मात्र बोक्ने बरू समयमा नै कुनै आम्दानी हुने व्यवसाय शुरू गरेर आत्मनिर्भर हुने सोंच बनाइन् । महिलाको लागि सजिलो र गाउँ शहरमा पनि सञ्चालन गर्न सकिने सिलाईकटाई सीप सिक्ने प्रण गरीन् र ढोडेनी बजारमा सिलाईकटाई तालिम लिइन् । तालिम पश्चात उनले कपडाहरू सिलाउँदै जान थालिन् । उनी कपडा सिलाउनमा विस्तारै विस्तारै निपुण हुन थालिन् ।



साथै उनले सहमति, ग्रामीण युवा विकास कार्यक्रमबाट छ महिने ब्युटीपार्लर तालिम पनि सिकिन् । दुवै विषयको तालिम लिएपछि दुवै व्यवसाय सञ्चालन गर्ने मानसिकताका साथ अगाडि बढ्ने तयारी गरिन् तर उनलाई आर्थिक अभाव पर्‍यो । तर आर्थिक स्रोत जुटाउनका लागि भने धेरै समस्या परेन किनकी नजिकै सहकारी संस्था भएकोले उनले सो संस्थाबाट ऋण लिएर पसल सञ्चालन गर्ने आँट गरी श्री मेलमिलाप बचत तथा ऋण सहकारी संस्था लिमिटेडमा निवेदन दिई ऋण लिने काम गरिन् । त्यस्तै सहमति, ग्रामीण युवा विकास कार्यक्रमले पनि व्यवसाय प्रबर्द्धन गर्नका लागि आंशिक आर्थिक सहयोग प्रदान गर्‍यो । उनले आर्थिक स्रोत जुटाएपछि ढोडेनी बजारमा कस्मेटिक पसल खोलिन् । पसल आरम्भ गरे पछि शुरूवातको समयमा थोरै थोरै व्यापार हुदै जाँदा गाउँमा प्रचार प्रसारले गर्दा अहिले मासिक पन्ध्र देखि बीस हजारसम्म आम्दानी गर्न सफल भईन् । उनले दुवै सीपलाई सदुपयोग गर्दै गाउँका कपडाहरू पनि सिलाउने, प्रशिक्षक भएर प्रशिक्षार्थीहरूलाई तालिम दिने काम गर्न थालिन् । उनको दुवै व्यवसाय (ब्युटीपार्लर तथा सिलाइकटाई) लाई संयुक्तरूपमा पसल सञ्चालन गरेकी छिन् । उनले मासिकरूपमा ५, ६ जना प्रशिक्षार्थीहरूलाई सिलाइकटाई सीप सिकाई रहेको कुरा बताउछिन् । उनको चार जनाको परिवारमा आम्दानीबाट केही बचत छुट्याएर मेलमिलाप बचत तथा ऋण सहकारी संस्थामा डिपोजिट गर्ने, बाँकी आम्दानीलाई बालबच्चा पठाउन, औषधी उपचार गर्न, घरखर्च गर्न जस्ता कार्यहरूमा खर्च गर्ने गरेको उनी बताउछिन् । पहिले घरमै घाँस दाउरामा सिमीत भएकी र दुई चार पैसाको लागि अरूसँग हात थाप्नु पर्ने बाध्यता थियो भने अहिले मासिक आम्दानीमा बृद्धि हुदै जाँदा सुखका दिनहरू आउदै गएको र आत्म सन्तुष्टि बढ्दै गएको कुरा आफ्नो अनुभव बताउँछिन् । उनी अहिले पसललाई अझ अगाडि बढाउन ब्युटीपार्लरमा डिप्लोमा गर्ने सोंच रहेको बताउँछिन् ।

अन्त्यमा ग्रामीण क्षेत्रमा आएर घरको काममा मात्र सीमित हुने महिलालाई सीपमूलक सम्बन्धी तालिम प्रदान गरेर सफल व्यवसायी बन्न सहयोग तथा हौसला दिने ग्रामीण युवा विकास कार्यक्रम प्रति आभारी भएको कुरा व्यक्त गर्छिन् । साथै आगामी दिनहरूमा पनि महिलाहरूलाई मिल्ने खालका अन्य सीपमूलक तालिमहरू सिकाएर आत्मनिर्भर हुने कार्यक्रम ल्याउन सके गाउँमा बस्ने सिधा सादा महिला दिदीबहिनीहरूलाई धेरै नै फाइदा पुग्ने थियो भन्नेकुरा विचार व्यक्त गरेकी छिन् ।

## गैससमा ........

तथा सम्बर्द्धनका लागि आर्थिक स्रोत जुटाउन समेत सफल भएको छ । कार्यक्रम सञ्चालनबाट पाएको महत्त्वपूर्ण उपलब्धिहरू तथा ग्रामीण युवा विकास कार्यक्रमबाट भएको यो सहयोगले संस्थालाई अगाडि बढाउन थप मद्यत पुगेको छ ।

अन्तमा रतनपुर गा.वि.स.का युवाहरूलाई संस्था मार्फत विभिन्न सामाजिक कामहरूमा अग्रसरता गराउन, युवाहरूको चेतनाको स्तरमा अभिवृद्धि तथा युवाहरूमा अनेकतामा एकताका साथ अगाडी बढाउनको लागि सहमति ग्रामीण युवा विकास कार्यक्रमबाट जुन किसिमको सहयोग प्राप्त भईरहेको छ, यस्ता प्रकारका सहयोगहरूको निरन्तरताका लागि अपेक्षा राख्दै संस्था तथा समग्र रतनपुरवासी युवाहरूको तर्फहरूबाट कार्यक्रमलाई धेरै धेरै धन्यवाद दिन चाहन्छु ।

## अहिले .......

युवाहरूलाई धेरै नै मद्यत पुर्‍याएको छ । कोही युवाहरू विदेशमा कुनै दुर्घटनामा परेमा त्यसको उद्धारका लागि सम्पर्क समन्वय गरेर कामहरू गर्ने तयारीमा समेत जुटेका छौं । त्यस्तै सूचना केन्द्रमा भएका पुस्तकहरूले युवाहरूलाई पढ्ने वातावरण समेत सृजना गरेको छ । त्यतिमात्र नभई सूचना केन्द्रलाई व्यवस्थापनमा सहयोग, सहकारीमा कम्प्युटर, सेफ बक्स, खातापाताहरू, फर्निचरहरू र नेफस्कुनमा आबद्धता लगायत प्रक्रियाहरूमा कार्यक्रमबाट भएको सहयोगले प्रबर्द्धन तर्फ उन्मुख हुन सहयोग मिलेको छ ।

यसरी संस्था प्रबर्द्धनमा पुर्‍याएको सहयोग प्रति सञ्चालक समिति तथा सम्पूर्ण शेयर सदस्यहरूको तर्फबाट आभार प्रकट गर्न चाहन्छौं ।

## व्यावसायिक बङ्गुरपालनले ल्याएको परिवर्तन

नवलपरासी जिल्लाको पहाडी गा.वि.स.रतनपुर –७, डोंडे स्थायीघर भएकी छलिमाया सोतीको जन्म वि.सं. २०३३ सालमा भएको हो । विकट पहाडी ठाउँमा घर भएको कारण परम्परागतरूपमा नै खेती किसानी, कुटो, कोदालो र गोठालो मै दिनचर्या बितेको थियो उनको । १० जनाको संयुक्त परिवारमा रहेकी उनी केही गरेर आम्दानीको स्रोत जुटाउन पाए हुने थियो भन्ने कुरा कल्पना गरिरहेकी थिइन् । श्रीमान् पनि



घरमै भएको र आम्दानीको स्रोतहरू नभएको कारणले उनी विकल्पको खोजी गरी व्यवसायकोरूपमा बङ्गुरपालन व्यवसायलाई अगाडि बढाउने उद्देश्यतय गरिन् । पहिले परम्परागतरूपमा एक दुई वटा बङ्गुर पालेकी भएपनि उनले आधससनिक तरिकाबाट व्यवसायलाई अगाडि बढाउने सोंच गरिन् । जिल्ला पशु सेवा कार्यालयबाट दिईएको व्यवसायिक बङ्गुरपालनको पाँच दिने तालिम लिए पश्चात उनी तीन वटा उन्नतजातका बङ्गुरहरू ल्याएर व्यवसाय शुरूवात गरिन् । दानापानी राम्रै पुर्‍याउन सकेको अवस्थामा व्यवसायिक बङ्गुरपालनबाट राम्रै आम्दानी हुने कुरा व्यक्त गरिन् । उनले व्यवसायबाट मासिक १२ देखी १५००० हजार सम्म आम्दानी गरेको बताउँछिन् । पहिले बाल बच्चा पढाउन ग्राह्रो भएको थियो । तर अहिले बङ्गुरपालन व्यवसाय गरे देखि आफ्नो जीवनस्तर सुध्रिदै गएको छ । विभिन्न अध्ययन अनुसन्धानबाट नयाँ नयाँ प्रविधिहरु आईरहने कारणले गर्दा सहमति ग्रामीण युवा विकास कार्यक्रमले आयोजना गरेको तीन दिने उद्यमशीलता विकास तालिम अन्तर्गत पशुपालन तालिम पनि लिइन् । अनि उक्त तालिमबाट व्यवसाय सञ्चालन गर्दा अपनाउनु पर्ने कुराहरू बारे जान्ने अवसर प्राप्त गर्न गरिन् । सोही तालिम लिए पछि उनले व्यवसाय सञ्चालन गर्दा लेखा जोखा गरेर यसलाई व्यवस्थित र सुधार गर्दै लगेकी छिन् ।

हाल उनले ६ वटा लोकल र तिनवटा उन्नत जातको गरी नौ वटा बङ्गुर पालेकी छिन् । उनले बङ्गुरपालन व्यवसायबाट वार्षिक एक देखि डेढ लाख सम्म आम्दानी गरेकी छन् । व्यवसाय बढाउनको लागि महिला मिलन बचत तथा ऋण सहकारी संस्था लिमिटेडबाट पनि सस्तो ब्याजदरमा ऋण लिएर सञ्चालन गरेकी छन् । उनले बङ्गुरबाट निस्केको

*(बाँकी ३० पेजमा)*

## आम्दानीको मुख्य स्रोत बाख्रापालन

रन बहादुर सिंजालीको नवलपरासी जिल्लाको रतनपुर गा.वि.स.–५, हुर्जिलमा सामान्य कृषक परिवारका जन्म भएको हो । परम्परागतरूपमा खेतीपाती गरी आफ्नो दैनिक गुजारा गर्दै आएका उनको घरमा १० जनाको परिवार रहेको छ । उनले शुरूमा परम्परागतरूपमा बाख्राहरु पाल्दै आएको भएपनि बाख्रापालन व्यवसायबाट खासै आम्दानी लिन सकिरहेका थिएनन् । भौगोलिक विकटता तथा सिंचाईको स्रोतको अभावका कारण पाखोबारीमा लगाईएको खेतीबाट आम्दानी लिन कठीन भईरहेको थियो । खेतीपाती तथा पशुपालनमा व्यवसायमा गर्नुपर्ने आधुनिक प्रविधिको बारेमा जानकारी नहुँदा व्यवसायप्रति नैराश्यता भएको थियो । यसैक्रममा कार्यक्रमले हाम्रो गाउँमा पशुपालन सम्बन्धी आधुनिक प्रविधिको बारेमा विभिन्न तालिम तथा भ्रमणबाट व्यवसाय प्रति रुचि बढ्दै गयो । कार्यक्रमले पशुपालन अगाडि बढाउन यस क्षेत्रका कृषकसदस्यहरुलाई समेटेर बाख्रापालन समूह दर्ता गर्ने, ब्याडे बोका ल्याएर समूहमा वितरण गरी



कृषकहरुमा बाख्राको विस्तारका लागि प्रबर्द्धन गर्दै गयो । तत्पश्चात् परम्परागत देखी गर्दै आएको पुरानो शैलीको बाख्रापालनलाई आधुनिक प्रविधि प्रयोग गरेर कृषकहरुले व्यावसायिकरूपमा पशुपालन व्यवसायलाई अगाडि बढाउन थाले ।

रन बहादुर भन्छन् म सँग शुरूमा २५ वटा बाख्रा भए पनि राम्रो आम्दानी थिएन । खोर सुधार, समूह दर्ता र ब्याडे बोकाको सहयोग जस्ता गतिविधिहरू कार्यक्रमबाट हुँदै गएपछि हाम्रो समूहमा पनि बाख्राको संख्यामा बृद्धि हुँदै गयो । म सँग हाल बाख्राको संख्या १०१ वटा बाख्राहरू रहेका छन् । बाख्रापालन व्यवसायबाट आजभोली राम्रो आम्दानी हुँदै गएको छ । मैले बाख्रापालन व्यवसायबाट वार्षिक डेढ लाख सम्म आम्दानी गर्ने गरेको छु । उनले प्राप्त आम्दानीबाट केही रूपैंया सहकारीमा बचत गर्ने गरेको र घरायसी खर्च, बालबच्चा पठाउने तथा औषधी उपचारमा खर्च गर्ने गरेका छन् । अहिले आफ्नो जीवनमा सुखको महशुस हुँदैं गएको तथा जीवन शैलीमा समेत सुधार आएको भनी बताउँछन् । उनी थप भन्छन् बाख्रापालन व्यवसाय शुरू गरेपछि विदेशमा गएर कमाउने बराबर पैसा स्वदेशमा नै आफ्नै गाउँ ठाउँमा कमाउन पाउँदा खुसी लागेको छ । दशैंको बेलामा तराईका ठाउँबाट बाख्रा खरीद गर्नको लागि मानिसहरू गाउँ गाउँमै आउने गरेकोले बजारको समस्या पनि नभएको बताउँछन् ।

उनको बाख्रापालन व्यवसायको आम्दानी देखेर केही युवाहरु पनि यस्तै खालको व्यवसायमा संलग्न हुदै आएका छन् । उनको सोंच यस्तै व्यवसाय गर्ने युवाहरुलाई एकिकृत गरेर सहकारी वा सञ्जालमा आवद्ध गराई व्यवसाय विस्तार गर्ने रहेको छ ।

# व्यावसायिकताले आत्मनिर्भर बनायो

बुलिङ्टार ९,भलायटार नवलपरासी जिल्लाको उत्तरी विकटपहाडी क्षेत्रमा पर्दछ । त्यही गाउँमा आजभन्दा एक्काईस बर्ष अगाडि जन्मेका दानकाजी विरकट्टाको जीवनशैली हेर्दा जो कोहीलाई पनि लोभ लाग्न सक्छ । किनकी उनले सोही गा.वि.स.स्थित बाँझगारामा काजी मोवाईल फोटो एण्ड फोटोकपी सेन्टर नामक पसल डेढ वर्ष देखि सञ्चालन गर्दै




पसलबाट मासिक ३०,००० भन्दा बढी आम्दानी गर्न सफल भएका छन् । उनले पन्ध्र हजार लगानीबाट शुरू गरेको पसल हाल तीन लाख भन्दा बढी लगानी भईसकेको बताउँछ । उनले व्यवसाय सञ्चालनका लागि शुरूको चरणमा सुनौलो बचत तथा ऋण सहकारी संस्था लिमिटेडबाट ऋण लिएको र अहिले ऋण तिरेर पसल आफ्नो बनाएको बताउँछन् । शुरूशुरूमा व्यवसायको प्रचारप्रसार नभएकाले आम्दानी त परै जाओस् दिन काट्न पनि कठिन भएको थियो तर अहिले आम्दानी पनि राम्रो भएको र दिनमा फुर्सद पाउन पनि निकै गाह्रो भएको बताउँछन् ।

उनले शिक्षालाई अगाडि बढाउन नसके पछि के गर्ने, कसो गर्ने भन्ने कुरामा अलपत्र परेका उनी विदेश तिर लम्कने सोंच गरिरहेका २१ वर्षे युवा सहमति, ग्रामीण युवा विकास कार्यक्रमको सहयोगमा नारायणघाटमा तीन महिने मोवाईल रिपेरिङ्ग तालिम पाए पछि आफूलाई अवसर चाहिएको बेलामा ढुंगा खोज्दा देउता मिले भैं को उखान मेरा लागि चरितार्थ भएको छ । उक्त तालिमबाट मोवाईल रिपेरिङ्ग सम्बन्धी ज्ञान प्राप्त भएपछि व्यवसाय सञ्चालन गरेको बताउँछन्। विरकट्टाले आफ्नो व्यवसायबाट भएको आम्दानीबाट व्यवसाय प्रबर्द्धनका लागि यातायातको साधनकोरूपमा एउटा मोटर साईकल किनेको बताउँछन् । हाल उहाँले सहकारी संस्थामा शेयर रकम ३,०००।- बराबर पुर्‍याएको, मासिक बचत १,०००।- गर्दै आईरहेको अब देखि रू.५,०००।- बराबरको बचत गर्ने योजना समेत रहेको बताउँछन् । आगामी दिनमा यस व्यवसायलाई थप लगानी गरी प्रबर्द्धन गर्दै लैजाने तथा अझै एडभान्सस्तरको तालिम लिई पसलमा आउने ग्राहकलाई छिटो छरितो र भरपर्दो सेवा दिई अझ गुणस्तरीय बनाउने भावी योजना रहेको विरकट्टा बताउँछन् । उनले सायद यो तालिम प्राप्त नभएको भए अरू गाउँघर युवा दाजुभाइहरू जस्तै आफूँ पनि खाडी मुलुकको ५० डिग्री तापक्रममा काम गर्नु पर्ने थियो या त गाउँघरमा नै हल्लिएर वा बरालिएर हिड्नु पर्ने हुन्थ्यो ।

अहिले स्वदेशमा व्यवसाय गर्दा आफ्ना गाउँघरमा रहेका सामाजिक क्षेत्रमा पनि कहिलेकाही सहयोग गर्न पाउँदा खुसी लाग्ने गरेको तथा आफू जस्ता अन्य युवा साथीहरूलाई केही तालिम लिई यहीं जुन कुनै व्यवसाय गरे पनि निरन्तरता दिन सकेमा व्यवसाय सफल हुने र आफ्नो जीवनलाई समेत समृद्धिको मार्गतिर अगाडि बढाउन सकिने कुरा उनले सुझाव दिने गर्छन् ।

संस्थाले मलाई अगाडि बढाउन गरेको सहयोग प्रति कृतज्ञ छु । भोलीका दिनहरुमा पनि अझ आधुनिक प्रविधिहरु सिक्ने अवसरमा सहयोग प्राप्त हुनेकुरामा आशावादी रहेको कुरा उनले बताउँछन्।

## व्यावसायिक ........

गोबर मललाई सदुपयोग गर्न गोबर ग्याँस प्लान्ट बनाएकी छिन् । खेर गएको मललाई सदुपयोग गरी घरायसी खर्चमा प्रयोग गरेकी छिन् । यस्तो कार्यले घरायसी प्रयोजनको लागि बजारबाट ग्याँस ल्याउनु नपर्ने र ग्याँसमा खर्च गर्नुपर्ने पैसाको बचत भएको कुरा बताइन् ।

आगामी दिनमा उनले बङ्गुरपालन फर्म दर्ता गरी अझ धेरै उन्नत बङ्गुरहरू थप गरेर पाल्ने सोंच गरेकी छिन् । त्यसको लागि सहमति संस्थाले प्रविधि विस्तारमा सहयोग गरिदिएमा अगाडि बढ्न सहज हुने कुरा बताउँछीन् । त्यस्तै बङ्गुरपालन सम्बन्धी तालिम बेलाबेलामा लिन पाएमा अझ व्यवसायलाई व्यवस्थित र सफल बनाउन सकिने कुरा बताउँछिन् । महिलाहरूले पनि आँट गरेमा सफलरूपमा व्यवसाय सञ्चालन गर्न सकिने कुरा व्यक्त गर्दै अन्य दिदीबहिनीहरूलाई पनि व्यवसायिकरूपमा नै अगाडि बढ्न अनुरोध गरिन् । अवसरले आफुलाई खोज्दैन, आफुले नै अवसर खोज्नु पर्छ भन्छिन्, उनी ।

## प्राविधिक .....

तरकारी खेती तथा बाख्रापालनबाट आम्दानी हुन्छ भन्ने कुराहरू आफूले नसोचेको तर पछि संस्थाबाट भएको सहयोगबाट मेरो प्रगति हुदै गएको कुरा बताउनु हुन्छ । अहिले उहाँको बारीमा तिते करेला, लौका, घिरौंला आदि देखिन्छ भने बाँकी दुई रोपनी क्षेत्रफलमा काउली, बन्दा, मुला, गाजर जातका तरकारीहरू लगाउने तयारी गरिरहनु भएको छ । अवका दिनमा अझ व्यवस्थितरूपमा आफ्नो व्यवसायलाई निरन्तरता दिई आफ्नो गाउँमा दलदले बजारदेखि आउने तरकारीलाई रोकी आफ्नै गाउँमा उत्पादनमा बृद्धि गरेर पुर्‍याउने पुलामी आफ्नो योजना समेत रहेको छ । उनले अन्य किसानहरूलाई समेत एकल प्रयासले मात्र यो सम्भव हुँदैन सबैले साथ दिएमा पक्कै पनि सफल हुन सकिन्छ । उहा भन्नुहुन्छ, किसान पेशा भनेको अन्य पेशा जस्तो नभएर अलि बढी मेहनत गर्नुपर्ने भएकाले युवाहरूको चासो कम भएको पाएको छु ।

# ग्रामीण युवा विकास कार्यक्रमसँग सम्बन्धित केही झलकहरू



कृषि वैज्ञानिक श्री शिशिर कुमार पारिजाले लिजा सम्बन्धी तालिम दिनेक्रममा विउको छनौट गर्ने तरिका सिकाउदै,गैंडाकोट-३, कराँदिप ।



गैंडाकोट-३, जगन्नाथमा किसानहरूले लिजा तालिमको दौरानमा प्राङ्गारिक मल तथा विषादी बनाउने तरिका सिक्दै ।



दमार केरा खेती समूहका सदस्य उद्यमशिलता विकास तालिम पश्चात भेंडावारीको हाट बजारमा केराबाट निर्मित चिप्स, म:म, पकौडा आदि बनाई बेच्दै । रतनपुर-१, दमार ।



डाँडाझेरी-४, बरिमलका किसान टिकाराम गरञ्जा आफ्नो बारीमा उत्पादीत अदुवा, बजारका लागि सुठी बनाउँदै ।



कोटथर-५, थाँमवेंशी स्थित देवचुली साकोसमा शेयर सदस्यहरु बचत गर्दै ।



गैंडाकोट-३, कराँदीपका सक्रिय सहभागी कृषक समूहका सदस्यहरूले सिंचाईका लागि पानीको पोखरी निर्माण गर्दै ।



रतनपुर-३, भतेरीका भूकम्प प्रभावित जुठे थापा आफ्नो भूकम्पले भत्काएको घर देखाउँदै ।



भूकम्प प्रभावित सदस्यहरुलाई सुरक्षित अस्थाइ टहरा निर्माणका लागि अभिमूखिकरण, कोटथर-५, थामवेंशी ।



बुलिङ्टार -४, भलायटारका भूकम्प प्रभावितले कार्यक्रमले सहयोग गरेको सामग्रीहरु प्रयोग गरी बनाउँदै गरेको ।



सिलाईकटाई तालिम पश्चात् व्यवसायमा संलग्न कुमारी थापा गैंडाकोट-३, केलादी ।



बुलिङ्टार-५, बाँझगराका दानकाजी विरकट्टा ३ महिने मेवाइल मर्मत तालिम पश्चात व्यापार गर्दै ।



व्युटिशियन तालिम पश्चात् स्मृति मोग्मी आफ्नै व्यवसायमा संलग्न, गैंडाकोट-३, ढोडेनी ।

# ग्रामीण युवा विकास कार्यक्रमसँग सम्बन्धित केही झलकहरू



स्थानीय गैसस पदाधिकारीहरू तथा कर्मचारीहरू प्रस्तावना लेखन तालिममा सहभागी ।



सहभागितात्मक लेखा व्यवस्थापन तालिममा मेलमिलाप साकोसका पदाधिकारीहरू हिसाब किताब गर्दै ।



सक्रिय सहभागी कृषक समूहका सदस्य श्री हर्क बहादुर गुरुङले गरेको व्यवसायिक तरकारी खेती ।



रतनपुर-१, दमारमा लगाईएको व्यवसायिक केरा खेतीको अवलोकन गर्दै ।



दमार केरा खेती समूहका अध्यक्ष खगिराम केङ्रेङ्गले उत्पादन गरेको केरा बिक्रीका लागि कोसा गन्दै ।



रतनपुर -७, रतनपुरका कृषक भजविर गन्दर्माले लगाएको व्यवसायिक खुर्सानी खेती ।




झेरीखण्डे जैविक कृषि उत्पादन समूहद्वारा प्रवर्द्धन गरिएको प्रङ्गारिक पसल







युवा, आप्रवाशन तथा प्राङ्गारिक खेती सम्बन्धी केही सूचनामूलक प्रकाशनहरू ।




प्रेषक

सहमति

ग्रामीण युवा विकास कार्यक्रम

गैंडाकोट, -५ नवलपरासी

फोन नं. : ०५६-५०२०९०

E-mail: sahamati@wlink.com.np

rdp@sahamati.org

Website : www.sahamati.org

प्रापक

टिकट